# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना - २०७९




## जिल्ला विपद् व्यवस्थापन समिति
## कास्की

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना – २०७९




## जिल्ला विपद् व्यवस्थापन समिति
## कास्की

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ (अद्यावधिक)

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८,

<u>**अद्यावधिक**</u>

- *२०७१ पहिलो*
- *२०७३ दोस्रो*
- *२०७४ तेस्रो*
- *२०७६ चौथो*
- *२०७७ पाँचौ*
- *२०७८ छैटौं*
- *२०७९ सातौं*

**प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति, कास्की**

**प्रकाशन मिति : २०७९ आषाढ**

**प्रकाशन प्रति : Electronic / Website**

**आवरण तस्विर : विपद चक्र**

सर्वाधिकार सुरक्षित : जिल्ला विपद् व्यवस्थापन समिति, कास्की

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

पत्र संख्या :०७९/०८०

## शुभकामना

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधरणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति प्राकृतिक तथा सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुरुप जिल्ला विपद् व्यवस्थापन समितिले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तयार गरी प्रकाशनमा ल्याइएको छ ।

नेपाल भू-कम्पीय जोखिमको हिसाबले ११ औ, र पानीजन्य प्रकोपबाट हुने क्षतिको हिसाबले ३० औ र जलबायु परिवर्तनको जोखिमका हिसाबले चौथो स्थानमा पर्ने तथ्याङ्क रहेको छ । नेपालको कमजोर भू-धरातलीय स्वरुप, अवैज्ञानिक विकास निर्माण, अव्यवस्थित शहरीकरण, बन जंगलको विनाश एवम् प्राकृतिक श्रोतसाधनको अनपेक्षित दोहनबाट हरेक बर्ष अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि, बाढी, पहिरो, डुबान, कटान, आगजनी, खडेरी, शीतलहर, चट्याङ्ग, महामारी, भू-कम्प, सडक दुर्घटना जस्ता विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाहरुको सामना गरिरहनु परेको छ । विपद्का घटनाका कारण नेपालमा वर्षेनी सयौं मानिसहरुको मृत्यु हुने र हजारौं मानिसहरु घरबार बिहिन तथा बेपत्ता हुने गरेका छन । कास्की जिल्लामा पनि हरेक बर्ष प्राकृतिक एवम् गैरप्राकैतिक विपद्का घटनाहरुबाट मानवीय, भौतिक, पशुचौपाय, सामाजिक तथा सास्कृतिक क्षति भईरहेको छ । नेपाल सरकारले विपद् जोखिम न्यूनिकरणलाई प्रभावकारी बनाउन संघ, प्रदेश, स्थानीय तह र समुदायस्तर सम्म नीति, कानून, संस्थागत संरचना, स्रोतसाधन र जनशक्ति परिचालन लगायतको व्यवस्था गरेको छ । सोही अनुरुप जिल्लास्तरमा सम्भाव्य विपद्जन्य घटनाहरुबाट हुनसक्ने क्षती र सोको न्यूनिकरण एवम् प्रतिकार्यका लागि विपद्को अवस्था, प्रकृति, स्वरुप एवम् जोखिम विश्लेषण , आवश्यक जनशक्ति तथा श्रोतसाधन व्यवस्थापन र सरोकारवाला निकायको समन्वय र सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने कार्यले २०६८ साल यता निरन्तरता पाउँदै आएको छ । जिल्ला भित्रका स्थानीय तहहरु, सरकारी तथा गैरसरकारी संघ संस्था, निजी क्षेत्र, नागरिक समाज र सञ्चार माध्यमहरुले आ-आफ्नो क्षेत्रबाट गर्ने क्रियाशिलता र साथ सहयोगबाट नै विपद् र विपद्को जोखिमसँग सामना गर्न सहज हुँदै आएको छ । यस्ता क्षेत्र / निकायहरु बीच प्रभावकारी समन्वय र सहकार्य गरी विपद् जोखिम न्यूनिकरण गर्ने कार्यलाई थप व्यवस्थित, प्रभावकारी र जिम्मेवारीपूर्ण बनाउन विपद् व्यवस्थापन चक्र अन्तरगत विपद् पूर्वको तयारी र योजनाले समग्र चक्रलाई नै प्रभाव पार्ने हुँदा विपद्बाट हुने सबै प्रकारका क्षतिलाई तुलनात्मक रुपमा कम गर्न सक्ने तथ्यलाई योजावद्ध ढंगबाट प्रस्तुत गरिएको यस प्रतिकार्य योजना विपद् जोखिम न्यनिकरणको क्षेत्रमा सम्पूर्ण सरोकारवाला निकायहरुलाई मार्गदर्शक बन्ने छ भन्ने विश्वास लिएको छु ।

जनचेतना अभिवृद्धि, विपद् सम्बन्धी सुचना आदनप्रदान, समन्वय र सहकार्यलाई योजनाबद्ध बनाई विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यस प्रतिकार्य योजना अनुरुप सबै सरोकारवाला एवम् अगुवा निकायहरुले विपद्बाट हुने जोखिम न्यूनिकरणका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण, जनशक्ति एवम् श्रोतसाधनको व्यवस्थापन गरी तयारी अवस्थामा रहन आवश्यक देखिन्छ । यो योजना अद्यावधिक गर्ने क्रममा महत्वपूर्ण जिम्मेवारी बहन गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दछु । योजनाको प्रभावकारी कार्यान्वयन गर्न जिल्ला भित्रका सम्पूर्ण सरोकारवालाहरुबाट साथ सहयोगको अपेक्षा गरेको छु । साथै योजना तर्जुमा कार्यमा संलग्न आफ्नो अमूल्य सल्लाह सुझाव दिनुहुने जिल्ला विपद् व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारी एवम् प्रतिकार्य योजना तयारी कार्यदलका सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यबाद !!**

(जयनारायण आचार्य)
प्रमुख जिल्ला अधिकारी
एवम्
अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति, कास्की

मिति : २०७९ श्रावण २१ गते आइतबार

सम्पर्क नं : ०६१ ४६१७६४ इमेल daokaski@moha.gov.np / daokaski@gmail.com वेभ साईट www.daokaski.moha.gov.np

| **संक्षिप्त रुप** | |
|---|---|
| **अ.ने.शि.सं.** | अखिल नेपाल शिक्षक संघ |
| **उ.प्र.** | उप प्रमुख |
| **उ.म.न.पा** | उप महानगरपालिका |
| **का.प्र.** | कार्यालय प्रमुख |
| **गा.वि.स** | गाउँ विकास समिति |
| **गा.पा.** | गाउँपालिका |
| **गै.स.सं.** | गैर सरकारी संस्था |
| **ज.स्वा.नि.** | जन स्वास्थ्य निरीक्षक |
| **जि.प्र.का.** | जिल्ला प्रशासन कार्यालय÷जिल्ला प्रहारी कार्यालय |
| **ने.रा.शि.सं.** | नेपाल राष्ट्रिय शिक्षक संघ |
| **नेपाल रेडक्रस सोसाइटी** | नेपाल रेडक्रस सोसाइटी |
| **ने.शि.सं** | नेपाल शिक्षक संघ |
| **पो.उ.वा.सं** | पोखरा उद्योग वाणिज्य संघ |
| **पो.म.न.पा.** | पोखरा महानगरपालिका |
| **प्र.ना.उ.** | प्रहरी नायव उपरीक्षक |
| **प्र.अ.** | प्रमुख अधिकृत /प्रसारण अधिकृत /प्रशासकीय अधिकृत |
| **प्र.अ.अ.** | प्रमुख अनुसन्धान अधिकृत |
| **प्र.जि.अ.** | प्रमुख जिल्ला अधिकारी |
| **प्र.ना.नि.** | प्रहरी नायव निरीक्षक |
| **प्रा.अ.** | प्राविधिक अधिकृत |
| **म.न.पा** | महानगरपालिका |
| **वि.व्य.स.** | विद्यालय व्यवस्थापन समिति |
| **लि.** | लिमिटेड |
| **स.व.अ.** | सहायक वन अधिकृत |
| **स.प्र.जि.अ.** | सहायक प्रमुख जिल्ला अधिकारी |
| **स.भु.सं.अ.** | सहायक भू–संरक्षण अधिकृत |
| **स.प्र.ब.प्र.का** | सशस्त्र प्रहरी बल प्रहरी कार्यालय |
| **सा.वि.प्र.** | सामाजिक विभाग प्रमुख |
| **सा.अ.के.** | सामुदायिक अध्ययन केन्द्र |

## Abbreviation

| | |
|---|---|
| AHTCS | Animal Health Training and Consultancy Service |
| BDRC | Building Disaster Resilient Communities |
| CADRE | Community Action For Disaster Response |
| CBRS | Community Based Rehabilitation Service |
| CCMC | Covid-१९ Crisis Managemnet Centre |
| CRRT | Continuous Renal Replacement Therapy |
| CSG | Community Support Group |
| CTEVT | Council for Technical Education and Vocational Training |
| CWES | Child and Women Empowerment Society Nepal |
| CWIN | Child Workers in Nepal |
| CSG | Community Support Group |
| DCMC | District Covid-१९ Management Centre |
| DDMC | District Disaster Management Committee |
| DDRC | District Disaster Relief committee |
| DEOC | District Emergency Operation Centre |
| DHO | District Health Office |
| DPRP | Disaster Preparedness Response Plan |
| DRR | Disaster Risk Reduction |
| D-WASH-CC | District Water Supply and Sanitation Hygiene Coordination Committee |
| GONESA | Good Neighbour Service Association |
| HART | Himalayan Animal Rescue Trust |
| HISSAN | Higher Secondary School Association, Nepal |
| ICIMOD | International Centre for Integrated Mountain Development |
| IEC | Information, Education, and Communication |
| MIRA | Multi Cluster Initial Rapid Assessment |
| MSFP | Multi Stakeholder Forestry Programme |
| NAPN | Nat Association of People Living with HIV/AIDS in Nepal |
| NESDO | National Education and Social Development Organization |
| NGO / INGO | National Government Organization / international government Organization |
| N-PABSON | National Private and Boarding Schools Association Nepal |
| NRCS | Nepal Red Cross Society |
| NUA | Net Useable Area |
| OBM | Original Brand Manufacturer (OBM boat) |
| PABSON | Private and Boarding Schools' Organization, Nepal |
| RRT | Registered Respiratory Therapist |
| RDT | Rapid Development Team |
| UN-BCPR | United Nation Bureau for Crisis Prevention and Recovery |
| UNEP | United Nation Environment Programme |
| V-WASH-CC | Village Water Supply and Sanitation Hygiene Coordination Committee |
| VCA | Vulnerability and Cpacity Sssessment |
| WASH | Water Supply and Sanitation Hygiene |

# विषयसूची

**परिच्छेद १ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ परिचय** ........ ९

**१.१.जिल्लाको सक्षिप्त परिचय** ........ ९

१.२.कास्की जिल्लाका स्थानीय तहहरुको सक्षिप्त परिचय ........ १०

**परिच्छेद २ उद्देश्य तथा आवश्यकता** ........ १५

२.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ का उद्देश्यहरु ........ १५

२.२.योजना तर्जुमा विधि तथा प्रक्रिया ........ १५

२.३.अपेक्षित नतिजा ........ १६

२.४.विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू ........ १६

२.५.पूर्वतयारीका लागि सामान्य मान्यताहरू ........ १६

२.६.योजनाको सीमितता ........ १७

२.७.विपद् ब्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि भएका मौजुदा कानूनी तथा संस्थागत व्यवस्था : ........ १७

**परिच्छेद ३ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना** ........ २१

३.१. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा ........ २१

३.२.प्रकोप तथा जोखिम विश्लेषण ........ २१

३.३.क्षमता विश्लेषण तथा खाडल पहिचान : ........ २५

३.४.निकायगत भूमिका तथा जिम्मेवारी ........ २६

३.५.विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण ........ २८

**परिच्छेद-४ विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना** ........ ३३

४.१.विषयगत क्षेत्र : आपतकालिन सूचना र खोज तथा उद्दारमा समन्वय ........ ३३

४.२.विषयगत क्षेत्र : आपतकालिन खोज तथा उद्दार ........ ३७

४.३.विषयगत क्षेत्र - आपतकालिन आवास तथा गैर खाद्य ........ ४१

४.४.विषयगत क्षेत्र: खाद्य कृषि तथा जीविकोपार्जन ........ ४६

४.५.विषयगत क्षेत्र : सहयोग सामग्री तथा राहत वितरण ........ ४९

४.६.विषयगत क्षेत्र- खानेपानी तथा सरसफाई ........ ५१

४.७.विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण (Health and Nutrition) ........ ५६

४.८.विषयगत क्षेत्रः संरक्षण ........ ६१

४.९.विषयगत क्षेत्र : शिक्षा ........ ६६

४.१०.विषयगत क्षेत्र : पशु स्वास्थ्य ........ ७१

**परिच्छेद ५ योजना कार्यान्वयन, पुनरावलोकन तथा अभिलेखिकरण ........ ७४**

५.१.कार्यान्वयन तथा पुनरावलोकन रणनीति ........ ७४

५.२.प्रतिवेदन तथा अभिलेखन ........ ७५

अनुसूची १ कास्की जिल्लामा विभिन्न संस्थाहरूसँग भएका उद्धार सामग्रीहरूको विवरण ........ ७६

अनुसूची २ जिल्ला स्थित संघीय कार्यालयहरुको कार्यालय प्रमुख र सूचना अधिकारीको नामावली र सम्पर्क विवरण ........ ८३

अनुसुची ३ जिल्ला स्थित राजनीतिक दलका प्रमुखहरुको नाम र सम्पर्क नम्बर ........ ८६

अनुसुची ४ जिल्ला समन्वय समिति कास्कीका पदाधिकारीको नाम तथा सम्पर्क ........ ८६

अनुसुची ५ पोखरा महानगरपालिका नगर प्रमुख/उप-प्रमुख एवं वडा अध्यक्षज्यूहरुको नाम र सम्पर्क नं. ........ ८७

अनुसुची ६ गाउँपालिकाको प्रमुख/उप–प्रमुख वडाध्यक्षहरुको नाम र सम्पर्क नं. ........ ८९

अनुसुची ७ कास्की जिल्लाको सुरक्षा समितिको विवरण ........ ९२

अनुसुची ८ कास्की जिल्लामा रहेका सुरक्षा निकायहरुको विवरण ........ ९२

अनुसुची ९ सञ्चार माध्यमहरु ........ ९३

अनुसुची १० विपद्को समयमा उपयोगमा ल्याउन सकिने कास्की जिल्लाका विभिन्न स्थानहरूमा भएका हेलिप्याडहरूको विवरण ........ ९४

अनुसूची ११ नेपाल रेडक्रस सोसाइटी, कास्की, उपशाखा एवं सभापतिहरुको नाम, थर ठेगाना र सम्पर्क ........ ९५

अनुसूची १२ पालिकास्तरीय विपद् द्रुत सर्वेक्षण प्रतिवेदन फाराम ........ ९६

अनुसूची १३ कास्की जिल्लामा हुनसक्ने सम्भावित बाढी / पैरो जोखिम स्थलहरुको विवरण ........ ९७

# परिच्छेद १

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ परिचय

## १.१. जिल्लाको संक्षिप्त परिचय

कास्की जिल्ला नेपालको संघीय संरचना अनुसार गण्डकी प्रदेश अन्तर्गतको एक रमणीय पर्यटकीय जिल्ला हो । यो जिल्ला अन्नपूर्ण हिम श्रृङ्खला तथा माछापुच्छ्रे हिमालको काखमा रहेको छ । भौगोलिक, साँस्कृतिक एवं वातावरणीय विविधताको कारण यस जिल्ला अनुपम पर्यटकीय केन्द्रको रुपमा विश्वमा प्रसिद्ध छ । यो जिल्ला क्षेत्रफल तथा जनसंख्याको आधारमा ७७ जिल्लाहरुमध्ये क्रमश: सत्ताइसौं र उन्नाइसौं स्थानमा रहेको छ । नेपालकै सुन्दर र सफा नगरको रुपमा परिचित पोखरा महानगरपालिका अन्तर्गतको पोखरा शहर यस जिल्लाको सदरमुकाम हो । आ.ब. २०७२/०७३ मा पूर्ण साक्षर जिल्ला घोषणा भएको थियो । नेपालको राजधानी काठमाडौं देखि करिब २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला प्राकृतिक रूपले अत्यन्त मनोरम स्थान हो ।

**जिल्लाको नामाकरण**

कास्की जिल्लाको नामाकरणका सम्वन्धमा कश्यप ऋषिको तपोभूमी रहेको यस ठाउँलाई "काश्यपकुट्ट" शब्द दिइएको र तहाँ "कास्यप सहिता" नामक अमुल्य आयुर्वेदिक ग्रन्थमा "काश्यपकुट्ट" शब्द खिईदै अपभ्रंस भई कास्यपबाट "कास्की" बनेको किंवदन्ति एकातर्फ छ भने अर्कोतर्फ प्राकृतिक खनिज स्रोतको भण्डारलाई "काष" र त्यसबाट "काषकी" हुदै कास्की रहन गएको कथन पनि छ । त्यस्तै सोह्रौं शताब्दिमा राजा कुलमण्डन शाहबाट शासित यो राज्य वि. सं. १८४२ जेष्ठमा राजा सिद्ध नारायण शाहको राज्यकालमा नेपाल एकीकरणमा गाभिएको पाइन्छ । जिल्लाको मध्यभागमा रहेको **कास्कीडाँडा** र **कास्कीकोट**बाट नै **कास्की** जिल्ला नाम रहन गएको कुरा नेपाल एकीकरणको सन्दर्भमा निकै प्रचलित शब्द "त्रिशक्ति" मध्येको एउटा राज्य कास्की भएबाट यो भाग ऐतिहासिक भएको पुष्ट्याईं मिल्दछ । भाषाविदहरूका आधारमा गुरूङ्ग तमु भाषामा "कास" भन्नाले कछाड र "शिव" भन्नाले लगाउने अर्थात "कास शिव" कछाड लगाउनेहरू बस्ने ठाउँ शब्दबाट खिइँदै कास्कीको नामाकरण हुन गएको कुरा गुरूङ्ग भाषाविदहरूको भनाई रहेको पाइन्छ । तर ठोस आधार र तर्कहरूको आधारमा प्रमाणिकरण भने हुन सकेको छैन ।

**जिल्लाको भौगोलिक अवस्था**

विश्व मानचित्रमा यस जिल्लाको अवस्थिति २८ ̊०६" उत्तरी अक्षांशदेखि २८ ̊३६" उत्तरी अक्षांशसम्म र ८३°४०" पूर्व देशान्तरदेखि ८४°१२" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको सिमानामा पूर्वमा तनहुँ र लमजुङ, पश्चिममा पर्वत र म्याग्दी, उत्तरमा मनाङ्ग र मुस्ताङ, दक्षिणमा स्याङ्जा जिल्ला पर्दछन् । यस जिल्लाको कुल क्षेत्रफल २,०१,७०० हेक्टर रहेको छ । यो जिल्लाको आकार वृत्ताकार छ भने फैलाबट करिब ७० किलोमिटरको हवाइ दूरीमा पूर्व–पश्चिम एवं उत्तर–दक्षिण फैलिएको छ । समुद्र सतहदेखि मादी नदीको किनारमा करिब ४५० मिटर होचो भाग देखि सेती नदीको कोत्रे स्थित गल्छी करिब ५५० मिटर र मोदी नदीको विरेठाँटी नजिक लगभग ९५० मिटर उचाइमा अवस्थित छन् । उत्तरको अग्लो अन्नपूर्ण हिमश्रृङ्खला सधै हिउँले ढाकी रहन्छ र ७,००० मिटरभन्दा बढी उचाइका ११ वटा विभिन्न हिमशिखरहरू छन् । यी मध्ये अन्नपूर्ण प्रथम (८,०९१) मिटर यसै जिल्लाको उत्तर-पश्चिम सिमानामा पर्छ भने अति मनमोहक कुमारी चुचुरा भर्जिन पिक माछापुच्छ्रे हिमाल (६,९९३ मिटर) जिल्लाको उत्तरी मध्य-भागमा पर्दछ । उत्तर तर्फको मनमोहक हिमाच्छादित श्रृङ्खला, सेती नदीको गहिरो गल्छी, उपत्यका र ताल-तलैया यस जिल्लाका आभूषण हुन् ।

**जिल्लाको जनसंख्या**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यस जिल्लाको जनसंख्या ५,९९,५०४ (३,०६,७४० महिला र २,९२,७६४ पुरुष) रहेको छ । यस जिल्लामा ब्राह्मण, क्षेत्री, गुरुङ, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार, मिजार आदि जातका मानिसहरु मुख्य रुपमा बसोबास गर्दछन् ।

## १.२. कास्की जिल्लाका स्थानीय तहहरुको संक्षिप्त परिचय

संघीय संरचना अनुसारको पुर्नसंरचना हुँदा यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका तथा माछापुच्छ्रे, अन्नपूर्ण, मादी र रुपा गाँउपालिकाहरु सहितको पाँच स्थानीय तहहरु कायम भएका छन्।

### १.२.१ पोखरा महानगरपालिका

**क. परिचय**

वि सं २०५२ माघ १८ गते उपमहानगरपालिका घोषित पोखरालाई सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वि.सं २०७३ फाल्गुन २७ गतेको निर्णयानुसार महानगरपालिका घोषणा गरेको हो । यस महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि. मी. रहेको छ भने कुल जनसङ्ख्या ४,१४,१४१ रहेको छ । महानगरपालिकाको केन्द्र साबिक पोखरा उपमहानगरपालिकाको कार्यालय रहेको स्थान पोखरा -९, न्यूरोड स्थित कार्यालयमै रहेको छ । पोखरा महानगरपालिका साविकका पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तमागीको (३,९) वडाहरू, कास्कीकोट, माझठानाको (१,४,९) वडाहरू कालिकाको (१,५) वडाहरू र पुरन्चौर गाउँ विकास समिति मिलि कुल ३३ वटा वडामा विभाजित छ । पोखरा महानगरपालिकाको सिमानामा पूर्वी तर्फ रुपा गाँपालिका र तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला रहेका छ । उत्तरी सिमानामा माछापुच्छ्रे गाउँपालिका र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला रहेका छन् ।

क्षेत्रफलको हिसावले सबैभन्दा ठूलो पोखरा महानगरपालिका एक पर्यटकीय नगरिको रुपमा परिचित छ । यस महानगरपालिका भित्र रहेका फेवा ताल, महेन्द्र गुफा, पातले छाँगो, सराङकोट जस्ता प्राकृतिक सम्पदाहरु रहेका छन् । जसले जिल्लाको सौन्दर्यता र पहिचान बढाएको छ । कास्की जिल्लाको सदरमुकाम र गण्डकी प्रदेशको राजधानी समेत रहेको पोखरा महानगरपालिका प्रशासनिक दृष्टिकोणले पनि महत्व बोकेको शहर हो । पोखरा प्राकृतिक छटाले भरिपूर्ण पर्यटकीय शहर भएकोले विश्वका विभिन्न मुलुकहरुबाट तथा आन्तरिक पर्यटकहरु आउने गरेको पाईन्छ ।

**ख. मुख्य विपदहरु**

यस महानगरपालिकामा पर्ने विपदहरु बाढीपहिरो, आगोजनी, भूकम्प, सडक दुर्घटना, तालमा डुब्नु, चट्याङ, हावाहुरी, जमिन भास्सिनु आदि हुन ।

### १.२.२ रुपा गाउँपालिका

**क. परिचय**

कास्की जिल्लामा गठन भएका पाँच स्थानीय तह मध्ये क्षेत्रफल तथा जनसंख्याको हिसाबले यो सबैभन्दा सानो स्थानीय तह हो । यस गाँउपालिका अन्तर्गत साविकका थुम्की, सिद्ध, देउराली, रुपाकोट गा.वि.स हरुको सबै र साविक हंसपुर गा.वि स.का (वडा नं. ५ र ८ बाहेकका) भु-भाग समेटेको कास्कीको दक्षिण पूर्वी भागमा अवस्थित छ । यस गाँउपालिका भैगोलिक विविधतामा एकता कायम रहेको, प्रकृतिक हिसाबले सुन्दर र विकासका अनेक सम्भावनाहरु भएको गाउँपालिका हो । यस लेखमा यहाँको अवस्था र विकासका लागि गाँउपालिकाबाट भएका प्रयासहरुलाइ अत्यन्त छोटो रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

यस गाँउपालिका उत्तरमा कास्की जिल्लाको मादी गाँउपालिका पश्चिममा पोखरा महानगरपालिका दक्षिणमा तनहु जिल्लाका व्यास र शुक्लागण्डकी नगरपालिका तथा पूर्वमा लमजुड जिल्लाको मध्यनेपाल नगरपालिकाको विचमा अवस्थित छ । जम्मा क्षेत्रफल ९४.८१ वर्ग कि मि भएको यस गाँउपालिकामा अधिकांश भूभाग वन र पाखाहरु छन् भने केही फाट र टारहरु पनि रहेका छन् ।

**ख. मुख्य प्रकोपहरुले निम्त्याउने विपदहरु**

यस रुपा गाउँपालिकामा पर्ने विपदहरु बाढीपहिरो, आगोलागि, भूकम्प, चट्याङ, हावाहुरी, सडक दुर्घटना, असिना आदि हुन ।

**१.२.३ मादि गाउँपालिका**

**क. परिचय**

कास्की जिल्लाको उत्तर पूर्वमा अबस्थित मादी गाउँपालिका साविकका नामार्जुङ, पार्चे, सिल्दजुरे, थुमाकोडांडा, भाचोक, मिजुरेडाँडा, सैमराङ, कालिका ६–९ वडाहरु, माझठाना २ र ३, हंसपुर गाविसका ५ र ८ समेटी १२ वटा वडाहरु कायम हुने गरि नेपाल सरकारले मिति २०७३ फाल्गुण २७ गते नेपाल राजपत्रमा प्रकाशन गरी आधिकारिक रुपमा मादी गाउँपालिका घोषणा गरिएको हो । यो गाउँपालिका उत्तर तर्फको प्रसिद्ध अन्नपूर्ण हिमश्रृंखलाको काखमा अबस्थित छ । अन्नपूर्ण दोस्रो र चौथो हिमालको दक्षिणी ढालबाट उत्पत्ति भएको सप्तगण्डकी नदीको सहायक नदीको रुपमा रहे को मादी नदी यस गाउँपालिकाको समृद्धिको प्रमुख आधार रहेकाले यसै नदीको नामबाट मादी गाउँपालिका नाम र हन गएको हो । वि.सं. २०३२ अगाडि हाल मादी गाउँपालिकाका मादी नदी पूर्वका बरालडांडा गाँउबाहेक सबै भाग लमजुङ जिल्ला अन्तर्गत रहेका थिए ।

**ख. मुख्य विपदहरु**

यस मादी गाउँपालिकामा पर्ने विपदहरु बाढीपहिरो, आगोलागि, भूकम्प, चट्याङ, हावाहुरी, सडक दुर्घटना, असिना आदि हुन ।

**१.२.४ माछापुच्छ्रे गाउँपालिका**

**क. परिचय**

नेपाल सरकारको स्थानीय तह गठन आदेश, २०७३ बमोजिम कास्की जिल्लामा गठन भएका पाँच स्थानीय तह मध्ये यो तेस्रो ठुलो स्थानीय तह हो । यस माछापुच्छ्रे गाउँपालिका समुद्र सतहबाट न्यूनतम १०२६ मिटर उचाइ देखि अधिकतम माछापुच्छ्रे हिमाल ६९९८ मिटर उचाइ सम्म उत्तर–दक्षिण फैलिएर रहेको छ । माछापुच्छ्रे र अन्नपूर्ण हिमालको दक्षिणी काखमा अवस्थित प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस गाउँपालिकाको अधिकांश स्थानबाट मनोरम हिमशृङ्खला तथा हरिया पहाडहरूको दृश्यावलोकन गर्न सकिन्छ। माछापुच्छ्रे हिमाल यसै गाउँपालिकामा रहेकाले यस गा.पा. को नाम माछापुच्छ्रे गाउँपालिका रहेको हो। कूल क्षेत्रफल ५४४.५८ वर्ग कि.मि. रहेको यस गाउँपालिका विश्व मानचित्रमा ८३ डिग्री ४३' देखि ८३ डिग्री ९२' पूर्वी देशान्तर र २८ डिग्री १८' देखि २८ डिग्री ३९' उत्तरी अक्षांशमा रहेको छ । साविकका निम्न ८ (आठ) वटा गाउँ विकास समितिलाई मिलाएर बनेको यस माछापुच्छ्रे गाउँपालिकाको पूर्वमा मादी गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, उत्तरमा मनाङ जिल्ला र दक्षिणमा पोखरा लेखनाथ महानगरपालिका र अन्नपूर्ण गाउँपालिका रहेको छ ।

**ख. मुख्य प्रकोपहरुले निम्त्याउने विपदहरु**

यस माछापुच्छ्रे गाउँपालिकामा पर्ने विपदहरु बाढी,पहिरो, आगोलागि, भूकम्प, चट्याङ, हावाहुरी, सडक दुर्घटना, असिना आदि रहेका छन् ।

### १.२.८ अन्नपूर्ण गाउँपालिका

**क. परिचय**

नेपाल सरकारको स्थानीय तह गठन आदेश, २०७३ बमोजिम कास्की जिल्लामा गठन भएका पाँच स्थानीय तह मध्ये यो दोस्रो स्थानीय तह हो । वि. सं. २०७३ फाल्गुन २७ गते गाउँपालिका घोषणा भएको अन्नपूर्ण गाउँपालिकाको क्षेत्रफल ४१७.७४ वर्ग कि. मी. रहेको छ भने कुल जनसंख्या २३,८६८ छ I अन्पूर्ण गाउँपालिका ढिकुरपोखरी, भदौरेतमागी (१ र २), सल्यान, लुम्ले, दाङसिङ र घान्द्रुक गा वि स मिलि कुल ११ वडामा विभाजित छ । अन्नपूर्ण गाउँपालिकाको पूर्वी सिमानामा माछापुच्छ्रे गाउँपालिका, पश्चिममा म्याग्दी जिल्ला रहेको छ उत्तरी सिमानामा मनंग तथा दक्षिणमा पर्वत र पोखरा-लेखनाथ महानगरपालिका रहेको छ I गाउँपालिकाको अग्रणी क्षेत्रहरुमा पर्यटन, कृषि र पशुपालन रहेको छ । नौडाँडा, काँडे, नयाँपुल, बिरेठाँटि र स्याउलिबजार यस गाउँपालिकाको मुख्य बजार क्षेत्र रहेको छ । मुख्य पर्यटकीय क्षेत्रमा अन्नपूर्ण आधार शिविर, माछापुच्छ्रे आधार शिविर, घोडेपानी, घान्द्रुक, पन्चासे, इशरु, हिड्न ताल, नसिखर्क रहेका छन् I राष्ट्रिय सडक को लम्बाई जम्मा २४ कि.मि.,जिल्ला सडक को लम्बाई जम्मा ५८.५२ कि. मि.,गाउँपालिका स्तरीय सडक समेत कुल लम्बाई करिब २३७.४१ कि.मि. सडकको अवस्था रहेको छ । जाति, भाषा, संस्कृति तथा धर्मको दृष्टिकोणले साझा फुलबारी झै रहेको यस गाउँपलिका भित्र मगर, क्षेत्री, नेवार, थकाली, गुरुङ, ब्राह्मण, गिरी, खड्का, विश्वकर्मा, दर्जी, किसान लगायतका जातिको बसोबास रहेको छ ।आफ्नो जातिय परम्परा र संस्कृतिलाई अनुसरण गर्दै आएका यहाँका मानीसहरु नेपाली भाषाको प्रयोग गर्दछन् । साथै हिन्दु धर्म मान्नेहरुको बाहुल्यता रहे पनि बौद्ध इसाई र इस्लाम धर्माबलम्बीहरु पनि रहेका छन् ।

अन्नपूर्ण गाउँपालिका अन्तर्गत पर्ने विविध खालका पर्यटकीय दृश्यहरुलाई उजागर गर्नुपर्दा अन्नपूर्ण हिमाल लगायतका रमणीय धार्मिक तथा ऐतिहासिक धरोहरहरु यस गाउँपालिका भित्र पर्दछन् । जसले अन्नपूर्ण गाउँपालिकाको शोभा बढाइरहेको छन् । यस गाउँपालिका अन्तर्गत रहेको गुराँसे जङ्गललाई राष्ट्रिय गुराँस बगैँचा निर्माण गर्ने परिकल्पना गरिएको छ । नेपालकै लामो अन्नपूर्ण पदमार्गले समेत यस गाउँपालिकालाई छोएको छ । अन्नपूर्ण गाउँपालिका कास्की जिल्लाको मात्र नभएर गण्डकी प्रदेश कै गहनाको रुपमा लिन सकिन्छ ।

**ख. मुख्य प्रकोपहरुले निम्त्याउने विपदहरु**

यस अन्नपूर्ण गाउँपालिकामा पर्ने विपदहरु बाढीपहिरो, आगोलागि, भूकम्प, चट्याङ, हावाहुरी, सडक दुर्घटना, असिना आदि हुन ।

### १.३ विपदको पृष्ठभूमि

नेपाल विश्वका १९८ मुलुक मध्ये भू-कम्पीय जोखिमको हिसाबले ११ औ, पानीजन्य प्रकोपबाट हुने क्षतीका हिसाबले ३० औ (स्रोतः यु एन वि.सि.पि.आर २००४, जर्मन वाच, मानव विकास प्रतिवेदन २००९) र जलवायु परिवर्तनको जोखिमका हिसाबले (चौथो) स्थानमा रहेको छ । नेपालको ग्रामीण क्षेत्रमा रहेका समुदायहरू जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष प्रभावित भएका छन् र जीविकोपार्जनका स्रोतमा समेत प्रत्यक्ष रुपमा असर पारिरहेको छ ।नेपालमा जलवायु परिवर्तन एउटा तितो सत्यका रुपमा आएको छ । यसको नकारात्मक असर नेपाल जस्ता विकासोन्मुख मुलुकहरुमा परिरहेको छ ।गृह मन्त्रालय र यु.एन.डि.पी को श्रोत अनुसार नेपालमा हरेक वर्ष ४२० वटा विपद्का घटनाहरू घट्ने, १ हजार जनाको मृत्यु हुने, ८० जना हराउने, १ लाख ३५ हजार प्रभावित हुने, १६ हजार परिवार विस्थापित हुने र ठूलो संख्यामा भौतिक क्षती हुने तथ्यांक छ । त्यसैगरी नेपालका २ हजार ३ सय १५ वटा हिमताल मध्ये २२ वटा विष्फोट हुने खतरामा रहेका छन् (ICIMOD/UNEP२०००)। विपदको हिसाबले नेपाल संसारमा अति सवेदनशील (Hot Spot) क्षेत्रमा अवस्थित छ ।

नेपालको जनसंख्याको ठूलो हिस्सा बहुप्रकोपका घटनाहरुबाट प्रभावित भैरहेको छ भने विपदका घटनाहरु दिनानुदिन वढदै गैरहेका छन् । पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरुले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । यो संख्या हरेक दिन २ जनाको ज्यान

गए भन्दा बढी हो । मुख्य विपद्हरुमा वाढीपहिरो, भूकम्प, आगजनी, चट्याङ, शितलहर, हिमपात, हिमपहिरो, आँधीबेहरी,असिनापानी र हिमताल विस्फोटन जस्ता घटनाहरु पर्दछन् । यसका अलावा बढदो विकास प्रक्रिया सँगै वातावरण प्रदूषण, वन विनाश, बाँध तथा तटबन्ध बिस्फोटन, पुल भत्किने, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आदि जस्ता गैर प्राकृतिक विपद्हरु समेत भोग्नु परिरहेको छ ।

कास्की जिल्लाको विपद्को इतिहास दृष्टिगत गर्ने हो भने विशेष गरी बाढी, पहिरो,असिना, चटयाङ्ग, आगजनी, भू-क्षय, हुरीबतास, भू-कम्प र महामारी प्रमुख रुपमा देखिन्छन् । पछिल्ला घटनालाई केलाउने हो भने २०७० सालमा सेती नदीमा आएको भीषण बाढी, २०७२ सालमा लुम्ले, भदौर तामागी गाविसमा गएको भीषण पहिरो, २०७२ सालमा गएको विनाशकारी भू-कम्प, २०७३ सालको कृष्ण पहिरो, २०७४ सालमा गएका रिभान पहिरा र २०७५ सालका वगेनास ताल डुङ्गा दुर्घटना मुख्य घटनाका रुपमा रहेका छन् । त्यसैगरी वर्षेनी जमिन भासिदै जाने यस जिल्लाको मुख्य जोखिम रहेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन नगरी गरिने भौतिक संरचना निर्माण तथा सञ्चालित विकास आयोजनाका कारणले भू-क्षय तथा पहिरोलाई अझै टेवा दिईरहेको छ ।पोखरा उपत्यका र आसपासका केही भाग बाहेक यस जिल्लाको सम्पूर्ण भू-भागको बनावट भिरालो किसिमको छ । यस्तो बनावटका कारणले बर्षातको समयमा भू-क्षय तथा बाढी पहिरो गई मानवीय तथा जनधनको समेत क्षती हुने गरको छ । मादी नदी सेती नदी र यसका शाखा नदीहरूको भू-बनावटका कारणले कुनै पनि बेला ठूलो विपद् आउन सक्ने खतरा टड्कारो रुपमा छ । विगत दुई दशकदेखि जल्दोबल्दो समस्याका रूपमा देखिएको जलवायु परिवर्तनको प्रभाव सिङ्गो मानव समुदाय र प्रकृतिका लागि साझा चुनौतीका रूपमा अगाडि आएको सन्दर्भमा कास्की जिल्लामा पनि वातावरणमा अस्वाभाविक परिवर्तन हुँदै गईरहेको छ । जलवायुमा आएको यस्तो अस्वाभाविक परिवर्तनका कारण सामाजिक, आर्थिक, पर्यावरणीय र विकासका संरचनाहरूमा नकारात्मक असर पुगेको कुरा विभिन्न तथ्यांक र प्रमाणहरूले पुष्टि गरेका छन् । वर्तमान समयमा जलवायु परिवर्तनको असर स्वरुप विपद्का घटनाहरू बढेका छन् र त्यसलाई सामना गने क्षमताको विकास राष्ट्रिय र स्थानीय आवश्यकताको रूपमा देखा परको छ । नेपालमा विपद् व्यवस्थापनका लागि राष्ट्रिय तहका कार्यक्रम तय हुँदै गर्दा विभिन्न जिल्ला र स्थानीय तहहरुमा समेत योजना र कार्यक्रमको तयारी र कार्यान्वयनका प्रक्रिया अगाडि बढिसकेका छन् ।

विपद व्यवस्थापनको क्षेत्रमा नेपालले वि. सं. २०३९ मा दैवी प्रकोप (उद्दार) ऐन लागु गरी कार्य सञ्चालन गरेको थियो त्यसका अलवा विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले ह्योगो कार्यढाँचा २००५ – २०१५ ले विषयगत विकास योजना निर्माण र कार्यान्वयन प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न प्रेरित गर्नुका साथै संस्थागत संयन्त्र विकास र सुदृढीकरण गर्न, क्षमता अभिबृद्धि गर्न, आपत्कलिन पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ कार्यक्रमलाई प्रभावकारी बनाई उत्थानशील नेपाल बनाउँने सोच राखेको थियो । उक्त रणनीतिले राष्ट्रिय, प्रदेश, जिल्ला र पालिका स्तरसम्म विपद् जोखिम न्यूनीकरणका लागि जिम्मेवार संस्थाको सांगठनिक संरचना र अवधारणाको परि कल्पनाका साथै उसले खेल्नु पने भूमिका समे त स्पष्ट व्यवस्था गरिएको थियो । नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness) प्रतिकार्य (Response)तथा पूनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रुपमा समावेश गर्ने उल्लेख गरिएको थियो । विश्वव्यापी रुपमा ह्योगो संरचना (२००५–२०१५) पश्चात् आगामी १५ वर्षका लागि विपद् जोखिम न्यूनीकरणका लागि SENDAI कार्य ढाँचा २०१५–२०३० लागु भइसकेको छ । यसले विपद्जोखिम तथा यसबाट जीवन, जीविकोपार्जन र स्वास्थ्य तथा आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय सम्पत्ति, व्यक्ति, व्यवसाय, समुदाय तथा देशहरूमा हुने क्षती नोक्सानीलाई अत्यधिक रुपमा न्यून गर्ने लक्ष्य राखेको छ । विपद् जो खिमका व्यवस्थापन कार्यका लागि यसले सरकारलाई प्रमुख रुपमा जिम्मेवार मानेको छ । यसका लागि स्थानीय निकाय, निजी क्षेत्र तथा सरोकारवालाहरूसँग समेत जिम्मेवारी बाँडफाँड गरिनु पर्ने उल्लेख छ । विपद्जोखिम न्यूनीकरणका लागि SENDAI कार्य ढाँचा २०१५–२०३० एउटा अन्तर्राष्ट्रिय मार्गदर्शन गर्ने विश्वब्यापी दस्तावेज हो । यी विषयहरूलाई मार्गदर्शनका रूपमालिई SENDAI कार्यढांचा २०१५–२०३० मा आधारित रही नेपाल सरकारले पनि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

तयार गरी वि.सं. २०७५ देखि लागू गरिसकेको छ । यो रणनीतिक कार्ययोजनाको लागि चार प्राथमिकता प्राप्त क्षेत्रहरू र अठार प्राथमिकता प्राप्त कार्यहरू तय गरिएका छन् । पालिकाहरुले पनि विपद्जोखिम न्यूनिकरण राष्ट्रिय कार्ययोजना २०२०– २०३० निर्माण गरि कार्यन्वयन गर्न पर्ने देखिन्छ ।

विपद्बाट जोगाउन र प्रकोप सृजित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालमा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउधनको क्षतीलाई न्यून गर्नका लागि विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्दत पुऱ्याउदछ । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार गरेको **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मागर्दशन, २०६७"** को आधारमा जिल्ला स्थित सरोकारवालासँग समेत छलफल अन्तरक्रिया गरि विपद् न्यूनीकरण र सामना गर्ने क्षमताको विकास गर्न जिल्ला विपद् व्यवस्थापन समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ साल देखि नै तर्जुमा गरी अभ्यास गर्दै आएको छ । सोही योजनालाई समयसापेक्ष राज्यको पुर्नसंरचना बमोजिम पुनरावलोकन तथा अद्यावधिकरण गर्ने क्रममा "विपद् पूवर्तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७" ले निर्धारण गरेका विधि तथा प्रक्रिया पूरा गरी "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ (२०७१ पहिलो, २०७३ दोस्रो, २०७४ तेस्रो, २०७६ चौथो, २०७७ पाँचौ, २०७८ छैटौं) सातौं पटक अद्यावधिक गरि जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तर्जुमा गरिएको छ ।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण अंश हो । यसले विपद् पहिले विपद्को समयमा र विपद्को तत्कालिन प्रभाव समाप्त नभएसम्म गरिने कार्यलाई प्राथमिकता दिन्छ । विपद् पूर्वतयारी कार्यले विपद् अघि गरिने कायर्लाई प्राथमिकतामा राखेको हुन्छ । आपतकालिन कार्ययोजनाले विपद्को समयमा विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई महत्व दिएको हुन्छ । विपद्बाट उत्पन्न असहज अवस्थामा प्रभावितको खोज तथा उद्दार गरी मानवजीवनको रक्षा र स्वास्थ्य सुरक्षा गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेको छ । एक क्षण अथवा केही दिन मात्रको विपद्ले लामो समय लगाएर आर्जित उपलब्धिलाई तहस नहस बनाई समग्र विकासको स्थितिलाई पछि धकेल्न सक्ने भएकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनकुलनको अवधारणालाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्दै विपद् तथा जलवायु उत्थानशिल समुदायको निर्माण गर्नु आजको आवश्यकता भएको छ ।

# परिच्छेद २

# उद्देश्य तथा आवश्यकता

## २.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ का उद्देश्यहरु

क. विपद् प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्दार गरी मानवीय सहयोग उपलब्ध गराउन सुनिश्चित गर्न,

ख. उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै साधन स्रोतको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न,

ग. सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग प्रभावकारी समन्वयको सुनिश्चितता गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन,

घ. जोखिम नक्सांकन गरी समुदायमा रहेको संकटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गरी जोखिम न्यूनीकरण गर्ने खालका क्रियाकलापहरू कास्की जिल्लाका संकटासन्न पालिकाहरुमा सञ्चालन गर्न,

ङ. आवश्यकता अनुसार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा / विपद् पश्चात गर्नुपर्ने कार्यलाई प्राथमिकीकरण गर्न ।

च. महामारी (सरुवा रोग/कोभिड-१९) को समयमा मानवीय सुरक्षाका लागि उपलव्ध स्रोत साधनको परिचालन गर्दै ३ तहका सरकार बीच भएका निर्णयहरु समन्वय गर्दै कार्यान्वयन गर्न ।

## २.२. योजना तर्जुमा विधि तथा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा गृह मन्त्रालयद्वारा जारी गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ लाई मूलआधार मानिएको छ । जसको खाका  निम्नअनुसार रहेको छ :

क. मानवीय सहायतामा कार्य गर्ने साझेदारहरुको पहिचान,

ख. विद्यमान सूचना/अभिलेखको पुनरावलोकन,

ग. साझेदारहरुको बैठक आयोजना,

घ. अन्तिम कार्यशालाको आयोजना,

ङ. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा,

च. कार्ययोजना कार्यान्वयन,

छ. समन्वय र

ज. पुनरावलोकन

उपरोक्त मार्गदर्शनको खाकालाई अनुशरण गर्ने क्रममा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ लाई समयसापेक्ष पुनरावलोकन तथा अद्यावधिक गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७९ तर्जमुा गर्नका लागि सर्वप्रथम जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण कार्यदल गठन गरि उक्त कार्यदललाई जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्नको लागि जिम्मा दिइएको थियो । उक्त कार्यदलले जिल्लामा रहेका विपद्को क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी, राजनैतिक दल, वुद्धिजिवी, सञ्चारकर्मी तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक सूचना तथा जानकारी संकलन गरि विद्यमान सूचनाहरुलाई अद्यावधिक गर्ने कार्य भयो । जिल्ला विपद् व्ययवस्थापन समितिबाट विभिन्न १० वटा विषयगत क्षेत्र (Cluster Approach) को पहिचान गरि संयोजन गर्ने, क्षेत्रगत कार्यालय र जिम्मेवारी समेत तोक्ने काम भयो । यसरी पहिचान भएका १० वटै विषयगत क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुको बैठक, जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तथा जिल्ला स्तरीय सरोकारवालाहरुको कार्यशाला गोष्ठीमा व्यापक छलफल र अन्तरक्रिया

गरी प्राप्त भएका सूचना, सुझाव र निर्णयहरु समेतको आधारमा यस अघि तयार गरिको योजनालाई नै अद्यावधिक गरी मस्यौदा माथि मिति २०७९ असार ०३ गतेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा छलफल एवं बिश्लेषण भई प्राप्त भएका राय सुझावहरुलाई समेत समावेश गरी छैटौं अद्यावधिक योजना, २०७९ पारित यस योजनालाई आधार मानि स्थानीय विपद् व्यवस्थापन समितिहरुले आ-आफ्नो क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धी कृयाकलापहरु सञ्चालन गर्ने निर्णय गरिएको ।

## २.३. अपेक्षित नतिजा

यस योजनाले खोजेका परिणामहरू मुख्यतया निम्न लिखित विषय वस्तुसँग सम्बन्धित छन् :

क. प्रकोपको समयमा प्रभावित समुदायलाई तत्काल सहयोग गर्न सजिलो हुनेछ ।
ख. जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरूको पहिचान तथा श्रोत साधनको आंकलन हुनेछ ।
ग. विषयगत क्षेत्रहरूको आकस्मिक योजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।
घ. विपद् प्रभावितहरूलाई तत्काल उद्दार तथा राहत सेवा पुर्‍याउन सरल उपायहरू अवलम्बन गर्न सहज हुनेछ ।
ङ. विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरू बीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ ।
च. विपद्को समयमा स्थानीय निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइने छ ।
छ. महामारी र सरुवा रोगहरुको रोकथाम वचाउका लागि आकस्मिक योजना निर्माण भई प्रतिकार्यका लागि सहज रुपमा कार्यान्वयन हुनेछ ।

## २.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू

यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका परिणामहरू मुख्यतया निम्न लिखित छन् :

क.स्थानीय पूर्वाधारको वस्तु स्थिति विवरण,
ख.प्रभावित हुन सक्ने समुदायको संख्या र अवस्थिति,
ग. उपलब्ध क्षमता (विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुन सक्ने),
घ. विपद् जोखिम विश्लेषण,
ङ.पूर्व चेतावनी प्रणाली,
च.खोज तथा उद्दार व्यवस्था,
छ.आश्रय घर (सेल्टर) वा क्याम्प व्यवस्थापन प्रणाली,
ज.राहत व्यवस्था र वितरण,
झ.खाद्य सामग्री र गैर खाद्य सामग्रीको भण्डार अवस्था,
ञ.प्रतिकार्यमा संलग्न साझेदारहरको भूमिका र जिम्मेवारीको निर्धारण,
ट. हरेक निकायमा सम्पर्क व्यक्तिको पहिचान र सञ्चार सम्पर्कको व्यवस्था,
ठ. मानवीय सहायताकर्मीले गर्ने सहयोग (के, कसले, कहिले, कहाँ,कसरी उपलब्ध गराउने हो सोको पहिचान),
ड. सरोकारवाला सरकारी तथा गैर सरकारी संघ सस्थाको विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुने ।
ढ. महामारी सरुवा रोगको समयमा प्रतिकार्य गर्न सक्ने क्षमताको विकास ।

## २.५. पूर्वतयारीका लागि सामान्य मान्यताहरू

पूर्वतयारी कार्य गर्दा सबै साझेदारहरूले अपनाउनु पर्ने सामान्य सिद्धान्तहरू देहाय बमोजिम हुने छन् :

क. जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत् एकद्धार नीति अनुरुप सम्बन्धित पालिका सहित समग्र समन्वयको काम हुने छ ।

ख. प्रमुख जिल्ला अधिकारी वा जिल्ला विपद् व्यवस्थापन समितिले समन्वयका लागि अन्य संघ संस्थाहरूको सहयोग लिन सकिनेछ ।

ग. विषयगत समन्वय गर्ने तथा समन्वय गर्दा मुख्य माग वा आवश्यकता पूरा होस् भन्ने ध्यान पुर्याउनु पर्दछ।

घ. गैरसरकारी संस्थाहरू विपद् पूर्वतयारी एवं उद्दार कार्यका लागि दक्ष जनशक्ति, आर्थिक, भौतिक सुविधा तथा स्थानीय सञ्जालमा आधारित भएकाले त्यस्ता संस्थाहरू क्षमता अनुसार प्रभावकारी रुपमा परिचालन हुने छन् ।

ङ. पूर्व निर्धारित रुपमा समन्वय, सहयोग, समझदारी, सहकार्य, निर्देशन र नियन्त्रण कायम हुनेछ ।

## २.६. योजनाको सीमितता

यस योजनाका आधारभूत सीमितताहरु निम्नानुसार रहेका छन् :-

क. स्थानीय तह जिल्ला स्थित कार्यालयहरु तथा जिल्ला प्रशासन कार्यालय सम्म प्रकोपले पारको क्षतीको सबै विवरण पूर्ण नहुन सक्दछ तसर्थ आगामी दिनहरूमा नियमित रुपमा जानकारीहरू एवं तथ्यांकहरू अद्यावधिक र परिमार्जन गर्न आवश्यक देखिएको छ ।

ख. जोखिम तथा प्रकोपहरूको स्तरीकरण जलवायु परिवर्तन सम्बन्धी स्थानीय अनुकूलन योजनालाई आधार मानी गरिएको छ जुन विपद्को तवरबाट केही फरक हुन सक्छ । साथै यो पूर्णतया समुदायमा आधारित छलफलमा आधारित रहेकोले वैज्ञानिक तथा भू-गर्भीय अनुसन्धानबाट केही फरक हुन सक्छ ।

ग. सम्भावित विपद् प्रभावित घरधुरीहरू विगतमा रडक्रस सोसाइटीद्वारा बाँडिएको राहतको सङ्ख्यालाई आधार मानिएकोले वास्तविकतामा फरक पनि हुन सक्नेछ ।

घ. योजना तर्जुमा गर्ने क्रममा सरोकारवाला सबै क्षेत्र तथा निकायसँग पूर्ण रुपले पुग्ने सकिएको छैन

## २.७. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि भएका मौजुदा कानूनी तथा संस्थागत व्यवस्था :

### २.७.१ स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको विकासका लागि विकेन्द्रीकरणको अवधारणलाई प्रवर्द्धन गरेको छ । जस अनुसार निम्न लिखित विषयहरु स्थानीय सरकारले गर्न सक्ने स्पष्ट पारेको छ ।

क. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमनको व्यवस्था गरेको छ ।

ख. स्थानीययस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्दार राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

ग. स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

घ. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण,

ङ. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

च. विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन

छ. विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन,

ज. विपद् पश्चात् स्थानीयस्तरको पुर्नस्थापना र पुनर्निमाण,

झ. स्थानीय स्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

ञ. स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

ट. समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,
ठ. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

### २.७.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ प्रथम संशोधन २०७५ सहित

विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४ तयार भै लागू भएको छ । यो ऐनले दैवी प्रकोप उद्धार ऐन, २०३९ लाई विस्थापित गरको हो । यो ऐनले विपद्लाई एउटा समस्याको रूपमा ग्रहण गरी विपद् व्यवस्थापनको लागि समुदायस्तर देखि स्थानीय तह हुँदै संघीय सरकारसम्मको संस्थागत संरचना व्यवस्था तथा सबैको अधिकार, कार्य र कर्तव्यको समेत उल्लेख गरको छ । यसले विपद् जोखिम पूर्व तयारी, न्यूनीकरण, प्रतिकार्य, पुर्नस्थापना र पुनर्निर्माणको समेतको व्यवस्था गरको छ । यसले विपद्को सामना गर्नको लागि सरकारी गैरसरकारी सुरक्षा निकाय र नागरिक समाजको समेत काम कर्तव्यको उल्लेख गरको छ । यसै गरी विपद् व्यवस्थापन कोष र स्थायी निकाय विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन राष्ट्रिय प्राधिकरणको ब्यवस्था गर्नुको साथै विपद्को समयमा प्राधिकरणले कुनै पनि निकाय वा संस्थाको कर्मचारीलाई माग गरेमा खटाउनु पर्ने वाध्यात्मक ब्यवस्था पनि यस ऐनमा गरिएको छ । साथै यस ऐनमा देशको कुनै क्षेत्र वा पुरै देशलाई नेपाल सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने ब्यवस्था पनि गरिएको छ । विपद्को समयमा नकारात्मक क्रियाकलाप गर्नेलाई सजायं र क्षती हुनेलाई क्षती पूर्तीको ब्यवस्था गर्नुकासाथै राम्रो काम गर्नेलाई पुरस्कारको ब्यवस्था पनि यस ऐनमा समेटिएको छ ।

**नेपालको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन संरचना**



### २.७.३ जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

जिल्ला विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

क. परिषद, कार्यकारी समिति तथा प्रदेश विपद समितिबाट स्वीकृत नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

ख. जिल्लाको विपद प्रतिकार्य योजना तयार गरी लागु गर्ने गराउने ।

ग. जिल्ला स्तरमा रहेको आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन गर्ने ।

घ. उपलब्ध श्रोतको उच्चतम प्रयोग तथा प्रवाह गरि विपद् प्रभावित क्षेत्रमा खोजी तथा उद्दार गर्ने ।

ङ. नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने गराउने तथा जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालयलाई सोही अनुसार राहत वितरण गर्न लगाउने ।

च. विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसहरुको आवत जावतमा नियन्त्रण गर्ने।

छ. विपदको कारण सिर्जित फोहर तथा अन्य अनावश्यक वस्तु हटाउने तथा हटाउन लगाउने ।

ज. विपदको समयमा मृत्यु भएका मानिसका शव तथा जनावरको ब्यवस्थापन गर्ने ।

झ. आपत्कालीन अवस्थामा विपद प्रभावित ब्यक्तिहरुको लागि आश्रय गृहको ब्यवस्था गर्ने ।

ञ. विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकायलाई दुरुस्त राख्न लगाउने ।

ट. विपद प्रभावित क्षेत्रमा खानेपानी, खाद्यान्न, लत्ताकपडा, औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रवन्ध गर्ने।

ठ. विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थाई भौतिक संरचनाहरुको निर्माण गर्न लगाउने

ड. विपदको अवस्थामा स्थानीय स्तरमा उपलब्ध सरकारी गैरसरकारी एवं निजी यातायातका साधन, यन्त्र, सरसमान, खाद्य सामान आदि कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने

ढ. विपद्को जोखिममा रहेका वा विपद प्रभावित क्षेत्रमा रहेका असूरक्षित भवनहरु भत्काउन लगाउने ।

ण. असूरक्षित भवन तथा स्थानमा रहेका विपद प्रभावित ब्यक्तिहरुलाई सूरक्षित स्थानमा स्थानान्तरण गर्ने।

त. विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक, विशेषज्ञ तथा परामर्शदातालाई परिचालन गर्ने र सोको सुपरीवेक्षण गर्ने ।

थ. राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट गरिने उद्दार तथा राहत एवं सहयोग आदि कृयाकलापमा समन्वय गर्ने ।

द. विपदको समयमा खोज, उद्दार तथा राहत र पुनर्लाभ सम्वन्धी कार्यको लागि स्थानीय तह लगायत सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

ध. विपद पश्चात आउन सक्ने सहायक प्रकोपहरुको न्यूनीकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

न. विपद प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, विपद सम्वन्धी सूचना प्रवाह गर्ने ।

प. उद्दार तथा राहत कार्यक्रमको प्रगति विवरण प्राधिकरणमा पठाउने ।

फ. विपद् ब्यवस्थापन सम्बन्धमा तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

### २.७.४ स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क. स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । (परिषद्, कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिका नीति, योजना, कार्यक्रम अनुरुप)

ख. स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट बिनियोजन गर्न लगाउने ।

ग. सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने ।

घ. स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ।

ङ. भौतिक संरचना निर्माण गर्दा भवनसहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ।

च. वडा वा समुदाय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।

छ. विपद् प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने । प्रभावित क्षेत्रमा उद्वार तथा राहतको व्यवस्था गर्ने ।

ज. अनुगमन गर्ने (ऐन बमोजिम कार्य गरे नगरेको सार्वजनिक संस्था तथा व्यवसायीक प्रतिष्ठानको)

झ. स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र संचालन गर्ने, गराउने।

ञ. स्थानीय स्तरमा आपतकालीन कार्य संचालन केन्द्रको स्थापना र संचालन गर्ने ।

ट. विपद् परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

ठ. विपद् प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने

ड. विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने।

ढ. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।(कार्यकारी समिति, प्रदेश विपद्, व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार)

### २.७.५ विपद व्यवस्थापनसँग सम्बन्धित मुख्य नीति नियमावली र निर्देशिकाहरु

क. विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६

ख. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८

ग. उत्थानशील स्थानीय समुदायका लागि राष्ट्रिय रणनीति, २०७४

घ. विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०

ङ. प्रकोप पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०७४ ( छैठौं संशोधन)

च. राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०(प्रथम संशोधन २०७५)

छ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

*थप जानकारीको लागि www.drrportal.gov.np*

# परिच्छेद ३

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा :

कास्की जिल्लामा विभिन्न निकायहरूबाट विभिन्न समयमा विपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजना सम्बन्धीप्रतिवेदनहरू प्रकाशन भएका छन् । यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि विभिन्न सन्दर्भसामग्रीहरूको अध्ययन गरिएको छ । केही महत्वपूर्ण सामग्रीहरू र त्यसबाट प्राप्त गरिएका असल अभ्यासहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं १ सन्दर्भ सामग्रीहरूको विवरण**

| क्र.सं. | प्रतिवेदन/प्रकाशनका नाम | सिकाइ/असल अभ्यासहरू |
|---|---|---|
| १. | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना,२०७६ ,२०७७ र २०७८ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अभिमुखीकरण गरी सम्बन्धित स्टेकहोल्डरहरु सचेत भई थप क्षमता अभिबृद्धि गर्न लागेको । |
| २. | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०७१ ,२०७३ र २०७४ | जिल्ला स्तरका विपद् जोखिम स्तरीकरण, विषयगत अभ्यासहरू सुरुवात हुन खोजका र जिल्ला भित्र रहका क्षमताहरू उल्लेख भएका |
| ३. | विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ | समग्र जिल्लाको विपद् जोखिमका अबस्थाहरु बारे असल चित्रण । |
| ४. | नेपाल रडक्रस सोसाइटीका वार्षिक प्रतिवेदनहरू | जिल्लामा भए गरेका विपद् प्रतिकार्यमा भएका प्रयासहरु उल्लेख भएका । |
| ५. | स्थानीय विपद जोखिम व्यवस्थापन कार्य योजनाहरू | तत्कालीन स्थानीय निकायले गरेका प्रयास र सफलताका कथाहरू एवम् गाँउस्तरमा योजना निर्माण गर्ने प्रक्रिया स्थानीय समुदायका प्राथमिकताहरू बारे जानकारी भएका विपद्का स्थिति र स्थानीय स्तरबाट गर्न सक्ने सम्भावित उपायहरूका बारेमा जानकारी । जोखिमहरुको ऐतिहासिक विश्लेषण Trend Analysis गर्न सहज भएका । |
| ६. | विपद जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे पूनरावलोकन जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता । |

## ३.२. प्रकोप तथा जोखिम विश्लेषण

यस कास्की जिल्लामा रहेका साविक ३२ गाविस मध्ये २७ वटा गाविस र साविक पोखरा उप-महानगरपालिकाको ७ वटा वडामा गरी जम्मा ३४ वटा जलवायु परिबर्तन सम्बन्धी स्थानीय अनूकुलन कार्ययोजना तयार भएको थियो । त्यसैगरी ४ वटा साविक गाविस र साविक पोखरा उप-महानगरपालिकाको २३ वटा वडाहरूमा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तयार भएको थियो । हाल ती गाविस एवम् वडाहरु नयाँ राज्यको पुनसंरचना अनुसार परिवर्तन भएको अवस्था छ । यसरी स्थानीय स्तरमा बनेका योजनाहरूका विश्लेषण गरी यस जिल्लाको जोखिमहरूको प्राथमिकीकरण गरिएको छ ।

**चित्र नं १ जिल्लाको समग्र जोखिम प्रथमिकीकरण**




*श्रोत- LAPA/LDRMP बैठक छलफल*

माथिको चित्रलाई विश्लेषण गर्दा यस जिल्लामा सबैभन्दा क्षती पहिरोले पुर्‍याएको देखिन्छ । त्यसपछिका महत्वपूर्ण जोखिमहरूमा असिना, चट्याङ्ग, खडेरी, बाढी, हावाहुरी, आगजनी रहेका छन् ।जोखिमहरूको प्राथमिकीकरण मूलतः समुदायमा आधारित छलफल र विगतमा घटेका घटनाका प्रकृतिमा आधारित रही प्राथमिकीकरण गरिएको छ। यी जोखिमहरूबाट प्रभावित स्थानहरू तल तालिकामा दिइएको छः

**कास्की जिल्लामा आजसम्म परेका विपद्हरुको इतिहासको लेखाजोखा स्थानीय पालिकाहरुमा बनेका योजनाहरुको विश्लेषणको आधारमा जोखिमहरुबाट प्रभावित महानगरपालिका तथा गाउँपालिकाका वडाहरु : तालिकाहरु २**

**१. बाढि पहिरो**

| स्थानीय तह | अति उच्चजोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| **पोखरा महानगरपालिका** | १, २०, २६, २४, ३२, ३३, २३,२८, १८, २५ | २, ३, ११, २७, २८, ३०,३१, ३३ | ४, ५, १७, १९, २२ | ६१ |
| **अन्नपूर्ण गा.पा** | १, २, ८, ९ | ४,५,६,७,१०,११ | | २८ |
| **माछापुच्छ्रे गा.पा** | २,७,८,९ | ५,१,६, | ३ | २३ |
| **मादी गा.पा** | १,२,६,७,८,९,१०,१२, | ११,३,४,५ | | ३४ |
| **रुपा गा.पा** | ३,४,५,६ | १,२ | | २० |

## २. चट्याङ्ग

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | २३, २१, ३१ | २४, २०,२७, ३०, १३, १८ | १२,१४, २६, २८,२९, ३३ | २५ |
| अन्नपूर्ण गा.पा | १ | | ६, ९,११ | ७ |
| माछापुच्छ्रे गा.पा | ४,६ | ३, ५ | ७, ८ | १४ |
| मादी गा.पा | १, ३, ११, १२ | ६,८ | | १८ |
| रुपा गा.पा | ५ | ६ | ४ | ७ |

## ३. आगजनी

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | | ४,६,७,८,१२, १५, २२, २७, ३०, ३३ | १,३,९,११,१३,१४, २१, २९,२६ | २९ |
| अन्नपूर्ण गा.पा | | ६ | ४ | ४ |
| माछापुच्छ्रे गा.पा | | ५ | ३, ४ | ४ |
| मादी गा.पा | ८, ९, १० | १२ | | ३ |
| रुपा गा.पा | | ३, ५, ६ | २ | ७ |

## ४. हावाहुरी

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | २९, ३० | २३, ८, १० ,१२, १५, २६, २७,३१, ३३ | २,३,४,५, ९, ११, १४, १६,१९,२० | ३६ |
| अन्नपूर्ण गा.पा | - | २, ९ | ११ | ५ |
| माछापुच्छ्रे गा.पा | | ४, ६, ७ | १, ९, ३ | ९ |
| मादी गा.पा | १२ | २, ९, १०, ११ | ६,५ | १३ |
| रुपा गा.पा | | | ३,५,६ | २ |

## ५. असिना

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | २३,१०,११,१९,२०,२५, ३१,३३ | २४,२०,२१,२७,३० | १८,१२,१४,२६,२९ | ४७ |
| अन्नपूर्ण गा.पा | ७, १० | ९ | २, ४ | १२ |
| माछापुच्छ्रे गा.पा | १, ३, ६ | २, ४, ८ | ७ | १९ |
| मादी गा.पा | १, २, ८ १०, १२ | ४ | ७, ६ | २८ |
| रुपा गा.पा | ४, ६, ६ | | २ | ७ |

### ६. खडेरी

| स्थानीय तह | अति उच्च जोखिमयुक्त | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | १३, १९, २१, २५, २६, २९, ३०, ३१, ३३ | ४, ६, ७, ८, ११,१२, १५, २३, २४ | १, ३, ९, ११, १३,१४, २०, ३२ | ६१ |
| अन्नपूर्ण गा.पा | ७, १० | ९ | २, ४ | १२ |
| माछापुच्छ्रे गा.पा | १, ३, ६ | २, ४, ८ | ७ | १९ |
| मादी गा.पा | १, २, ८ १०, १२ | ४ | ७, ६ | २८ |
| रुपा गा.पा | ४, ६, ६ | | २ | ७ |

### ७. रोग किराको प्रकोप

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | १४, १९, २०, २२,२७, ३० | ३१, ३३ | ८, १४, १७, २३,२६, २७, २९, ३०, ३२ | ३७ |
| अन्नपूर्ण गा.पा | – | ४, ५ | १, २, ३ | ७ |
| माछापुच्छ्रे गा.पा | ३ | ८, ९ | ३, ४, ७ | ११ |
| मादी गा.पा | – | १२ | १२ | ३ |
| रुपा गा.पा | १, २, ६ | – | – | १२ |

### ८. नदी कटान

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | – | २२, २३, २५ | २१ | ७ |
| अन्नपूर्ण गा.पा | ४, ६ | – | ५, ७ | १० |
| माछापुच्छ्रे गा.पा | २, ४, ५ | – | – | १२ |
| मादी गा.पा | – | १, ६, ७ | ४,५,९,१०, ११, १२ | ६ |
| रुपा गा.पा | – | – | – | – |

### ९. मिचाहा प्रजाती

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | २२, २३ | २१, २५, २६,२७ | २९, ३०, ३१, ३२ | २० |
| अन्नपूर्ण गा.पा | ४, ५ | – | – | ८ |
| माछापुच्छ्रे गा.पा | ५, ८, ९ | – | – | १२ |
| मादी गा.पा | – | – | – | – |
| रुपा गा.पा | – | – | – | – |

**१०. पानीको मूल सुक्ने**

| स्थानीय तह | अति उच्च जोखिमयुक्त वडाहरु | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने परिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | १, १२, १६, १७, १३, २१, २९, ३०, ३३ | १९, २२ | २५, २६, २७, ३१ | ४४ |
| अन्नपूर्ण गा.पा | ४, ५ | – | – | ८ |
| माछापुच्छ्रे गा.पा | – | २, ५ | – | ४ |
| मादी गा.पा | – | २ | – | – |
| रुपा गा.पा | – | – | ५ | १ |

**११. पशु रोग**

| स्थानीय तह | अति उच्च जोखिमयुक्त | उच्च जोखिमयुक्त वडाहरु | मध्यम जोखिमयुक्त वडाहरु | प्रभावित हुन सक्ने घरपरिवार |
|---|---|---|---|---|
| पोखरा महानगरपालिका | ३३ | २१ | ११, २६, २९, ३० | १० |
| अन्नपूर्ण गा.पा | – | – | ४ | ५ |
| माछापुच्छ्रे गा.पा | – | ५ | ७ | ७ |
| मादी गा.पा | – | – | ४,१०, १२ | ५ |
| रुपा गा.पा | – | – | – | – |

### ३.३. क्षमता विश्लेषण तथा खाडल पहिचान :

आवश्यकताको लेखाजोखा र खाडल पहिचानको सन्दर्भमा पनि क्षेत्रगत रुपमा नै जिल्लामा भएका श्रोतहरुको अवस्था आँकलन गर्ने, त्यसमा थप आवश्यक के हो भन्ने पत्ता लगाउने र बिगतका विपद् सम्बोधनका सन्दर्भमा देखिएका खाडलहरु समस्याहरु पहिचान गरी त्यसलाई आगामी विपद्को अवस्थामा सम्बोधन गर्न सकिने गरी तयारी अवस्थामा रहने गरी प्रतिकार्य योजना बनाउने काम भएको छ । सबै स्थानीय तहले विपद् व्यवस्थापन ऐन, २०७४ लाई आत्मसात गरी तोकिएको जिम्मेवारी अनुसार कार्य गर्नुपर्ने छ । स्थानीय तहमा खाद्य तथा गैरखाद्य (खोज तथा उद्धारका) सामाग्रीहरुको व्यवस्थित भण्डारण गर्ने सबै स्थानीयतहले विपद् जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने । सबै स्थानीय तहले विपद् प्रभावितहरुलाई तत्काल अस्थायी आवासका लागि विपद् पूर्व नै खुल्ला तथा सूरक्षित स्थानको पहिचान गर्नुपर्ने ।स्थानीय तहले विपद् व्यवस्थापनका लागि क्षमता अभिबृद्धिका गतिबिधि संचालन गर्नुपर्ने । जस्तैः विपद् व्यवस्थापन, आधारभुत खोज तथा उद्दार, घरपरिवार समुदाय तथा विद्यालयको आपतकालिन योजना लगायतका तालिमको आयोजना गर्ने । सरकारको नयाँ संरचना अनुसार जिल्लामा भएका सबै क्षेत्रगत कार्यालयहरु स्थानीय तहमा रहने भएको हुँदा सबै स्थानीय तहले विषयगत अवधारण (Cluster Approach) अबलम्वन गरी सबै क्लष्टरलाई सक्रिय बनाउने । जसमाः खोज तथा उद्दार, सूचना सञ्चार तथा समन्वय, खाद्यान्न तथा राहत, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, अस्थायी आवास, संरक्षण आदि आवश्यकताको आधारमा सक्रिय बनाउने । स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने ।

**तालिका ४**

| कार्यहरु | पोखरा महानगरपालिका | अन्नपुर्ण गा.पा. | माछापुच्छ्रे गा.पा | मादी गा.पा | रुपा गा.पा |
|---|---|---|---|---|---|
| स्थानीय विपद व्यवस्थापन समति गठन | छ | छ | छ | छ | छ |
| विपद पूवतयारी तथा प्रतिकार्य योजना निमार्ण | छैन | छैन | छैन | छैन | छैन |
| खाद्य तथा गैरखाद्य सामाग्री भण्डारण | छ | – | – | – | – |
| खुला तथा सूरक्षित क्षेत्र पहिचान | छ | – | – | – | – |
| आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन | छ | – | – | – | – |
| विषयगत क्षेत्र (Cluster) गठन | – | – | – | – | – |
| भवन सहिता कार्यन्वयन | छ | – | – | – | – |
| तालिम प्राप्त कार्यदलहरु | – | – | – | – | – |
| विपद व्यवस्थापन सचेतना तालिम | छ | – | – | – | – |
| विपद व्यवस्थापन कोष | छ | छ | छ | छ | छ |

सबै स्थानीय तहले विपद जोखिम व्यवस्थापन तथा न्यूनिकरण ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुरुपका कार्यहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । विपदको स्थानीय समुदाय नै प्रथम उद्वारक हो । तसर्थ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई नियमित अध्यावधिक गर्नुपर्ने, सबै स्थानीय तहमा खुला तथा सूरक्षित क्षेत्रहरु पहिचान गर्नुपर्ने, तालिम प्राप्त विपद् व्यवस्थापन कार्यदल गठन गनुपर्ने, विपद्को समयमा प्रयोग गर्न सकिने उद्धारका सामाग्री तथा केही सामान्य औजारहरु स्टेचर, अग्नी नियन्त्रण लगायतका आधारभूत सामग्री भण्डारण गर्नुपर्ने देखिन्छ ।

## ३.४. निकायगत भूमिका तथा जिम्मेवारी

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ध्येय विपद्बाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक क्षतीहरुलाई सकेसम्म कम गर्नुको साथसाथै विपद्का घटना भैहालेमा विपद् प्रभावितलाई तत्काल उद्दार तथा राहत सहयोग उपलब्ध गराउनु हो । यस जिल्लामा विपद्को अवस्थामा हुन सक्ने मानवीय तथा भौतिक क्षतीलाई न्युनिकरण गर्न तथा प्रतिकार्यलाई छिटो, छरितो, ब्यवस्थित तथा जवाफदेही बनाउन मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायहरुको पहिचान र पहुँच आँकलन र त्यस्तो महत्वपूर्ण समयमा कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा यकिन गर्न अति आवश्यक हुन्छ । त्यसैले, ती निकायहरुको जिल्लामा पहुँच तथा कार्यक्रमको प्रकृतिलाई देहाय बमोजिम उल्लेख गरिएको छ :

**तालिका नं. ५**

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, कास्की | प्रमुख जिल्ला अधिकारी | विपद् जोखिम व्यवस्थापन ऐन, २०७४ ले गरेको व्यवस्था बमोजिम गठित जिल्ला विपद् व्यवस्थापनसमितिको सामान्य कार्य शर्तहरु :<br>- विपद् जोखिम व्यवस्थापन र उद्दारको कार्यमा स्थानीय विपद् व्यवस्थापन समितिहरु सँग समन्वय गर्ने वा समन्वय गर्न लगाउने<br>- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय मार्फत संघीय कार्यकारी समितिमा पेश गर्ने ।<br>- स्थानीय तहहरुमा रहेका स्थानीय विपदव्यस्थापन समितिबाट संचालित राहत तथा उद्दारको कार्यको अनुगमन गर्ने र संचालित कार्यमा आवश्यक सहयोग गर्ने<br>- समय-समयमा विपद् राहत उद्दार कार्यमा भैरहेको प्रगतिको बारेमा प्रदेश तथा केन्द्रीय विपद् व्यवस्थापन समितिलाई जानकारी दिने ।<br>- संघीय कार्यकारी समिति, गृह मन्त्रालय तथा प्रदेश विपद् व्यवस्थापन समितिबाट प्राप्त निर्देशनका आधारमा कार्य संचालन गर्ने ।<br>- बाह्य सहयोगका लागि सरकारी र गैरसरकारी निकायका बीच समन्वय बैठकको आयोजना गर्ने ।<br>- बाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, लगायतका निकायहरु बीच प्रतिकार्यको समीक्षा गर्न बैठक संचालन गर्ने ।<br>- क्षतीको विवरण सङ्कलन गर्ने ।<br>- प्रारम्भिक द्रुत लेखाजोखा, बहु विषयगत प्रारम्भिक द्रुत लेखाजोखा , आवस्यकता अनुसार थप लेखा जोखा गर्ने निर्णय गर्ने र संङ्कलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने) |
| २. | जिल्ला समन्वय समिति, कास्की | स्थानीय समन्वय अधिकारी | - समन्वयात्मक कार्यमा सहयोग गर्ने ।<br>- आवास तथा पुन:स्थापना कार्य गर्ने ।<br>- स्रोत (आर्थिक, भौतिक, मानवीय श्रोत) परिचालन तथा समन्वय गर्ने । |
| ३. | स्थानीय तहहरु (स्थानीय विपद् व्यवस्थापन समिति न.पा/गा.पा | प्रमुख/अध्यक्ष वा विपद् सम्पर्क व्यक्ति | - विपद् जोखिम व्यवस्थापन र उद्दारको कार्यमा सुरक्षा निकाय, वडा विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् जोखिम व्यवस्थापन समितिसँग समन्वय गरी सोही अनुसार परिचालन गर्ने।<br>- जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समितिमा विपद् लेखाजोखाको प्रतिवेदन पेश गर्ने ।<br>- स्थानीय विपद् जोखिम व्यवस्थापन योजना अनुसारका विषयगत क्षेत्र र सहयोगी निकायहरु समन्वय गरी तत्काल उद्दार तथा राहत कार्यक्रम सञ्चालन गर्ने ।<br>- जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र र प्रदेश स्तरीय आपतकालिन कार्यसञ्चालन केन्द्रमा विपद्का घटना र सोको प्रभाव वारे जानकारी गराउने ।<br>- विपद् लेखाजोखा मार्गदर्शनले तोकेको ढाँचामा फाराम छपाइ तयारी अवस्थामा राख्ने ।<br>- लेखाजोखाका लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राख्ने ।<br>- तत्काल प्रारम्भिक द्रुत लेखाजोखा गर्न लगाउने । |
| ४. | सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी,सघिय प्रहरी, प्रदेश प्रहरी र नगर प्रहरी) | प्रमुख तथा प्रतिनिधि | - प्रमुख जिल्ला अधिकारीको मातहतमा रही खोज तथा उद्दार कार्यको नेतृत्व तथा उद्दारकार्य गर्ने ।<br>- विशेष सुरक्षा व्यवस्था मिलाउने ।<br>- विषयगत समितीमा रही सहयोग गर्ने । |

| | | | |
|---|---|---|---|
| ५. | राजनैतिक दलहरू | दलका प्रमुखहरू | – समन्वय । <br> – स्रोत संकलनमा सहयोग । <br> – जनपरिचालन गर्ने |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | – खाद्य,गैर खाद्यसामाग्री तथा अस्थाई आवास व्यवस्थापनमा सहयोग गर्ने। <br> – आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने । |
| ७. | जिल्ला स्थित विषयगत सरकारी कार्यालय र स्थानीय तहमा रहेका विषयगत शाखाहरु | कार्यालय तथा शाखा प्रमुखहरु | – विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने। <br> – सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने। |
| ८. | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने । |
| ९. | यातायात व्यवसायीहरु | अध्यक्ष | राहात तथा उद्दार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने |
| | सञ्चार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चार कर्मीहरु | सहि सूचना संकलन विष्लेण तथा सम्प्रेषण गर्ने । |
| १०. | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष | राहत, उद्दार तथा संरक्षण कार्यमा सहयोग । |
| ११. | गैर सरकारी संस्था महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था | प्रमुख तथा प्रतिनिधि | – मानवस्रोत परिचालन गर्ने <br> – स्रोत संकलनमा सहयोग गर्ने <br> – गै.स.स. बीच समन्वय <br> – क्षमता विकास तथा सहजिकरण कार्य गर्ने । |
| १२. | नेपाल पत्रकार महासंघ | सभापति | – सञ्चार माध्यमसँग समन्वय गरी परिचालन गर्ने । <br> – सूचना संप्रेशण गर्ने । |

## ३.५. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण

जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७६ बैशाख १२ गते को बैठकले कास्की जिल्लामा साविक कै १० वटा विषयगत क्षेत्रलाई निरन्तरता दिने र हाल राज्य पुर्नसंरचना अनुसार जिल्लामा रहेका विषयगत क्षेत्रका अगुवाई गर्ने अधिकांश सरकारी निकायहरु सम्बन्धित गाँउपालिका/ महानगरपालिकामा शाखा/महाशाखाको रुपमा रहेकाले गाँउपालिका नगरपालिको अगुवाइ मा विषयगत क्षेत्र परिचालन गर्ने निर्णय गरेका छ । विषयगत क्षेत्रगत रूपमा नेतृत्व प्रदान गर्ने जिल्लास्थित सम्बन्धित निकायहरू (Cluster Leads) सँग मिली मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित क्षेत्रहरू (Cluster) गठन गरिएको छ । साथै ती क्षेत्रसँग सम्बन्धित सहयोगी निकायहरुको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ६**

| विषयगत क्षेत्रहरु | अगुवा संस्थाहरु | सदस्यहरु | | सम्पर्क व्यक्ति | सम्पर्क नं |
|---|---|---|---|---|---|
| **सूचना तथा समन्वय** | जिल्ला प्रशासन कार्यालय (जिल्ला विपद् व्यवस्थापन समिति) | - नेपाली सेना<br>- सशस्त्रप्रहरी वल, नेपाल<br>- नेपाल प्रहरी (सघिय प्रहरी,प्रदेश प्रहरी, नगर प्रहरी )<br>- गाँउपालिका तथा नगरपालिका | - नेपाल टेलिकम<br>- नेपाल पत्रकार महासंघ कास्की<br>- राष्ट्रिय अनुसंधान कार्यालय कास्की<br>- जल तथा मौसम विज्ञान विभाग | शिव प्रसाद रिजाल | ९८५६०३७५०१ daokaski@gmail.com |
| **खोज तथा उद्दार** | जिल्ला प्रशासन कार्यालय, गाँउपालिका, नगरपालिकाहरु | - नेपाली सेना<br>- सशस्त्र प्रहरी बल, नेपाल<br>- सघिय प्रहरी, प्रदेश प्रहरी र नगर प्रहरी | - राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, कास्की<br>- नेपाल रेडक्रस सोसाइटी | शिव प्रसाद रिजाल | ९८५६०३७५०१ daokaski@gmail.com |
| **आवास तथा गैर खाद्य सामग्री व्यवस्थापन** | संघीय आयोजना कार्यान्वयन इकाई कास्की र नेपाल रेडक्रस सोसाइटी, कास्की शाखा | - स्थानीय तहहरु<br>- उद्योग वाणिज्य संघ हार्डवयर एसोसियसन<br>- लायन्स/रोटरी क्लवहरु<br>- जिल्ला प्रशासन कार्यालय कास्की<br>- डिभिजन वन कार्यालय<br>- ट्रक व्यवसायी समिति<br>- | - निमार्ण व्यवसायी संघ<br>- गैर सरकारी संघ महासंघ<br>- कम्युनिटी सपोर्ट ग्रुप नेपाल<br>- असल छिमेकी नेपाल<br>- सिद्धार्थ क्लव<br>- जिल्ला समन्वय समिति, कास्की | डोलराज पाण्डे ९८५६०२५१२८ नारायण प्रसाद भण्डारी ९८४१२९७२८३ | nrcskaski@gmail.com |
| **खाद्य कृषि तथा जिविकोपार्जन** | स्थानीय तहका कृषि विकास विभाग/शाखाहरु | - जिल्ला समन्वय समिति<br>- नेपाल खाद्य संस्थान<br>- नेपाल रेडक्रस सोसाईटी<br>- उद्योग वाणिज्य संघ<br>- बहिनी एजुकेयर<br>- गै.स.स महासंघ<br>- कृषि सामाग्री कम्पनी लिमिटेड<br>- साल्ट ट्रेडिङ लि वर्ड<br>- आमा मिलन केन्द्र | - दिदीबहिनी बचाउ कास्की<br>- महिला सशक्तिकरण सरोकार संघ नेपाल<br>- कोपिला नेपाल<br>- नारी सेवा केन्द्र<br>- बाल तथा महिला सशक्तिकरण समाज नेपाल<br>- इवाच नेपाल<br>- महिला सिप विकास संस्था | स्थानीय तहहरुका विभाग/शाखा प्रमुखहरु | |
| **सहयोग सामाग्री तथा राहत वितरण** | स्थानीय तहहरु | - जिल्ला प्रशासन कार्यालय, कास्की<br>- नेपाल रेडक्रस सोसाईटी<br>- वस व्यवसाय समिति<br>- ट्रक व्यवसायी समिति | - जिल्ला समन्वय समिति, कास्की<br>- उद्योग वाणिज्य संघ<br>- गै.स.स महासंघ<br>- लायन्स तथा रोटरी क्लवहरु<br>- निर्माण व्य. समितिहरु हार्डवयर एशोसियशन | शिव प्रसाद रिजाल | ९८५६०३७५०१ ९८५६०२४५०१ daokaski@gmail.com |

| | | | | | |
|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | खाने पानी तथा सरसफाई डिभिजन कार्यालय | - महानगरपालिका तथा गाँउपालिका (स्वास्थ्य शाखा)<br>- गै.स.सं महासंघ<br>- नेपाल रेडक्रस सोसाइटी जिल्ला<br>- शिक्षा समन्वय इकाई सेफ आवर हि. ट्रष्ट नेपाल | - जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय<br>- बाबा फाउण्डेसन<br>- ब्रिटिस गोर्खा वेलफेयर<br>- सामुदायिक वन उपभोक्त महासंघ<br>- स्वास्थय कार्यालय, कास्की | | ९८५६०५३११० |
| **स्वास्थ्य तथा पोषण** | स्वास्थ्य कार्यालय कास्की | - महानगरपालिका तथा गाँउपालिका (स्वास्थ्य शाखा,स्वास्थ्य विभाग<br>- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान<br>- जिल्ला अस्पताल,<br>- जिल्ला आयुर्बेद अस्पताल<br>- निजी अस्पतालहरु | - नौलो घुम्ती<br>- नेपाल आशा स्वास्थ्य सेवा<br>- परिवार नियोजन संघ<br>- औषधि व्यवसायी संघ<br>- म्यूनिटी सर्पोट ग्रुप<br>- जि. व्याय एड्स रोग नियन्त्रण संघ | | ९८५६०४८३५० dphokaski @gmail.com |
| **संरक्षण** | स्थानीय तहका सामाजिक विकास विभाग/शाखाहरु | - नेपाल प्रहरी (सघिय प्रहरी, प्रदेश प्रहरी र नगर प्रहरी)<br>- वृद्धाश्रमहरु<br>- वालगृह संजाल<br>- गै.स.स महासंघ<br>- गण्डकी वहिरा संघ | - राष्ट्रिय अपाङ्ग महासंघ<br>- ईन्सेक<br>- कास्की नेत्रहिन संघ<br>- सि.एस. जि<br>- ज्येष्ठ नागरिक महासंघ<br>- शक्ति समूह, पोखरा कार्यालय | स्थानीय तहहरु विभाग/शाखा प्रमुखहरु | |
| **आपत्कालिन शिक्षा** | शिक्षा विकास समन्वय इकाई, कास्की स्थानीय तहहरुका शिक्षा विभाग/शाखाहरु | - CTEVT<br>- शिक्षक महासंघ<br>- ने.रा.शि.सं<br>- ने.शि.सं<br>- अ.ने.शि.सं<br>- शिक्षा विकास केन्द्र<br>- जर्जजोन शिक्षा प्रतिष्ठान<br>- चिल्ड्रेन नेपाल | - शिक्षा उपक्रम नेपाल<br>- सिद्धार्थ क्लव<br>- साथीनेपाल<br>- गोनेसा<br>- प्याब्सन, एन प्याब्सन<br>- हिसान<br>- सामुदायिक सिकाई केन्द्र<br>- विद्यार्थी सँगठनहरु<br>- नौलो घुम्ती नेपाल<br>- असल छिमेकी नेपाल | स्थानीय तहहरु विभाग/शाखा प्रमुखहरु | |
| **पशु स्वास्थ्य** | स्थानीय तहहरुका पशु विकास विभाग / शाखाहरु | - नेपाल भेटनरी एसोसियसन<br>- हिमालयन एनिमल रेस्क्यु ट्रष्ट | - सामर्थ, सिप्रेड,<br>- नेल्टा, नेब्ला कास्की<br>- AHTCS पोखरा | स्थानीय तहहरु विभाग/शाखा प्रमुखहरु | |

# परिच्छेद-४

# विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना

४.१. **विषयगत क्षेत्र :** आपतकालिन सूचना र खोज तथा उद्दारमा समन्वय

**अगुवाई गर्ने निकाय:** जिल्ला प्रशासन कार्यालय, कास्की

**तालिका नं .७ विषयगत क्षेत्र आपतकालीन सूचना तथा समन्वयको अगुवा तथा सहयोगी संस्थाको सूची**

| क्र.सं | क्षेत्रगत साझेदारहरुको नाम | सम्पर्क व्यक्ति | टेलिफोन नं |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय ,कास्की | स.प्र.जि.अ. | ९८५६०३७५०१ |
| २ | नेपाली सेना ,भगवती दल गण | प्रमुख सेनानी गणपति | |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक | ९८५६००५५५५ |
| ४ | सशस्त्र प्रहरी बल नेपाल २४ नं हे .क्वा .कालिका कास्की | प्रहरी उपरीक्षक गणपति | ९८५१२७२०४७ |
| ५ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ,कास्की | अनुसन्धान उप निर्देशक | ९८५६०६५१०१ |
| ६ | जिल्ला समन्वय समिति कास्की | सदस्य | ९८५६०७७१३६ |
| ७ | जल तथा मौसम विज्ञान विभाग ,हावापानी कार्यालय पोखरा | कार्यालय प्रमुख | ९८५६०७९२९९ |
| ८ | नेपाल टेलिकम | कार्यालय प्रमुख | 9851020004 |
| ९ | नेपाल पत्रकार महासंघ ,कास्की | अध्यक्ष | ९८५६०३२२८८ |
| १० | पोखरा महानगरपालिका | प्रमुख | ९८५६००३०३५ |
| ११ | मादी गाउँपालिका | प्रमुख | ९८५६०७२६०१ |
| १२ | रुपा गाउँपालिका | प्रमुख | ९८५६०८४००९ |
| १३ | माछापुच्छ्रे गाउँपालिका | प्रमुख | ९८५६०१७३११ |
| १४ | अन्नपूर्ण गाउँपालिका | प्रमुख | ९८५६००१७०० |

**४.१.१ मुख्य विपद्को किसिम: बाढीपहिरो, चट्याङ्ग, भूकम्प, खडेरी, आगजनी, हावाहुरी, नदिकटान तथा महामारी**

<u>विपद्को अनुमानित अवस्था:</u>

- यस जिल्लामा हुने गरेका बाढीपहिरो चट्याङ्ग, भूकम्प, असिना, खडेरी आगजनी लगायत प्रकोपबाट हुने विपद्को जोखिमबाट सम्भाव्य प्रभावित ३०० परिवारका १५०० जना हुन सक्नेछन् ।
- गाउँपालिकाहरुमा रहेका सञ्चार उपकरणहरु अबरुद्ध वा नष्ट भई सूचना आदानप्रदानमा समस्या आउन सक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा कठिनाइ उत्पन्न हुन सक्छ ।

- बाढी तथा भूकम्पको कारण भौतिक पूर्वाधारहरु जस्तै भवन, पुल, कलभर्ट सडक, विद्युत प्रशारण लाइन क्षती हुनसक्छ ।
- आगलागि तथा जङ्गली जनावरका कारण भौतिक संरचना घरगोठ, धनमाल तथा मानवीय क्षती हुनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा दक्ष जनशक्तिको अभाव हुनसक्छ ।
- महामारी जन्य सम्भाव्य रोगहरु देखा पर्न सक्छन ।
- कृषिवालीमा रोगजन्य तथा किट जन्य प्रकोप हुन सक्नेछ ।

**४.१.२ विषयगत उद्देश्य :**

- सूचना संकलन एवं व्यवस्थापनका लागि स्थानीय तहहरुले विपद् लेखाजोखा मार्गदर्शन अनुसारको ढाँचा तथा सूचना संकलन एवं व्यवस्थापनका लागि जनशक्ति तयारी अवस्थामा राख्ने ।
- स्थानीय तह गा.पा/ न.पा.मा सूचना तथा सम्पर्क व्यक्ति तोक्ने
- विभिन्न किसिमका प्रकोपहरुका कारण हुन सक्ने विपद्को जोखिम सम्बन्धी पूर्व जानकारी सञ्चार माध्यम मार्फत दिने व्यवस्था मिलाउने ।
- विपद्को समयमा गठित सबै विषयगत क्षेत्रहरुको उपयुक्त परिचालन तथा समन्वय कायम गर्ने ।
- प्राप्त सूचनाहरु संकलन तथा विश्लेषण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र र जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सम्प्रेषण गर्ने ।

**४.१.३. रणनीति**

- स्थानीय तहमा हुनसक्ने संभावित विपद्को सूचनाहरु, विषयगत क्षेत्रहरु, सुरक्षा निकाय, स्थानीय राजनीतिक दल, नेपाल रेडक्रस सोसाइटी, सञ्चार माध्यमहरु, स्थानीय समुदायसँग समन्वय गरी प्रभावित क्षेत्र तथा जिल्ला विपद् व्यवस्थापन समितिमा सूचना सम्प्रेषण गर्ने ।
- संभावित प्रकोप हुनसक्ने अवधिभर र विपद्को समयमा स्थानीय समाचार माध्यम (एफ.एम रेडियो, टि.भी, पत्रिका) मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।
- विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय बनाउन भूमिका निर्वाह गर्ने

## तालिका नं ८ विपद् अवस्थामा आधारित आपतकालिन प्रतिकार्य योजनाः

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| **०-२४ घण्टा** | तत्कालै गाउँपालिका तथा नगरपालिकाका सूचना अधिकारीहरुबाट सूचना लिने<br>- IRA गर्ने<br>- स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा सुरक्षा निकाय परिचालन गर्ने<br>- सम्भाव्य प्रभावित समुदायहरुलाई सूचना एफ एम रेडियो र टेलिफोन मार्फत केन्द्रीय निकायमा सूचना प्रवाह गर्ने/गर्न लगाउने<br>- घाइतेहरुको उपचारको लागि आवश्यक समन्वय गर्ने<br>- उद्धार गरिएका व्यक्तिहरुको लागत तयार गर्ने<br>- प्रतिवेदन सम्बन्धित निकायमा पठाउने | - स्थानीय तहमा रहेको सरोकारवाला निकायको सम्पर्क व्यक्तिको टेलिफोन नम्बर अद्यावधिक गर्ने<br>- प्रभावित हुने समुदायहरुलाई मेगाफोन र साईरन मार्फत जानकारी गराउने ।<br>- प्रत्येक समुदायमा सूचना बारे अपडेट गराई राख्ने ।<br>- प्रभावित समुदायमा पहुँच योग्य रेडियो , एफ.एम .सँग सम्पर्कमा रहि निरन्तर सूचना सम्प्रेषण गर्ने ।<br>- प्रभावित व्यक्तिहरुलाई उपचारको लागि शिविर व्यवस्थापन गर्ने ।<br>- उद्वार गरिएको व्यक्ति घाइते र विस्थापित हरुको लगत तयार गरी सम्बन्धित निकायमा पठाउने । | - स्थानीय तहको नयाँ संरचना<br>- बाटो कल्भर्टहरुमा क्षती हुन सक्ने<br>- प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>- अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने ।<br>- शिविर व्यवस्थापनका लागि उचित ठाँउ छनौटमा कठिनाई हुन सक्ने ।<br>- समन्वय र सहयोगमा ढिलो भएमा प्राथमिक उपचार शिविर सञ्चालनमा ढिलाई हुने । | - जिल्ला विपद् व्यवस्थापन समिति,<br>- स्थानीय विपद् व्यवस्थापन समिति,<br>- जिल्ला प्रहरी कार्यालय,<br>- नेपाल रेडक्रस सोसाइटी<br>- स्थानीय सञ्चार माध्यमहरु | १ लाख |
| **२४-४८ घण्टा** | - विपद्बाट प्रभावितहरुको लगत तयार गर्ने<br>- अस्थायी शिविर व्यवस्थापन गर्ने<br>- मृत जनावर घरपालुवा चौपाया को दुर्गन्ध व्यवस्थापन गर्ने<br>- अस्थायी शिविर सुरक्षा व्यवस्थापन कार्य गर्ने | - तयार गरिएको लगतका आधारमा राहत वितरणका लागि विषयगत क्षेत्र परिचालन गर्ने<br>- अस्थायी शिविरमा सुरक्षा व्यवस्था गर्न सुरक्षा निकायहरुलाई परिचालन गर्ने । | पालिकाहरुले जनशक्ति तयार गर्नुपर्ने | जिल्ला प्रशासन कार्यालय , स्थानीय विपद् व्यवस्थापन समिति,जि.स.स., जिल्ला प्रहरी कार्यालय | ७ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| **४८-७२ घण्टा** | - खोज तथा उद्दार कार्य निरन्तरता दिने<br>- दुर्गन्ध व्यवस्थापन गर्ने ।<br>- व्यक्तिगत क्षती भएको सम्पतिको विवरण संकलन गर्ने<br>- MIRA फाराम भर्ने | - व्यक्तिको क्षती भएका विवरणलाई सम्प्रेषण गरी सम्बन्धित निकायमा पठाउने ।<br>- सुरक्षा निकायलाई विपद् सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने | - समयमै व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैलन सक्ने ।<br>- दक्ष जनशक्ति नभएर गलत तथ्याङ्क आउन सक्ने । | - जिल्ला प्रशासन कार्यालय , स्थानीय विपद् व्यवस्थापन समिति ,सुरक्षा निकाय | २५ लाख |
| **विपद्को घटना पश्चातको अवधि** | - विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | - आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | - कार्य संबोधन गर्न खाडलको पहिचान | - मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
| **३-७ दिन ७२ घण्टा देखि ७ दिन** | - उद्दार कार्यमा निरन्तरता प्रदान गर्ने<br>- शिविर व्यवस्थापनमा सहयोग गर्ने<br>- स्वास्थ्य शिविर सञ्चालन गर्ने | - सुरक्षा निकायमा समन्वय गर्ने<br>- सामुदायिक भवन तथा सूरक्षित आश्रय स्थलको पहिचान गरी तयारी अवस्थामा राख्ने<br>- विषयगत क्षेत्रलाई तयारी अवस्थामा राख्ने | - समन्वय र उद्दार कार्य हुन नसकेमा जनधनको क्षती हुन सक्ने | - स्थानीय विपद् व्यवस्थापन समिति ,सुरक्षा निकाय ,विषयगत क्षेत्र | |
| **एक साता देखि १ महिनासम्म** | - समन्वय र सुरक्षा व्यवस्थापन<br>- स्वास्थ्य शिविर सञ्चालन सहयोग | - DDMC को बैठक बस्ने<br>- सुरक्षा समितिको बैठक बस्ने<br>- खाद्य विषयगत क्षेत्रलाई राहतका लागि परिचालन गर्ने<br>- उपचार कार्यालाई निरन्तरता दिने | - समयमा खाद्य सामग्री उपलब्ध गराउन नसक्दा भोकमरी कुपोषण वृद्धि हुने<br>- महामारी फैलन सक्ने | - स्थानीय विपद् व्यवस्थापन समिति ,सुरक्षा निकाय ,समुदाय | |

## तालिका नं ९ – कार्यान्वयन योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूचि | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १. | स्थानीय तहहरुको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने | स्थानीय तहहरु | संकटासन्नता ,जोखिम नक्साङ्कन तथा क्षमता विश्लेषण | जेष्ठ भित्र |
| २. | महानगरपालिका तथा गाउँपालिकाहरुमा सूचना सम्पर्क व्यक्तिहरुलाई अभिमुखिकरण गर्ने तथा आवश्यक फोन नम्बरहरु उपलब्ध गराउने | स्थानीय तह | बैठक ,कार्यशाला | ज्येष्ठ भित्र |
| ३. | स्थानीय तहहरुमा विषयगत क्षेत्रहरु तथा स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्रहरुको आपतकालिन सम्पर्क नं अद्यावधिक गर्ने | स्थानीय तह | बैठक ,कार्यशाला | निरन्तर |
| ४ | सञ्चारकर्मीहरुलाई www.hydrology.gov.np, www.drrportal.gov.np, flood forecast का बारे जानकारी गराउने | DEOC, जिल्ला प्रशासन कार्यालय , गाउँपालिका , नगरपालिका | बैठक कार्यशाला | ज्येष्ठ भित्र |

## ४.२. विषयगत क्षेत्र : आपतकालिन खोज तथा उद्धार

### ४.२.१ मुख्य विपद्को किसिम :

बाढीपहिरो, चट्याङ्ग, भूकम्प, आगजनीबाट हुन सक्ने सम्भावित मानवीय असर):

- प्रभावित ३०० घरपरिवारका करिब १५०० जनालाई तत्काल उद्धार गर्नुपर्ने अवस्था हुन सक्नेछ ।
- बाढीपहिरोबाट भौतिक संरचनाहरु, घर, बाटो, पुल कलभर्ट आदि भत्किन सक्छ, यातायात अवरुद्ध हुनसक्ने ।
- मानिसहरु वेपत्ता हुने, पुरिने, बगाउने, नदी बीचमा फस्ने, घाइते हुने तथा मानवीय क्षती हुनसक्ने ।
- शहर उन्मुख वस्तीहरु भूकम्पिय जोखिममा पर्ने ।
- सूचना सम्पर्क बिच्छेद हुने र कायम गर्न कठिन हुने ।
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायीरुपमा क्षती, बाल-बालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता (अपाङ्ग) भएका मानिसहरु मुख्य रुपमा प्रभावित हुने ।
- विद्यालयमा कक्षा कोठा, प्रहरी चौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरु माथि चाप पर्ने ।
- सामुदायिक संस्थागत ठाँउहरुमा अस्थायी आवासमा बसेको समयमा चोरी, लुटपाट, बलात्कार र मानव बेचबिखन जस्ता घटनाहरु हुन सक्ने ।

### ४.२.२ विषयगत उद्देश्य :

- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानवीय क्षती कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्ने ।
- विपद्मा परेका समुदायलाई उद्धार गरी सूरक्षित आश्रय स्थलमा राख्ने ।
- विपद्को समयमा प्रभावित समुदाय तथा सुरक्षा पोष्टहरुमा खोज तथा उद्धारका लागि आवश्यक सामाग्रीहरुको प्रबन्ध मिलाउने ।
- विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु, विशेष गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग तथा असहायहरुलाई खोजी कार्यमा प्राथमिकता दिने ।
- विपद्मा कारणले जीवन जोखिममा परेका व्यक्तिहरुको प्राथमिकताअनुसार उद्धार गर्ने ।
- विपद्मा परेकालाई समयमै आधारभूत आवश्यकताका राहत सामग्री वितरण गर्ने ।

### ४.२.३ मानवीय सहयोगका मापदण्ड :

- विपद्को लगत्तै उपकरण सहित खोजी तथा उद्धार (Search & Rescue) टोली खटाउने ।
- समन्वय बैठक र प्रतिवेदनका बारेमा जानकारी गराउने ।
- सुबिधाबाट एकदमै बञ्चित समूह/संकटासन्न अवस्थामा रहेका व्यक्ति लगायत सबैलाई गरिएको उद्धार र वितरण गरिएका सहयोग सम्बन्धी गतिविधिको अनुगमन ।
- अवस्था हेरी MIRA (Multicluster Initial Rapid Assessment) टिम खटाउने ।

- पहिलो हप्तामा परिस्थितिका बारेमा दैनिक र त्यस पछि हरेक दुई हप्ता पछि प्रतिवेदन पेश गर्ने।
- शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination & Camp Management) को अनुगमन तथा प्रतिवेदन तयार गर्ने (फाराम सहितको संयन्त्र)
- पहिलो हप्तामा हरेक दिन र प्रकोप भएको २४ घण्टा भित्र समाचार सञ्चार माध्यममा पठाउने ।
- नियन्त्रण तथा मानवीय सहयोग सम्बन्धी मापदण्ड कायम गर्ने सांस्कृतिक, सामाजिक तथा आर्थिक रुपमा स्वीकार गर्न सकिने सामग्री-दाता/ सहयोग उपलब्ध गराउने (निकायबाट प्रत्यक्ष वितरण होइन) ।
- स्थानीय विपद् उद्धार समितिलाई सक्रिय पार्ने (अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन) ।

**तालिका नं १० खोज तथा उद्धार क्षेत्रको आपतकालिन पूर्वतयारी योजना**

| अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन (०-२४ घण्टा)** | - प्राप्त सूचनाको आधारमा समन्वय गरी संयुक्त टोली परिचालन गरी उद्धार तथा प्राथमिक उपचार गर्ने ।<br>- ठूला विपद्हरुको सामना गर्न घटना आदेश प्रणाली Incident Command System लागु<br>- पीडित घाइतेहरुको सम्बन्धमा<br>- तत्काल घटना स्थलमै उपचारको व्यवस्था मिलाउने र शिकिस्त घाइतेलाई अस्पताल पठाउने<br>- एम्बुलेन्स सेवा , आपतकालीन प्राथमिक उपचार र घाइतेका लागि यातायातको व्यवस्था तत्काल मिलाउने<br>- आगो लागेको ठाउँमा आगो निभाउने तथा नियन्त्रण गर्ने<br>- सडक सम्पर्क न्यूनतम पुन:स्थापना गर्ने | - विगतका विपद् सम्बन्धी घटनाको सूचना संकलन , सम्भावित विपद्को पहिचान एवं अनुगमन गर्ने र उद्धार गर्नु पर्ने स्थलको एकिन गर्ने , विपद् जोखिम बारे नक्साङ्कन गर्ने र समन्वयात्मक छलफल गर्ने<br>- खोजी तथा उद्धार एवं क्षतीको निर्धारण तथा आवश्यकतालाई लेखाजोखा गर्ने कार्यमा सरकारी , गैर/सरकारी सँगठन ,स्थानीय निकाय ,निजी क्षेत्र तथा समुदायमा आधारित सँगठनहरुको भूमिकालाई स्पष्ट गरिने छ<br>- सम्पर्क व्यक्तिलगायत खोजी तथा उद्धार आवश्यकताको निर्धारण सञ्चालन गर्ने जिम्मेवार निकायहरुको पहिचान गरी पहिचान गरिएका निकायहरुलाई औपचारिक रुपमा जिम्मेवार प्रदान गरिने छ ।<br>- खोजी तथा सहज उद्धारका लागि आवश्यक पर्ने ठूला उपकरण Heavy Equipment तथा | - संयुक्त रुपमा नक्साङ्कनको अभाव रहेको ,यसका लागि सबै निकायहरुलाई जिम्मेवार बनाउनु पर्ने<br>- तालिम प्राप्त कार्यदलको आवश्यकता छ<br>- Disaster Prone इलाकाको पहिचान गरी जोखिमको स्तर निर्धारण तथा Hazard Map बनाउनु पर्ने ।<br>- जिल्ला तहका तालिम प्राप्त खोज तथा उद्धार सदस्यहरुले स्थानीय तहमा खोज तथा उद्धारका लागि स्वयंसेवकको विकास<br>- जिल्लाहरुका लागि आवश्यक आपतकालीन सामग्रीहरु<br>- प्रत्येक स्थानीय तहको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण<br>- बाढी /पहिरो | जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय , स्थानीय सरकार | ४० लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | - भिड व्यवस्थापन गरी स्थान खाली गर्ने<br>- पीडितहरुलाई नजिकको अस्थायी शिविरहरुमा पठाउने | औजारहरुको परिचालन तथा उपयोग निर्देशिकाहरुको विकास गरिने र विपद्को लागि आवश्यक पर्ने जनशक्तिलाई उच्च सतर्कता High Alert मा राख्ने ।<br>- जिल्ला र स्थानीय विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार समुहको क्षमता विकास गर्ने र प्रत्येक विपद् प्रभावित समुदायमा आवश्यकता अनुसार समुह गठन गरी क्षमता विकास गर्ने<br>- सुरक्षा सम्बन्धि सबै निकायले खोज एवं उद्धारका लागि भण्डारण गरिएका सामग्रीहरुको अवस्थाको जाँच गर्ने ,उद्धार सामग्रीको थप आवश्यकता अनुसार तयारी गर्ने<br>- तिनवटै सुरक्षा निकायहरुमा जिल्ला तथा स्थानीय तहमा निर्दिष्ट स्टाफ र दमकल सहितको विपद् व्यवस्थापनका पूर्ण सामग्री सहितको एकाइ टोली तयारी अवस्थामा राख्ने । | - OBM डुङ्गा १ ,रवर डुङ्गा १<br>- आगजनी<br>- फायर एक्सिटंग्यूजर एबिसि १५ ,Fire Proof Suit(Jacket Trouser) ११ जोर | | |
| **दोश्रो दिन )२४-४२ घण्टा)** | - पहिलो दिनको कार्य मूद्ल्यांकनको आधारमा थपघट गरी टोली परिचालन आवश्यकताको पहिचान गरी समन्वयात्मक उद्धार र विशिष्ट व्यक्तिहरुको सुरक्षार्थ टोली परिचलन निरन्तर<br>- विषयगत क्षेत्रले घटनाको वस्तुगत विवरण तयार पार्ने<br>- खोज तथा उद्धार र राहतका सामग्रीहरुका सम्बन्धमा यातायात तथा ढुवानी सुविधाको प्रबन्ध गर्न स्थानीय तहमा रहेका<br>- | - प्रारम्भिक खोजी Search & Rescue तथा उद्धार ,बृहत् खोजी तथा उद्धारका टिमहरुमा परिचालनको तौरतरिका र सुरक्षाको व्यवस्था प्रभावकारी रुपमा गर्नका लागि विगतका सिकाइहरुलाई आत्मसात् गर्न अभिमुखिकरण गरिने छ ।<br>- विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउने एकिकृत प्रणालीको विकास गर्ने । यस प्रणालीमा राष्ट्रिय ,जिल्ला स्तरीय ,महानगर/गाउँ तथा वडा तहमा क्रियाशिल निकायहरुमध्ये कार्य क्षेत्र अनुरुप हरेकको भूमिका तथा जिम्मेवारी प्रष्ट निर्धारण गर्ने र अन्तर निकाय समन्वयका लागि आवश्यक प्रतिवेदन दिने व्यवस्था मिलाएको हुने छ । | - स्थानीय तहमा रहेका स्वयंसेवकको सूची जिल्लाको खोज तथा उद्धार विषयगत कार्यालयमा उपलब्ध नभएको<br>- जिल्ला र स्थानीय तहमा रहेका खोज तथा उद्धार कार्यदल बिच उद्धारका लागि संयुक्त प्रयास र प्रभावकारी संयन्त्रको विकास नभएको<br>- स्थानीय तहमा रहेका खोज तथा उद्धार कार्यदल र जिल्ला तहमा रहेका खोझ तथा उद्धारका जिम्मेवार निकायमा निश्चित व्यक्तिहरुको नामावली र नियमित रुपमा एक आपसमा | | **५ लाख** |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्वयंसेवकहरुको आवश्यकता अनुसार सहयोग लिइने | - आपतकालिन परिस्थितिमा सुरक्षा संयन्त्रले उपलब्ध गराउने प्रतिकार्य सहयोगमा नेपाली सेना ,नेपाल प्रहरी ,सशस्त्र प्रहरी बलको मानवीय तथा सस्थागत स्रोतहरु परिचालन गर्ने संयन्त्रको विकास गरिएको हुनेछ ।<br>- प्राथमिक उपचार ,सामान्य खोजी तथा उद्दारका Search & Rescue आवश्यक उपकरणको भण्डारण गर्ने र समुदायहरुको क्षमता अभिवृद्धि गर्दै लैजाने व्यवस्था मिलाइएको हुनेछ ।<br>- रेडक्रस ,स्थानीय क्लब तथा उद्धारसँग सम्बन्धित अन्य संघ संस्थाहरुलाई सामाजिक सेवाको क्षेत्रमा तत्काल परिचालन गर्ने व्यवस्था सुनिश्चित गरिएको हुनेछ ।<br>- विपद् संभाव्य क्षेत्रहरुमा यातायात सेवा तथा सुविधाहरुलाई सुदृढ पारिनेछ ।<br>- नेपाल सरकारले आवश्यक परेको बेलामा उपयोग गर्न सकिने भनी बैकल्पिक स्थानीय तहमा उद्धार सामग्रीको व्यवस्थापन तथा वितरणका लागि समुदायमा आधारित सङ्गठन ,गैर/सरकारी संस्था तथा अन्य सरोकारवालाको उपयोगका निम्ति संयन्त्रको विकास गरिएको हुनेछ । | सिकाई अनुभव र भावी योजनाका बारेमा छलफल अनिवार्य गरी रेकर्ड राख्ने | | |
| **पहिलो हप्ता** | - उद्धार गरिएकाहरुको निरन्तर उपचार तथा पुर्नस्थापना स्थलमा पठाउने । | - घाइतेहरुको प्राथमिकताका आधारमा छिटो छरितो उपचारका लागि स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी पर्नसक्ने संभावित विपद्लाई मध्यनजर गरी तयार गर्ने | - एम्बुलेन्सहरुलाई परिचालनमा समन्वयात्मक कठिनाई | जिल्ला प्रशासन कार्यालय , सुरक्षा निकाय | आवश्यक नभएको |
| **पहिलो महिना** | - विपद् घटनाको खोज तथा उद्धार प्रयासको विश्लेषण सहित DDRC मा प्रतिवेदन पेश गर्ने | - विषयगत क्षेत्रका सदस्यहरुलाई सूचना संकलन ,विश्लेषण र प्रतिवेदन तयारीका लागि तालिम र प्रतिवेदनका लागि जिम्मेवारी तोक्ने | - विपद्को कारण MSR अवरुद्ध हुने सम्भावना रहने | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय | आवश्यक नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| **दोश्रो महिना** | - विपद्को चेतावनी दिने केन्द्र तथा व्यवस्थापन गर्ने केन्द्रहरु ,आवश्यक ठानिएका तथा भत्किएका तथा महत्वपूर्ण लेखाजोखा गरी मर्मत तथा पुन:निर्माण गर्नका लागि आवश्यक प्रकृया गर्ने | - विपद्को चेतावनी दिने केन्द्र तथा व्यवस्थापन गर्ने केन्द्रहरुको विवरण अद्यावधिक राख्ने | - | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय | आवश्यक नभएको |
| **तेश्रो महिना** | - जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समय सापेक्ष परिमार्जन गर्ने<br>- सूचना र समन्वय दिगो बनाउने | - जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समय सापेक्ष परिमार्जन गर्नको निम्ति समन्वयकर्ता तोक्ने<br>- रेकर्ड प्रणाली चुस्त राख्ने | | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय | आवश्यक नभएको |

## ४.३. विषयगत क्षेत्र - आपतकालिन आवास तथा गैर खाद्य

**४.३.१ मुख्य विपद्को किसिम:** बाढीपहिरो, आगजनी, चट्याङ्ग, हावाहुरी

**४.३.२ विपद्को अनुमानित अवस्था:**

**जोखिममा पर्ने अनुमानीत जनसंख्या :** उच्च जोखिममा रहेका गाउँपालिका तथा महानगरपालिकाका वडाहरुमा उल्लेखित विपद्का कारण ५०० परिवारको लागि अस्थायी शिविरको व्यवस्थापन गर्नुपर्ने अवस्था आउन सक्ने आँकलन गरिएको छ ।

- व्यक्तिगत घरहरु, सार्वजनिक र सामुदायिक भवनहरु क्षती/नष्ट भएको हुनेछ ।
- विपद्ले विस्थापित भई खुल्ला स्थानमा बसोबास गर्नुपर्ने अवस्था सृजित हुनेछ ।
- यातायातमा अवरुद्ध भई आवतजावतमा कठिनाई हुन सक्नेछ ।
- सूरक्षित आश्रय स्थल तथा गैर खाद्य सामग्रीको अभाव हुनसक्नेछ ।
- अपाङ्गता, बालबालिका, विशेष परिस्थितिका महिला, जेष्ठनागरिकलाई दैनिक जीवन निर्वाहमा अप्ठ्यारो परिस्थिति सृजना हुनेछ ।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरु, सार्वजनिक भवन, सामुदायिक आश्रयस्थल जस्ता सार्वजनिक संरचनाहरुमा विस्थापित मानिसहरुको बसोबासको लागि दवाव पर्ने ।

**४.३.३ विषयगत उद्देश्यहरु :**

- तत्काल गैर खाद्य सामग्री त्रिपाल कम्मल आदिको व्यवस्थापन गर्ने ।
- सुरक्षित वासको लागि स्थान तथा आश्रयस्थल पहिचान गरी शिविरहरु र अस्थायी भौतिक संरचना निर्माण गर्ने ।
- विपद्का कारणले घरवार विहिन मानिसहरुका निम्ति स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्ने

**४.३.४ रणनीति :**

- विपद्को समयमा भौतिक तथा मानवीय क्षती न्यूनिकरणका लागि तत्काल उपलब्ध स्थानीय श्रोत र साधनको उच्चतम प्रयोग गरी आकस्मिक शिविर व्यवस्थापन गर्न स्थानीय निकाय तथा सरोकारवालाहरुको समन्वयमा स्थानीय स्तरका स्वयंसेवकहरुलाई व्यवस्थापन र परिचालन गर्ने ।
- विपद् प्रभावित व्यक्ति/परिवारहरुका लागि समयमा नै राहत प्रतिकार्य समूहको पहूँच सुनिश्चित गरी गैर खाद्य सामग्रीको उपलब्धता तथा सुरक्षित स्थलहरुमा अस्थायी आवासको व्यवस्था गरी विपद्को अवस्थाबाट जनजीवन सामान्य बनाउने
- विपद्बाट पूर्ण रुपमा प्रभावित हुनसक्ने पूर्वानुमान गरिएका परिवारलाई तत्काल अस्थायी आवासको व्यवस्था गर्ने र आवश्यकता एवं श्रोतको उपलब्धताको आधारमा गैरखाद्य सामग्री उपलब्ध गराउने ।

**४.३.५ मापदण्ड (स्फेयर अनुसार)**

- एक व्यक्तिको लागि ३.५ वर्ग मिटर क्षेत्रफल हुनु पर्दछ । पानी नजम्ने भिरालोपन १ % देखि ६ % सम्म हुनुपर्ने ।
- प्रति परिवारका लागि न्यूनतम ४५ वर्ग मिटर भुँइ क्षेत्र हुनु पर्नेछ ।
- प्रभावितहरुका लागि तयार गरिने बस्ती क्षेत्र वर्षायाममा आउने पानीको सतह भन्दा ३ मिटर उचाइमा हुनु पर्दछ ।
- छनौट गरिएको ठाँउमा स्वच्छ हावा तथा हावा वारपार गर्न सक्ने हुनु पर्दछ ।
- गर्मी ठाँउ तथा जाडो ठाँउका लागि स्वास्थ्यमा प्रतिकूल असर नपर्ने सामग्रीहरुको प्रयोग गरी आवासको व्यवस्था गरिनुपर्दछ ।
- बस्ती बसाउने ठाँउ सडक देखि ५ कि.मि. भन्दा टाढा हुनु हुदैन र प्रशस्त खाली ठाँउमा भएको हुनु पर्दछ ।

**आवास निर्माणको खाका**

**क्याम्प डिजाइन**

| | | |
|---|---|---|
| एकाई | १ परिवार | ४ देखि ६ जना |
| ↓ | | |
| क्लस्टर | १६ परिवार | ८० जना |
| ↓ | | |
| ब्लक | १६ क्लस्टरहरु | १२५० जना |
| ↓ | | |
| सेक्टर | ४ ब्लकहरु | ५००० जना |
| ↓ | | |
| क्याम्प | ४ सेक्टरहरु | २०००० जना |

**घरायसी सामानका लागि**

- १ वटा बिर्को भएको पकाउने भाँडो
- १ डेक्ची
- १ चक्कु
- २ वटा डाडुपन्यू
- २ वटा पानी थाप्ने जार (भाडा) १ देखि २० लिटरसम्म
- एक व्यक्तिका लागि १ वटा गिलास, १ वटा खाने प्लेट

**तालिका ११ एक अस्थायी सेल्टरको लागि अनुमानीत न्यूनतम लागत**

| त्रिपाल | १ थान | रु ३६००।०० |
|---|---|---|
| प्लास्टिक | २० मिटर | रु २०००।०० |
| बाँस | ८ वटा | रु २४००।०० |
| डोरी | ६० मिटर | रु ६७०।०० |
| काँटी | ३ के.जी. | रु ३३०।०० |
| व्याण्डीङ वायर | १ के.जी. | रु २००।०० |
| ढुवानी व्यवस्थापन | | रु २६००।०० |
| दक्ष मिस्त्री | ३ जना | रु ४६००।०० |
| जम्मा | | रु १६,६००।०० |

**तालिका नं १२ तोकिएको विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना**

## विषयगत क्षेत्र :आपतकालीन आवास तथा गैर खाद्य

| घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य विपद्को प्रकृतिमा आधारित | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन २४-०) (घण्टा** | - क्षेत्रगत सदस्यहरुसँग सञ्चार तथा समन्वयात्मक बैठक<br>- प्रारम्भिक सूचना तथा तथ्याङ्क संकलन | विषयगत क्षेत्रगतका निकायहरुको सम्पर्क नं अद्यावधिक गरिएको हुनेछ । | IRA फाराम र जनशक्ति तयार गरिएको हुनुपर्ने | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा र सम्बन्धित पालिका | |
| **दोस्रो दिन ४८-२४) (घण्टा** | - नेपाल रेडक्रस सोसाइटीको लेखाजोखा सम्बन्धी फारामको प्रयोग गरी द्रुत लेखाजोखा गर्ने<br>- IRA= Initial Rapid Assessment<br>- प्रारम्भिक द्रुत लेखाजोखा औजारका प्रतीकहरु उपलब्ध गराउने<br>- जनशक्ति, सामग्री र कोष व्यवस्थापन | ३०० घरधुरीका लागि आवश्यक पर्ने लेखाजोखा सम्बन्धी फारमको व्यवस्था भएको हुनु पर्नेछ । | सर्वेक्षण टोलीबाट प्रारम्भिक प्रतिवेदन तयार हुने | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा र सम्बन्धित पालिका | १६ हजार |
| **पहिलो हप्ता** | - विस्थापितको सङ्ख्या र जानकारी लिने । पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउने<br>- आश्रय घर निर्माण गर्नका लागि दक्ष जनशक्ति परिचालन र स्फेयर Spherको k मापदण्डको पालना गर्ने । | जिल्लाका विभिन्न परिवारका लागि अस्थायी बसोबासका लागि सुरक्षित स्थान पहिचान र उपलब्धता भएको | त्रिपालहरु नेरेसो तथा स्थानीय सामुदायीक बनावट, ढलापला रुख, बाँस, निगालाको व्यवस्थापन गरी सेवा सुरु गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु, रडक्रस तथा क्षेत्रगत निकायहरु | ६०० परिवारका लागि प्रति परिवार १६६०० का दरले पर्ने आवश्यक सामग्रीहरु |
| **दोस्रो हप्ता** | - प्रारम्भिक लेखाजोखाकाको प्रतिवेदन तयार पार्नका लागि आधार रेखा र तथ्याङ्कको समीक्षा गर्ने<br>- प्रभावित परिवारको अनुगमन गर्नका लागि प्रभावित गाउँपालिका तथा नगरपालिका सँग सम्बन्धित तथ्याङ्कको जानकारी माग गर्ने<br>- प्रभावित क्षेत्रमा विद्यमान सेवा उपलब्ध गराउने संस्थाहरुको समीक्षा गर्ने<br>- आश्रय घर निर्माण सामग्री व्यवस्थापन र समन्वय गर्ने | - स्थानीय स्तरमा क्षमता विकासका लागि कार्य भएको<br>- प्रतिवेदन तथा सर्वेक्षण, तथ्याङ्क सम्बन्धित तालिमहरु सञ्चालन भएका<br>- सहभागितात्मक तरिका सूचना तथ्याङ्कको प्रमाणीकरण | वडा सचिवहरुलाई सर्वेक्षण तथा प्रतिवेदन सम्बन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, रेडक्रस तथा क्षेत्रगत निकायहरु | ३लाख ५. |
| **पहिलो महिना** | - आवश्यकता अनुसार ओछ्याउने, ओढ्ने, लगाउने कपडा तथा खाना पकाउने, दाने भाँडाकुँडा विना भेदभाव | ३०० सेट गैर खाद्य सामग्री भण्डारण | रेडक्रस, सहरी भवन डिभिजन कार्यालयको अगुवाइमा | सहरी विकास तथा भवन डिभिजन कार्यालय, जिल्ला विपद् व्यवस्थापन | ४७ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | वितरण गर्ने गैर खाद्य सामग्री ) (वितरण<br>- आश्रय स्थल निर्माण<br>- ढुवानीको व्यवस्था | | | समिति, स्थानीय तह, रेडक्रस तथा क्षेत्रगत निकाय | |
| **दोस्रो महिना** | - आवास तथा गैर खाद्य, क्षेत्रगत निकाय लगायत सरोकार निकायबिच छलफल गरी सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन समिति गठन भएको ।<br>- आवास राहत कार्यको व्यवस्थापन भएको हुने । | निरन्तर सञ्चालन | | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, रेडक्रस सोसाइटी अन्तर्गतका उपशाखा र स्थानीय निकायहरु | २८ हजार |
| **सो भन्दा बढी** | - शिविर व्यवस्थापन समिति गठन गरी अन्य पुर्नलाभका काम गर्ने ।<br>- विभिन्न दातृ निकाय स्थानीय संघसंस्था र सरकारी निकायसँग समन्वय गरी स्रोत जुटाउने । | केही हद सम्म सामग्री मौज्दात रहेको | पुर्नलाभ कार्यक्रमका लागि बजेट तथा सामग्रीको अभाव | जिल्ला विपद् व्यवस्थापन समिति, जिस.स., स्थानीय तह तथा क्षेत्रगत निकायहरु | * |

**जिल्ला विपद् व्यवस्थापन समिति मार्फत केन्द्रसँग माग गर्ने र स्रोत जुटाउन पहल गर्ने*

कुनै पनि विपद् (आगजनी, भू-कम्प, बाढी, पहिरो, हावाहुरी) पश्चात मानिसहरु विस्थापित हुन सक्ने जिल्ला सदरमुकाम तथा वडाहरुमा सुरक्षित खुल्ला स्थान पहिचान गरिनु पर्दछ । त्यस्ता स्थलहरुको सूची प्रत्येक वडाहरुले पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्दछ । त्यस्ता स्थलहरुको न्यूनतम भौतिक पूर्वाधार (खाने पानी तथा बाटो) का लागि स्थानीय तहको रणनैतिक ढंगले विपद् पूर्वतयारीको रुपमा कार्य अघि बढाउनु पर्दछ ।

## तालिका नं १३ : आपतकालीन आवास तथा गैर खाद्यको योजना सहितको प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूचि | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका | समय सिमा कार्य ) (तालिका |
|---|---|---|---|---|
| १. | साझेदार संस्थाहरुसँग भएको राहत सामग्रीहरुको परिमाण तयार गर्ने नगद र जिन्सी | जिल्ला स्थानीय विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी | बैठक तथा छलफल | मनसूनपूर्व |
| २. | गाउँपालिकाहरुले ५० घरपरिवार लाई पुग्ने र महानगरले १०० घरपरिवारलाई पुग्ने गैह्र खाद्य सामाग्रीहरु व्यवस्था गरी राख्ने । नेपाल रेडक्रस सोसाइटिले १०० घरपरिवारलाई राख्ने | जिल्ला स्थानीय विपद् व्यवस्थापन समिति र नेपाल रेडक्रस सोसाइटी | गोदाम व्यवस्थापन सम्बन्धी तालिम | मनसूनपूर्व |
| ३. | राहत सामग्रीहरु वितरण प्रकृया एकद्वार प्रणाली मार्फत गर्न सहमति जुटाई राख्ने । | जिल्ला स्थानीय विपद् व्यवस्थापन समिति | बैठक तथा छलफल | मनसूनपूर्व |

| | | | | |
|---|---|---|---|---|
| ४. | गैह्र खाद्य सामाग्री उपलव्ध गराउन सक्ने विक्रेताहरु पहिचान गरी उनीहरुसँग आपतकालिन अवस्थामा सामान उपलव्ध गराउने सम्झौता गर्ने | नेपाल रेडक्रस र जिल्ला प्रशासन कार्यालय | बजार सर्वेक्षण र लिखित सम्झौता | मनसूनपूर्व |
| ५. | गैर खाद्य सामग्रीको वितरणको प्रक्रिया तयार गर्ने | नेपाल रेडक्रस र जिल्ला प्रशासन कार्यालय | छलफल | मनसूनपूर्व |
| ६. | शिविर व्यवस्थापनको लागि आवश्यक ठाउँहरु पहिचान गरी राख्ने | शहरी विकास डिभिजन कार्यालय, स्थानीय तहका प्राविधिक शाखा | समुदायमा छलफल | मनसूनपूर्व |

## ४.४. विषयगत क्षेत्र : खाद्य कृषि तथा जीविकोपार्जन

**<u>अगुवाई गर्ने निकाय</u>** : स्थानीय तह अन्तरगतका कृषि विकास विभाग/शाखाहरु

**<u>मुख्य विपद्को किसिम</u>:** बाढीपहिरो, असिना, भूकम्प, खडेरी, आगजनी, बन्यजन्तुबाट बाली नोक्सानी, रोग किरा संक्रमण

**<u>नेतृत्व प्रदान गर्ने निकाय (Cluster Leads):</u>** महानगरपालिका र गाउँपलिकाहरुका कृषि विकास शाखाहरु/महाशाखाहरु

### ४.४.१ विपद्को अनुमानित अवस्थाः

- तत्काले आवश्यक सुख्खा खानाको अभाव ।
- भण्डारण गरिएको खाद्यान्न नष्ट भएको अवस्था ।
- खाद्यान्नको अभाव, खाद्यान्नको पहुँचमा बाधा ।
- पारिवारिक स्तरमा खान पकाउने ईन्धन तथा पानीको अभाव ।
- बीउ विजन नष्ट हुनु ।

### ४.४.२ विषयगत उद्देश्यः

- प्रभावित ब्यक्तिहरुका लागि समयमा नै सुख्खा खाना, खाद्यान्न तथा खाद्यान्न पहुँचको सुनिश्चतता गर्ने ।
- दैनिक जीवनयापनको आवश्यक सामग्रीहरु(खाद्य सरसामानहरु)को ब्यवस्थापन गर्ने ।
- पहिचान भएका राहत तथा उद्दार सामग्रीको संकलन, भण्डारण र वितरण गर्ने ।
- भण्डारण क्षेत्रको पहिचान र सुनिश्चितता गर्ने ।
- प्रभावितहरुको जीवनलाई सरल बनाउनमा सहयोग गर्ने ।

### ४.४.३ विषयगत रणनीतिः

- स्थानीय तह (जिल्ला समन्वय समिति.,न.पा.तथा गा.पा.) मा आपत्कालिन कोष स्थापनाका लागि पहल गर्ने ।
- खाद्य सामग्री आपूर्तिका लागि गैसस, सामाजिक संघसंस्थाहरुको सहभागिता तथा सहकार्य
- खाद्य सामग्री आपूर्तिका लागि स्थानीय उद्योग बाणिज्य संघहरुबाट, स्थानीय ब्यापारी तथा ब्यवसायीहरुलाई खाद्य सामग्री सञ्चितिका लागि अनुरोध गर्ने ।
- खाद्य संस्थानमा पूर्वतयारी स्वरुप चामल, पीठो लगायतका आवश्यक खाद्यन्न समाग्री मौज्दात राख्ने ।
- साल्ट ट्रेडिङलाई चिनी र नुन मौज्दात राख्न अनुरोध गर्ने ।
- ढुवानीको लागि स्थानीय निकायहरुले समन्वय गर्ने ।
- विभिन्न संघ संस्थामा रहेको मौज्दात खाद्यान्नको विवरण राख्ने ।

### ४.४.४ मानवीय सहयोगको मापदण्डः

प्रभावित व्यक्तिहरुको पहुँच निम्न वस्तुमा हुनेछ :

- स्फेयर मापदण्ड अनुसार प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० किलोक्यालोरी खाद्यान्न उपलव्घ गराउन प्रयास गर्ने ।
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा अन्य थप एक अथवा दुई खाद्य पदार्थहरू पूरक रासनको रूपमा उपलब्ध गराउने,
- निश्चित समूहका व्यक्तिहरू (स-साना बालबच्चा, एच्आईभी एडस् संक्रमित व्यक्ति, कुपोषित व्यक्तिहरू आदि)को आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्ने ।

**क. मापदण्ड बमोजिमको खाद्य किट (Kit) सिफारिश :**

चामल : प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम (स्फेयर मापदण्ड अनुसार)

दाल : प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम (स्फेयर मापदण्ड अनुसार)

वनस्पति तेल : प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि. (स्फेयर मापदण्ड अनुसार)

नुन : प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम (स्फेयर मापदण्ड अनुसार)

तरकारी : उपलव्घताको आधारमा

स्थानीय परिस्थिति बमोजिम खाद्यान्न वितरणको मात्रा निर्धारित गरिनेछ । तर पनि शुरुमा घरायसी स्तरमा वितरण गरिने र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधार तथा व्यक्ति र परिवार संख्याका मापदण्ड बनाई वितरण गरिनेछ ।

## तालिका नं : १४ विपद्को समयमा गरिने क्रियाकलाप

| समयावधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा भित्र | - विपद्मा परेका घरधुरी तथा जनसंख्या पहिचान र प्रारम्भिक सूचना तथ्यांक / संकलन तथा अध्यावधिक गर्ने (निरन्तर)<br>- प्रारम्भिक द्रुत सर्वेक्षण सम्पन्न गर्ने ।<br>- सूचना संकलन गर्ने<br>- अन्य निकाय तथा समितिसँग समन्वय गर्ने | – बिषयगत क्षेत्रको बैठक<br>– सम्बन्धित नियकायसँग सम्पर्क समन्वय<br>– सुख्खा खाना वितरण<br>– पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण | राहत सामग्रीको आंकलन सामग्री ढुवानी | सम्बन्धित स्थानीय तहका कृषि शाखाहरु., जिल्ला विपद् ब्यवस्थापन समिति, स्थानीय विपद् ब्यवस्थापन समिति, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस, गैससहरु | |
| २४ देखि ४८ घण्टा भित्र | - तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ।<br>- सूचना संकलन गर्ने ।<br>- अन्य निकाय तथा समितिसँग समन्वय गर्ने | - पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने<br>- खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | खाद्यान्न सामग्रीहरुको उलब्धता सामग्री ढुवानी ब्यवस्था | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ,स्थानीय तहका कृषि शाखाहरु, खाद्य संस्थान, गैससहरु | |
| ४८ देखि ७२ घण्टाभित्र | - तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>- सूचना संकलन गर्ने<br>- अन्य निकाय तथा समितिसँग समन्वय गर्ने | - पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने<br>- खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायीहरु,स्थानीयतहका कृषि शाखाहरु, खाद्य संस्थान,गैससहरु | |
| ७२ घण्टा देखि ७ दिन भित्र | - तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>- सूचना संकलन गर्ने<br>- अन्य निकाय तथा समितिसँग समन्वय गर्ने | - पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने<br>- खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ,स्थानीयतहका कृषि शाखाहरु , खाद्य संस्थान, गैससहरु | |
| ७ दिन देखि २ साता भित्र | - तथ्यांक संकलन तथा अध्यावधिक गर्ने<br>- सूचना संकलन गर्ने | - पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने | खाद्यान्न सामग्रीको उपलब्धता | उद्योग बाणिज्य संघ, यातायात ब्यावसायी संघ,स्थानीयतहका कृषि शाखाहरु, खाद्य संस्थान, गैससहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - अन्य निकाय तथा समितिसँग समन्वय गर्ने | - खाद्यान्न लगाएतका सामग्रीहरु संकलन गरी राख्ने | | | |
| **२ साता देखि १ महिना भित्र** | - कृषि क्षेत्रमा परेको असरको बारेमा लेखाजोखा गर्ने, तथ्यांक तयार गरी प्रतिवेदन तयार गर्ने | - पकाएर खाने खाद्यान्न सामग्रीहरुको प्याकेजिंग तथा वितरण कार्यलाई निरन्तरता दिने<br>- पुनस्थापनका लागि पहल गर्ने | बीउ लगाएत अन्य कृषि उत्पादन तथा जीविकोपार्जनको लागि राहत कार्यक्रम सञ्चालनका लागि योजना तयारी बजेट माग तथा सञ्चालन | उद्योग बाणिज्य संघ,स्थानीयतहका कृषि शाखाहरु, खाद्य संस्थान, गैससहरु, सम्बन्धित विभाग तथा मन्त्रालय | |

**तालिका नं १५ : खाद्य कृषि तथा जीविकोपार्जनको पूर्वतयारी कार्य**

| प्राथमिकता प्राप्त कार्य | जिम्मेवार निकाय | समय |
|---|---|---|
| **नगद, कोषको व्यवस्था, स्थानीय तहले गर्ने** | गाउँपालिका / नगरपालिका / नेपाल रेडक्रस सोसाइटी | निरन्तर |
| **स्थानीय त** | स्थानीय तह | |
| **सहयोगी निकाय पहिचान गर्ने** | स्थानीय तह | |

### ४.५. विषयगत क्षेत्र : सहयोग सामग्री तथा राहत वितरण

**अगुवाई गर्ने संस्था :** जिल्ला प्रशासन कार्यालय

**मुख्य विपद्को किसिम :** बाढीपहिरो, भू-कम्प, हावाहुरी र आगजनी, असिना आदि ।

**तालिका नं १६ विद्यमान श्रोत तथा क्षमताको सूची**

**विषयगत क्षेत्र सहयोग सामग्री तथा राहत वितरण**

| क्र.सं. | सहयोगी संस्थाको नाम | सम्पर्क व्यक्तिको नाम / पद | लजिस्टिक व्यवस्थापन |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय, कास्की | शिव प्रसाद रिजाल | आवश्यक उपलब्ध सामग्री |
| २. | जिल्ला समन्वय समिति | नवराज बराल | आवश्यक उपलब्ध सामग्री |
| ३. | नेपाल रेडक्रस सोसाइटी | डोलराज पाण्डे | आवश्यक उपलब्ध सामग्री |
| ४. | उद्योग वाणिज्य संघ | नारायण कोइराला | आवश्यकता अनुसार |
| ५. | निर्माण व्यवसायी संघ | अध्यक्ष | आवश्यकता अनुसार |
| ६. | यातायात व्यवसायी संघ | अध्यक्ष | ढुवानी व्यवस्था |
| ७. | गैर सरकारी संस्था महासंघ | पदम राज पहारी | सामान्य सहयोग |
| ८. | हार्डवर्यस एशोसियसन | अध्यक्ष | पुनर्निर्माणका लागि आवश्यक भौतिक सामग्री |
| ९. | महानगर तथा गाउँपालिकाहरु | प्रमुखहरु | आवश्यक उपलब्ध सामग्री |

### ४.८.१ विपद्को अनुमानित अवस्था

जोखिममा पर्ने अनुमानित जनसंख्या: उच्च जोखिममा रहेका गाँउ पालिका तथा म.न.पा. का ३०० घर परिवारका १५०० परिवार प्रभावित हुन सक्ने आँकलन गरिएको छ ।

- व्यक्तिगत घरहरु, सार्वजनिक र सामुदायिक भवनहरु क्षती/नष्ट भएको हुनेछ ।
- विपद्ले विस्थापित भई खुल्ला स्थानमा बसोबास गर्नुपर्ने अवस्था सृजित हुनेछ ।
- यातायातमा अबरुद्ध भई आवतजावतमा कठिनाई हुन सक्नेछ ।
- सूरक्षित आश्रय स्थल तथा गैर खाद्य सामाग्रीको अभाव हुनसक्नेछ ।
- अपाङ्गता, बालबालिका, विशेष परिस्थितिका महिला, जेष्ठ नागरिकलाई दैनिक जीवन निर्वाहमा अप्ठ्यारो परिस्थिति सृजना हुन्छ ।
- विद्यालय, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरू, सार्वजनिक भवन, सामुदायिक आश्रयस्थल जस्ता सार्वजनिक संरचनाहरूमा विस्थापित मानिसहरूको बसोवासको लागि दबाव पर्ने ।

### ४.८.२ विषयगत उद्देश्य

- विपद् प्रभावित परिवारलाई आवश्यक आधारभुत सामाग्री तथा राहत वितरणलाई एकद्धार प्रणालि माध्यमबाट वितरण गर्ने
- नेपाल सरकार तथा स्पेयर मापदण्ड अनुसारका राहात सामाग्री वितरण गरिने छ ।
- समावेसी तथा आवश्यकताका आधारमा राहत सामाग्री वितरण गरिने छ ।

### ४.८.३ रणनीति

स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा एकद्धार प्रणालि माध्यमबाट राहत सामाग्री वितरण गर्ने

**तालिका नं १७ विपद् अवस्थामा आधारित आपतकालीन प्रतिकार्य योजना**

| घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य विपद्को प्रकृतिमा ) (आधारित | आपतकालिन अवस्था सबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| **० देखि २४ घण्टा सम्म** | - स्थानीय विपद् व्यवस्थापन समिति मार्फत प्रभावितहरु महिला बालबालिका ज्येष्ठ नागरिक, गर्भवती, अपाङ्ग व्यक्तिहरुको विस्तृत विवरण संकलन गर्ने | - घर क्षती भएकाहरुको लागि उपलब्ध राहतको मापदण्डवारे स्पष्ट हुने र सबैलाई जानकारी गराउने | राहत मापदण्डको एकिन विवरण उपलब्ध हुन कठिनाई हुने | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय,ने.रे.सो, गै.स.स, | |
| **पहिलो महिना** | - क्षतीको विस्तृत लेखाजोखा गर्ने<br>- राहत वितरणलाई निरन्तरता दिने तथा दिर्धकालिन समाधानका | - प्रभावित स्थानको कृषी प्रणालीवारे जानकारी राख्ने र विउ विजनहरु भण्डारण गरी राख्ने | विभिन्न तामिमहरु सञ्चालन गर्ने स्रोत र साधनको | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक वन,सडक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि वैकल्पीक स्रोत तथा उत्पादनमुलक कार्यमा सहभागि गर्ने सहयोग गर्ने<br>– वाली विमा गरेको भए क्षतीपूर्ति दिने<br>– प्रभावित हरुलाई यातायात, सञ्चार तथा विधुत जडान गर्ने | – तालिम संचालनका लागी आवश्यक स्रोत र साधनको अग्रिम व्यवस्थापन गर्ने<br>– बाली बीमा गर्न किसानलाई उत्प्रेरित गर्ने | अग्रिम व्यवस्था गर्न चुनैति हुने | कार्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम | |
| **दोस्रो र तेश्रो महिना** | – खेतिवाली पूर्ण वा आंशिक रुपमा नष्ट भएका परिवारहरुलाई कृषि कार्यालय सँग समन्वय गरी सहुलियत रुपमा विउ विजन उपलव्ध गराउने<br>– छिटो उत्पादन हुने प्रजातीका विउविजनहरु उपलब्ध गराउने<br>– घरेलु कार्यालयसँग मिलेर आय आर्जन गर्न सकिने तालिमहरु दिने | – तालिम सञ्चालन तथा बीउबिनको लागि आवस्यक समन्वय तथा स्रोत व्यवस्थापन गर्ने | | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति जिल्ला वन कार्यालय घरेलु गै स.स. क्षेत्रिय कृर्षि प्रयोगशाला | |

## ४.६. विषयगत क्षेत्र- खानेपानी तथा सरसफाई

**तालिका नं १८**

**विषयगत क्षेत्र (खानेपानी तथा सरसफाई) को अगुवा साथै सहयोगी संस्थाको सूची**

| नेतृत्व प्रदान गर्ने निकाय )Cluster Leads:( **खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय** | | | |
|---|---|---|---|
| क्र.सं. | **जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम** | **सम्पर्क व्यक्ति** | **सम्पर्क नं.** |
| १ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | | ९८५६०८३११० |
| २ | नेपाल रेडक्रस सोसाइटी, कास्की | डोलराज पाण्डे | ९८५६०२५१२५ |
| ३ | स्वास्थ्य कार्यालय, कास्की | बाबुराम आचार्य | ९८४६२८११७२ |
| ४ | पोखरा महानगरपालिका | हेमन्त शर्मा पौडेल | ९८५११८९३९४ |
| ५ | जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइ | | ९८५६०४३७७७ |
| ६ | गैर सरकारी संस्था महासंघ | पद्मराज पहारी | ९८४६०८६९९९ |
| ७ | ब्रिटिश गोर्खा वेलफेयर | रोहित कुमार तुम्बाहाम्फे | ९८४२०५८९१६ |
| ८ | सेभ आवर हिमालय फस्ट, नेपाल | दिल बहादुर नेपाली | ९८४६००२०२१ |
| ९ | सुर्यचन्द्र विकास समाज | केदार कोइराला | ९८४६०३०८९९ |
| १० | लि बर्ड | भरत भण्डारी | ९८५६०७३१०० |
| ११ | माछापुच्छ्रे विकास संघ | दिल बहादुर भण्डारी | ९८४६०२६६४४ |

**४.६.१ विपद्को अनुमानित अवस्था :**

- खानेपानीका संरचनाहरू (इनटेक, ट्याङ्की, पाइपलाइन) तथा चर्पीहरू क्षतिग्रस्त भएको हुने छ । खानेपानी प्रदुषित भएको हुने छ ।
- शुद्धपानी, सरसफाई र स्वच्छताको कमीका कारण रोगको प्रकोप फैलिई विपदको जोखिम बढेको हुने छ ।

**४.६.२ विषयगत उद्देश्यः**

- विस्थापित समुदायका लागि (करीब ३०० घर परिवार) खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सूरक्षित खानेपानी, स्वास्थ्य शिक्षा तथा अस्थाई रुपमा सरफाई एवम् नुहाउने सुविधाहरूमा पहुँच उपलब्ध छ भन्ने कुराको सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्य सम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाई तथा स्वास्थ्यसँग सम्बन्धित व्यावहारिक प्रचलनहरूका बारेमा उचित रुपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विशेष व्यवस्था गरिनु पर्ने समूह : महिला (सुत्केरी, गर्भवती), बालबालिका, बृद्ध र फरक क्षमता भएका मानिसहरू बस्ने शिविरहरूमा सफा सुग्घर कायम गर्न तिनको सशक्तीकरण गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

**४.६.३ रणनीति**

- प्रकोपबाट प्रभावित घर परिवारहरूलाई सूरक्षित खानेपानी तथा सरसफाइका सुविधाहरू उपलब्ध गराई पानी र सरसफाइजन्य रोगहरू फैलन नदिई तिनको रोकथाम गर्ने ।

**४.६.४ न्यूनतम मापदण्ड (Minimum Standards):**

- “खानेपानी तथा सरसफाई सम्बन्धी Sphere Standards अनुसार”

**सूरक्षित पानी**

- पिउने पानी ५ लिटर प्रति व्यक्ति प्रति दिन, अन्य कामका लागि १५ लिटर प्रति व्यक्ति प्रति दिन गरी जम्मा २० लिटर प्रति व्यक्ति प्रतिदिन, पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा टाढा हुन नहुने र पानी ल्याउन ३० मिनेट भन्दा बढी समय नलाग्ने, पानी भर्न र भण्डारण गर्नका लागि प्रति परिवार २ वटा बाल्टिन उपलव्ध गराउने । सार्वजनिक धारामा प्रतिधारा ०.२ लिटर प्रति सेकेण्ड प्रति २० परिवारको लागि पानी उपलब्ध गराउने ।

**चर्पी**

- १ चर्पी प्रति २५ देखि ३० व्यक्ति, १ चर्पी प्रति १० जना फरक क्षमता भएका व्यक्ति
- यी पूर्वाधार तयार गर्दा खानेपानीका श्रोतहरू प्रदूषित नहुने गरी गर्नु पर्ने र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरूलाई सहज हुने गरी गरिनु पर्ने छ ।

**नुहाउने स्थान**

- विपद् आइलागेको पहिलो ३ दिन ४० महिलाका लागि १ स्नान गृह तयार गर्ने, त्यसपछि २० जनाको लागि १ स्नान गृह तयार गर्ने ।

**हाइजिन किट**

- १ सेट प्रति परिवार,
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने,
- प्रति व्यक्ति प्रति महिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलव्ध गराउने,
- ठोस फोहोर व्यवस्थापनका लागि प्रति १० घरका लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर भित्रको दुरीमा राख्ने ।

**तालिका नं १९ :आपतकालीन पूर्वतयारी योजना**

**विषयगत क्षेत्र :खानेपानी तथा सरसफाई**

| घटना पश्चातक ो अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य | आपतकालिन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्न अन्तर पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा | - DDMC बैठकमा सहभागी<br>- DDMC Cluster हरुसँग समन्वय बैठक, नेपाल रेडक्रस सोसाइटीबाट<br>- MIRA सूचना प्राप्त गर्ने | - सम्पूर्ण क्लस्टरहरूका फोन नंम्बर अपडेट भएका हुने छ<br>- द्रूत सर्वेक्षण फारम तयार गर्ने र स्वयमसेवकहरूलाइ अभिमुखीकरण गर्ने<br>- स्वयमसेवकहरूलाइ तालिम र सूचना प्रवाह गर्ने<br>- स्थानीय रुपमा सूचना केन्द्र स्थापना गर्ने | - फारमहरू तयारी अवस्थामा रहेका तर मुद्रण गरिएका छैन<br>- सम्बन्धित वडा कार्यालयसँग आवश्यक समन्वय सहकार्य गर्ने | निकायगत सरोकारवालाह रू खापा तथा सस डिभिजन कार्यालय कास्की | रु .१५ हजार |
| २४ - ४८ घण्टा | - DDMC समन्वय बठकमा सहभागी<br>- प्राप्त सूचना विश्लेषण<br>- उपलब्ध श्रोतका धारमा प्रथम चरणका प्रतिकार्यको थालनी<br>- स्वयमसेवकहरू परिचालन<br>- शुद्ध खानेपानी उपलब्ध गराउने<br>- हाइजिन किट बक्स उपलब्ध गराउन<br>- सूचना वितरण सब क्षेत्रलाई जानकारी गराउने<br>- स्थानीय श्रोतका परिचालन तथा वितरण<br>- अस्थायी चपीहरूका व्यवस्था | - दक्ष जन शक्तिका विवरण तयारी<br>- हाइजिन किट बक्सको अग्रिम व्यवस्थापन<br>- वैकल्पिक खानेपानी श्रोतको अग्रिम अध्ययन तथा संरक्षण स्थानीय रेडियाहरूबाट जानकारीमूलक सन्देशहरूका प्रसारण गर्ने व्यक्तिका व्यवस्था<br>- Super Structure चर्पी तथा प्यान, पाइप, प्लाष्टिक आदि सामग्रीहरूका अग्रिम भण्डारण गर्ने | - विपद व्यवस्थापनमा संलग्न व्यक्तिहरूका अभाव हुन<br>- पानीको श्रोतका अभाव<br>- आथिक श्रोतका पहिचान भएका छैन<br>- प्राविधिक टोलीको गठन | निकायगत सरोकारवालाहरू, खापा तथा सस डिभिजन कार्यालय कास्की | रु .१२ लाख |
| पहिलो हप्ता | - MIRA प्रयोग गर्ने | - खानेपानी तथा सरसफाइका क्षेत्रमा काम गर्ने | - पर्याप्त मात्रामा निर्माण सामग्रीको अभाव रहेका छ | - खानेपानी तथा | रु १ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | - वास्तविक क्षतीका आधारमा विपद् व्यवस्थापनका लागि योजना तयार पार्ने<br>- पानी शद्धीकरण गर्ने सामग्री वितरण<br>- वैकल्पिक श्रोतबाट खानेपानीको व्यवस्था<br>- साधारण मर्मत गर्ने सकिन खानेपानी श्रोतहरूका मर्मत<br>- क्षतीका वास्तविक तथ्यांक संकलन खानेपानी तथा सरसफाइ सम्बन्धित<br>- अस्थायी शौचालयका विस्तार<br>- बाल्टिन, साबुन, जग आदि सामगीहरूका व्यवस्थापन र वितरण<br>- स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिबाट परामर्श दिन<br>- ठोस र तरल फोहोर मैला व्यवस्थापन गर्ने | - संघ सस्थाहरूसँग समन्वय तथा सहकार्य भएको हुने छ ।<br>- अस्थायी शौचालय निर्माण तथा खानेपानी धारा निर्माणका लागि आवश्यकपर्ने सामग्रीको व्यवस्था भएको हुने छ ।<br>- पानी शद्धीकरणका सामग्री र मर्मत संभार सामग्रीको व्यवस्थापन गर्ने ।<br>- बाल्टिन, साबुन, जग आदि सामग्रीहरूका भण्डारण गर्ने ।<br>- स्वास्थ्य सम्बन्धी जानकार व्यक्तिहरूको पहिचान गरी सम्पक नं . सहित अभिलेखराख्ने। | - घटना स्थलसम्म छिटा सामग्री ढुवानी गर्न कठिनाइ आइपर्न सक्ने<br>- रकमका अपर्याप्तता | सरसफाइ डिकार्यालय .<br>- पो.पा.न.म.<br>- गाउँपालिकाहरु<br>- नेपाल रेडक्रस सोसाइटी<br>- स्वास्थ्य कार्यालय, कास्की<br>- निकायगत सरोकारवालाहरू | |
| **पहिलो महिना** | - DDMC का बैठकमा पुनः छलफल<br>- अनुगमन टोली गठन तथा परिचालन<br>- स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानीय स्वयंमसेवक र महिला स्वास्थ्य स्वयम् सेवकहरूलाइ अभिमुखीकरण<br>- स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतनामूलक कायहरू<br>- मरेका चौपायाहरूका उचित व्यवस्थापन | - अनुगमन समिति गठन गर्ने<br>- स्वास्थ्य तथा सरसफाइ प्रवद्धनका लागि स्थानीय स्वयम सेवक र महिला स्वास्थ्य स्वयंमसेवकहरूलाइ अभिमखीकरण कार्यक्रम सञ्चालन भएको हुने छ ।<br>- IEC सामग्री निर्माण छपाइ गरेर जनसमुदायमा वितरण गरी व्यवहार परिवर्तनका लागि शिक्षा तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन भएको हुने छ । | सरोकारवालाहरूको कम चासा हुन सक्ने, आर्थिक अपर्याप्तता | पालिकाहरु, स्वास्थ्य कार्यालय कास्की, निकायगत सरोकारवालाहरू, खा.पा. तथा स.स. डिभिजन कार्यालय कास्की | रु. ६ लाख |
| **दोस्रो महिना** | - पुनर्बासका व्यवस्थापन सँग सँगै अन्य क्लष्टरसँग समन्वय गरी Wash का पूर्वाधारहरूका पुनःनिमाण गर्ने | - योजनाहरूका प्राथमिकीकरण गर्ने र सम्बन्धित निकायसँग समन्वय गर्ने । | आर्थिक अपर्याप्तता | जिसस, म .पा.न. तथा उपालिकागाँ, खापा तथा सस डिभिजन कार्यालय, स्वास्थ्य कार्यालय कास्की | स्थलगत अध्ययन अनुसार |

| | | | | | |
|---|---|---|---|---|---|
| **तेस्रो महिना** | – पुनर्निर्माण, पुनर्स्थापना तथा पूर्वतयारीका कार्यक्रमहरू क्रमशः गर्दै लैजाने | – प्रभावित क्षेत्रहरूमा अन्य योजनाहरू पनि प्राथमिकीकरण गरेर लैजाने र अब बन्ने संरचनाहरू विपदसँग सामना गर्न सक्ने खालको बनाउने | तत्कालको प्राथमिकता भित्र नपर्न सक्ने | जि.स.स., मतथा .पा.न. गाँउपालिका, खापा तथा स . डिभिजन कार्यालय, कास्की | आवश्यकता अनुसार |

## तालिका नं २० : निकायगत स्रोतको आंकलन (Capacity Mapping)

## विषयगत क्षेत्र : खानेपानी तथा सरसफाई

| क्र.सं. | संस्थाको नाम | मानवीय स्रोत | भौतिक सामग्री | अन्य स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १. | खापा तथा सस डिभिजन कार्यालय | ५ जना प्राविधिक | १००० मिटर ज्म्एभ् पाइप, १००० लिटर क्षमताका २ वटा हिलटेक टैंक, २५ वटा प्यान सेट, ब्लिचिङ पाउडर ५० के.जी., पियुस ५० थान, बाटर गाड २५ थान | पानी परीक्षणको व्यवस्था | खानेपानी तथा स .स. कार्यालय .डि, नेपाल रेडक्रस सोसाइटी, कास्की |
| २. | नेपाल रेडक्रस सोसाइटी, कास्की | २ जना प्राविधिक | ५० वाल्टिन (.लि १०) | | रेडक्रस कास्कीको स्टोरबाट प्राप्त हुने |
| ३. | स्वास्थ्य कार्यालय, कास्की | स्वास्थ्यकर्मी ५ जना, स्वंयसेविका | ICE Material, Aqua १००० tab | पानी परिक्षणको व्यवस्था | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह स्वास्थ्य शाखा |
| ४. | पोखरा महानगरपालिका | मानवीय श्रोत तयारी अवस्थामा | औषधीहरु तयारी अवस्थामा | | |
| ५. | जिल्ला शिक्षा विकास समन्वय ईकाइ | सम्बन्धीत पालिकामा रहेका शिक्षकहरु परिचालन | विद्यालमा भएको शुद्ध पिउने पानी | | सम्बन्धीत विद्यालयका प्र.अ. |
| ६. | गाउँपालिकाहरु | - | - | - | - |

## तालिका नं २१ : पूर्वतयारी तथा प्रतिकार्य योजन

## विषयगत क्षेत्र : खानेपानी तथा सरसफाई

| क्रसं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वय गर्ने तरिका | समय सीमा |
|---|---|---|---|---|
| १) | मौज्दात सामग्रीहरूको अद्यावधिक अभिलेखीकरण | खापा तथा सस डिभिजन कार्यालय, स्थानीय तहहरु | बैठक तथा समन्वय, सम्पर्क व्यक्तिहरूको सूची | विपद पूर्व तथा विपद् व्यवस्थापन नहुन्जेल |
| २) | थप आवश्यक खानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित सामग्रीहरूको अग्रिम भण्डारण | जि.स.स, नगरपालिका गाँउपालिका तथा अन्य संस्थाहरु, खा.पा. तथा स.स. डिभिजन कार्यालय | आवश्यक सामग्रीहरूको पहिचान, बिक्रेता तथा उपलब्ध हुन स्थान छनौट, खरिद गरी उचित भण्डारण | विपद सुरु हुनु पूर्व |

| | | | | |
|---|---|---|---|---|
| ३) | क्षमता विकास | जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी, खापा तथा सस डिभिजन कार्यालय | अभिमुखीकरण, प्रशिक्षण, श्रोत साधनको प्रवन्ध | विपद सुरु हुनु पूर्व र वर्षातको अवधिमा |
| ४) | जनचेतना अभिवृद्धि कार्यक्रम | स्वास्थ्य कार्यालय कास्की | सञ्चार माध्यमहरू, स्वयम्सेवक परिचालन, सन्देशमूलक सामग्रीहरूको वितरण | विपद्को समय भर |
| ५) | WASH Cluster/ D-WASH-CC सदस्यहरू बिच समन्वय र सहकार्य | जि.स.स., रेडक्रस, गैमहासंघ.स.स., खापा तथा सस डिभिजन कार्यालय | बैठक | आवश्यकता अनुसार |
| ६) | अनुगमन तथा मूल्याङ्कन | जि.स.स., खापा तथा सस डिभिजन कार्यालय, स्थानीय तहहरु | सूचना व्यवस्थापन, बैठक, स्थलगत भ्रमण, निरीक्षण | विपद अघि र विपदका समयमा र पछि |

**नोट :** *WASH Sector* सम्बन्धी विपद्को समयमा माथि उल्लिखित पक्षहरू बाहेक अन्य कुराहरूको निर्णय जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिले *(D-WASH-CC)* गरे बमोजिम हुनेछ । विपद्को समयमा माथि उल्लिखित संघ/संस्था बाहेक अन्य कुनै संस्था सहयोगका लागि तयार भएमा *D-WASH-CC/DDMC* को निर्णयबमोजिम निश्चित समयको लागि *WASH Cluster Lead Agency* खा.पा. तथा स.स. डिभिजन कार्यालयसँग समन्वय गरी सदस्यको हैसियतमा राख्न सक्नेछ ।

## ४.७. विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण (Health and Nutrition)

### ४.७.१ विपद्को अनुमानित अवस्था

विपद् पश्चात् ठूलो मात्रामा जनधनको क्षती हुन पुग्छ । उद्दार कार्यसगै तत्काल आकस्मिक स्वास्थ्य सेवाको आवश्यकता हुन्छ । विपद्को प्रकृति अनुसार असरहरू पनि फरक र भिन्न हुन सक्छन् । समग्रमा मानिसहरूमा चोटपटक लाग्नु, व्यक्ति तथा घरहरू डुवानमा पर्नु, घर तथा अन्य संरचना भत्किएर च्यापिनु वा पुरिनु, पहिरोमा पुरिनु, आगजनि हुनु, सडक दुर्घटना हुनु साथै विभिन्न प्रकारका महामारी फैलिनु आदि । यस प्रकारका महामारी तथा प्रकृति प्रकोपको अवस्थामा धेरै मात्रामा मानिसहरू बिस्थापित हुन्छन् र प्रतिकूल वातावरणसँग सम्पर्कका कारण विशेष गरी संकटाभिमुख वर्ग, गर्भवती, सुत्केरी, बालबालिका, बृद्धबृद्धा, अपांगहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्दछ । खानेपानीको असुरक्षाका कारण महिला तथा बालबालिकाको पोषण स्थितिमा गिरावट आउने, सरसफाइको कमिले बिभिन्न प्रकारका सरुवा रोगहरू (झाडापखाला, आउँ, दादुरा, छालाको संक्रमण, श्वास प्रश्वास साथै विभिन्न प्रकारका कीटजन्य रोग) हुने र समग्र स्वास्थ्यका सूचाकं हरू प्रभावित हुने हुन्छ । प्राकृतिक प्रकोपका कारण स्वास्थ्य संरचना नष्ट भै प्राप्त भएका औषधी तथा उपकरणको अभावमा अति आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न कठिनाई हुन सक्छ । स्वास्थ्य संस्थामा बिरामीको चाप बढ्न गई स्वास्थ्य संस्थामा दबाब सृजना हुँदा समग्र स्वास्थ्य सेवा साथै गर्भवती, सुत्केरी तथा बाल स्वास्थ्य समेत प्रभावित हुन्छ ।

**४.७.२ मानवीय सहयोग सम्बन्धी न्यूनतम मापदण्ड**

क. प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी आरम्भ सुरु हुन्छ ।
ख. समुदायको तहमा रोग तथा चोटपटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रले गर्ने एवं थोरै संख्याका गम्भीर आवश्यक बिरामीहरूलाई सिफारिस गरी अन्य माथिल्लो स्वास्थ्य संस्थाहरूमा पठाई आपतकालिन स्वास्थ्य सेवा कार्यक्रमको कार्यान्वयन गरिने छ ।
ग. सिफारिस गरी पठाइने अन्य स्वास्थ्य संस्थाहरूमा पुग्नेका लागि बिरामीहरूका लागि उपयुक्त यातायातको प्रबन्ध गरिने छ

**४.७.३ विषयगत उद्देश्य**

१. विपद् सम्बन्धी सूचनाहरू संकलन गरी माथिल्लो निकाय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई जानकारी गराई सोको विश्लेषण गर्ने एवं आवश्यकता अनुसार RDT खटाई अनुसन्धान गरी महामारी तथा विपद् घोषणा गर्ने ।
२. विपद् पछि हुन सक्ने महामारी रोगको प्रकोपलाई न्यूनीकरण गर्न आम सञ्चारका माध्यम प्रयोग गरी जनचेतना अभिवृद्धि गर्ने
३. विपद् सम्बन्धी समस्यामा माथिल्लो निकाय (स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रादेशिक स्वास्थ्य निर्देशनालय, स्वास्य प्रतिष्ठान/शिक्षण अस्पताल आदि) लाई जानकारी गराई आवश्यक श्रोत र साधनको सहयोग अपिल गर्ने ।
४. बालबालिका तथा गर्भवती महिलालाई नियमित खोप तथा अन्य सेवा सुनिश्चित गर्ने ।
५. बालबालिका तथा गर्भवती महिला र सुत्केरी आमालाई कुपोषण हुनबाट बचाउन पोषण प्रवर्धन गर्ने र आकस्मिक पोषण कार्यक्रम सञ्चालन गरी सो को सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने ।
६. नियमित गर्भवती तथा सुत्केरी जाँचलाई थप सुदृढीकरण गर्ने ।
७. प्रसुति कक्षको अनुगमन तथा सेवाको मूल्याङ्कन गरी संस्थागत प्रसुति गराउने कार्यलाई सुदृढ र निरन्तरता दिने साथै विपद्को समयमा संरचना बिग्रिएमा तुरुन्त बैकल्पिक व्यबस्था गरी सेवालाई सुचारु गर्ने ।
८. विपद् पश्चात् विभिन्न रोगको महामारी हुनसक्ने हुँदा जेष्ठ नागरिक, अपाङ्ग, महिला तथा बालबालिका साथै सर्बसाधरणहरूले पाउने अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्ने ।
९. स्वास्थ्य तथा पोषण सम्बन्धी क्रियाकलापमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था, सरकारी तथा निजी अस्पताल र स्थानीय निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।
१०. विपद्का समयमा गरिएका प्रतिकार्य तथा अन्य क्रियाकलापहरूको अभिलेख राख्ने तथा प्रतिवेदन गर्ने व्यवस्था मिलाउने ।

## ४.७.४ रणनीति

विपद् पछिको अवस्थामा आकस्मिक उद्दार पश्चात् बिभिन्न महामारी रोगको प्रकोप हुन सक्ने जोखिमलाई न्यूनीकरण गरी जेष्ठ नागरिक, अपाङ्ग, महिला तथा बालबालिकाहरूले पाउने अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य सेवालाई नियमित सञ्चालन गर्ने ।

## तालिका नं .२२ : तोकिएका विपद् अवस्थामा आधारित आपत्कालीन प्रतिकार्य योजना

### विषयगत क्षेत्र : स्वास्थ्य तथा पोषण

| विपद्का घटना पश्चात् अवधि | विपदका अबस्थामा गरिने आपत्कालीन कार्य | आपतकालीन अवस्थामा सम्बोधन गर्ने गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य सम्बोधन गर्ने अन्तर पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी अनुमानित लागत |
|---|---|---|---|---|---|
| **०–२४ घण्टा पहिलो दिन** | – स्थानीय स्तरमाघटनास्थलमा उद्दार टोलीसँग RRT तुरुन्त पठाउने ।<br>– आवश्यकता अनुसार घटना स्थलमा रहेको RDT को Backup का लागि RRT तुरुन्त पठाउने<br>– स्थानीय स्तरमा रहेका विभिन्न क्लव, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह आदिलाई समन्वय गरी छिटो उद्दार तथा बिरामीहरूको उपचार गर्ने व्यबस्था मिलाउने<br>– विशेष उपचार गर्नु पर्ने बिरामीहरूलाई स्तरीय उपचारका लागि प्रेषण गर्ने<br>– प्रदेश तथा केन्द्रमा जानकारी पठाउने र समन्वय कायम गर्ने | – सम्बन्धित स्थानमा सूचना प्रवाह गरी CRRT र RRT लाई Onside Coaching गर्ने<br>– निर्देशित भए अनुसार अत्यवश्यक औषधी तथा अन्य सामग्रीको मौज्दात आपुर्ति<br>– स्वास्थ्यकर्मी खटाई जटिलताका आधारमा उपचारका लागि पुर्वतयारी गर्ने<br>– Regular District/Community Rapid Response Team Meeting .<br>– Mobilize district Stakeholder according Resource Mapping | – तयारी अवस्थामा हुँदा हुदै पनि समन्वय एवं सूचना प्रवाहमा कठिनाई हुन सक्ने ।<br>– भौगोलिक विकटताका कारण औषधि तथा CRT र RRT घटना स्थलमा उद्दार टोली पुग्ने कठिनाइ हुन सक्ने । | – स्वास्थ्य कार्यालय, कास्की<br>– जिल्ला विपद् व्यवस्थापन समिति<br>– पोखरा महानगरपालिका<br>– अन्नपुर्ण गाउँपालिका<br>– माछापुच्छ्रे गाउँपालिका<br>– मादी गाउँपालिका<br>– रुपा गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिहरु | रु.८०,००० |
| **२४–४८ घण्टा दोश्रो दिन** | – भौतिक तथा मानवीय क्षतिको अघिल्लो दिनमा गरिएका कार्यको समीक्षा गर्ने ।<br>– स्वास्थ्यसँग अन्तर सम्बन्ध रहेको विभिन्न अस्पताल, संघ संस्थाहरूसँग छलफल एवं अन्तरक्रिया ।<br>– मानवीय तथा भौतिक श्रोत र साधनको नक्साङ्कन गर्ने र आवश्यक व्यबस्था गर्ने । | – अन्य अत्यावश्यक सेवाहरू बिना अवरोध सुचारु गर्ने | – दक्ष जनशक्तिको कमी हुन सक्ने<br>– भौतिक श्रोत र साधनको अभावन हुन सक्ने ।<br>– Resource Mapping तयारी अवस्थामा हुँदाहुदै पनि विपद्को घटनाका समयमा | – स्वास्थ्य कार्यालय, कास्की<br>– जिल्ला विपद् व्यवस्थापन समिति<br>– पोखरा महानगरपालिका<br>– अन्नपुर्ण गाउँपालिका<br>– माछापुच्छ्रे गाउँपालिका<br>– मादी गाउँपालिका<br>– रुपा गाउँपालिका<br>– स्थानीय विपद् व्यवस्थापन समितिहरु | रु.८०,००० । |

| | | | | | |
|---|---|---|---|---|---|
| | - स्वयंसेवकहरू परिचालन गर्ने । | | प्रभावकारी कठिनाई हुन सक्ने | | |
| **पहिलो हप्ता** | - उद्दार समितिका सदस्य तथा स्थानीय स्तरमा रहेको CRT र RDT को कार्य विभाजन गर्ने ।<br>- महामारी फैलाउन सक्ने सम्भावित श्रोत पहिचान गरी छुट्याउने ।<br>- अपुग भएका मानवीय श्रोत, औषधि तथा सामगी व्यवस्थापन गर्ने ।<br>- आवश्यकता अनुसार प्रदेश तथा केन्द्रसँग सहयोग माग गर्ने ।<br>- स्थानीय स्तरमा रहेका विभिन्न क्लव,महिला स्वास्थ्य स्वय सेवीका, आमा समूह आदिलाई समन्वय गरी विभाजन तथा अभिमुखीकरण गर्ने । | - विभिन्न रोगहरूबारे पत्रपत्रिका तथा रेडियो, एफएमहरूबाट सूचनामूलक सन्देश प्रकाशन<br>- सार्वजनिक स्थलबाट खानेपानीको नमूना संकलन परीक्षण गर्ने<br>- प्रसूति कक्षका पुन:निर्माण गर्ने र सेवा सुचारु गर्ने व्यवस्था मिलाउने ।<br>- अन्य अत्यावश्यक सेवाहरू विना अवरोध सुचारु गर्ने<br>- विपद्बाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्श गर्ने व्यबस्था मिलाउने | समयमा नै विपद्बाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्श गर्न नसकिएमा बिचलन आउन सक्ने । | - स्वास्थ्य कार्यालय, कास्की<br>- जिल्ला विपद् व्यवस्थापन समिति<br>- पोखरा महानगरपालिका<br>- अन्नपुर्ण गाउँपालिका<br>- माछापुच्छ्रे गाउँपालिका<br>- मादी गाउँपालिका<br>- रुपा गाउँपालिका<br>- स्थानीय विपद् व्यवस्थापन समितिहरु | रु.२,००,० ००। |
| **दोश्रो हप्ता** | - जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवाला निकाय र व्यक्तिहरूसँग समन्वय एवं समीक्षा बैठक स्थानीय स्तरमा रहेका विभिन्न क्लव, महिला स्वास्थ्य स्वयंसेवीका, आमा समूह आदिका कार्य सम्पादन अद्यावधिक गर्ने र थप आवश्यक पन स्रोत र साधनका पहिचान गर्ने । | - विपद्बाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्श गर्ने व्यबस्था निरन्तरता दिने ।<br>- मृत्यु भएका एवं घाइते भएका व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गर्ने । | - समयमा नै विपद्बाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्श गर्न नसकिएमा विचलन आउन सक्ने । | - स्वास्थ्य कार्यालय, कास्की<br>- जिल्ला विपद् व्यवस्थापन समिति<br>- पोखरा महानगरपालिका<br>- अन्नपुर्ण गाउँपालिका<br>- माछापुच्छ्रे गाउँपालिका<br>- मादी गाउँपालिका<br>- रुपा गाउँपालिका<br>- स्थानीय विपद् व्यवस्थापन समितिहरु | रु५.००० |
| **पहिलो महिना** | - जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग समन्वय एवं समीक्षा बैठक गर्ने । | - विपद्बाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्शको व्यबस्थालाई निरन्तरता दिने । | - समयमा नै विपद्बाट प्रभावित भएकाहरूको लागि मनोसामाजिक | - स्वास्थ्य कार्यालय, कास्की<br>- जिल्ला विपद् व्यवस्थापन समिति<br>- पोखरा महानगरपालिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - ५ वर्ष मुनिका बालबालिका, गर्भवती तथा सुत्केरी महिलाहरूको पोषण अवस्था लेखाजोखा तथा परामर्श गर्ने ।<br>- अति आवश्यक सेवा तथा साधनका पहुँचका मूल्याङकन गर्ने ।<br>- स्वास्थ्यसम्बन्धी प्रतिकार्य क्रियाकलापहरूका सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन गर्ने ।<br>- घुम्ती टाली परिचालन गरी अत्यावश्यक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।<br>- भत्केका संरचनाहरूका मर्मत तथा संभारको व्यबस्था मिलाउने ।<br>- स्थानीय स्तरमा रहेका विभिन्न क्लव, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह आदिका परिचालन गर्ने । | - मृत्यु भएका एवं घाइते भएका व्यक्तिहरूको तथ्याङक अद्यावधिक गर्ने । | परामर्श गर्ने नसकिएमा विचलन आउन सक्ने । | - अन्नपुर्ण गाउँपालिका<br>- माछापुच्छ्रे गाउँपालिका<br>- मादी गाउँपालिका<br>- रुपा गाउँपालिका<br>- स्थानीय विपद् व्यवस्थापन समितिहरु | रु ८००० |
| **दोश्रो महिना र सो भन्दा बढी समयका लागि** | - नियमित रुपमा जिल्ला विपद् व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग समन्वय एवं समीक्षा बैठक गर्ने ।<br>- स्वास्थ्य संस्थाहरुबाट दिइने नियमित उपचारका साथै खोप, परिवार नियोजन, पोषण, विभिन्न प्रकारका सरुवा रोगहरू नियन्त्रण कार्यक्रमहरूलाई बढी प्राथमिकता दिई निरन्तर सुचारु रुपले सञ्चालन गर्ने । | - विपदबाट प्रभावितहरूका लागि मनोसामाजिक परामर्श गर्ने व्यवस्थालाई निरन्तरता दिने ।<br>- जीर्ण स्वास्थ्य संस्थाहरूका लागत संकलन गर्ने र सम्बन्धित निकायमा पेश गर्ने ।<br>- ५ बर्ष मुनिका बालबालिका, गभवती तथा सुत्केरी महिलाहरूका पोषणको अबस्था लेखाजोखा गरी लाभान्वित भएका | | | रु ८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | - घाईते तथा प्रभावित मानिसहरूका जनजीवन सामान्यीकरण गर्नका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>- भावी दिनहरूमा हुन सक्न दैवी प्रकोप तथा प्राकृतिक प्रकोप र महामारीजन्य रोगहरूलाई न्यनीकरण गर्ने काययोजना बनाई विकल्पहरूको खोजी गर्ने ।<br>- अति आवश्यक सेवा तथा साधनकको पहुँचको मूल्याङकन गर्ने ।<br>- स्वास्थ्य सम्बन्धी प्रतिकार्य क्रियाकलापहरूका सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन गर्ने ।<br>- घुम्ती टोली परिचालन गरी अत्यावश्यक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने । | व्यक्तिको मूल्याङ्कन गर्ने । | | | |

४.८. **विषयगत क्षेत्रः संरक्षण**

**अगुवाइ गर्ने निकायः** सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा

**तालिका नं. २४**

**विषयगत क्षेत्र (संरक्षण) को अगुवा साथै सहयोगी संस्थाको सूची**

| विषयगत क्षेत्र अगुवा सम्बन्धित गा.पा. तथा म.न.पा. को सामाजिक विकास शाखा | | | |
|---|---|---|---|
| क्र.सं. | **जिल्लाका क्षेत्रगत साझेदारहरूका नाम** | **सम्पक व्यक्ति** | **सम्पक नं.** |
| १. | पोखरा महानगरपालिका/गाउँपालिकाहरु | गा.पा. तथा म.न.पा. शाखा/महाशखा प्रमुख | |
| २. | जिल्ला प्रहरी कार्यालय | अजय के.सी | ९८५६००५६५८ |
| ३. | गैह्र सरकारी संस्था महासंघ, रत्नचोक | पदमराज पहारी | ९८४६०८६९९९ |
| ४. | गण्डकी बहिरा संघ | सूर्यमोहन बराल | ९७४६०८८६६४ |

| | | | |
|---|---|---|---|
| ५. | राष्ट्रिय अपाङ्ग महासंघ | आइलाल साई | ९८१४१५०३६९ |
| ६. | कास्की नेत्रहिन संघ | लक्ष्मण सुवेदी | ९८५६०६१३१४ |
| ७. | शक्ति समूह पोखरा | सरिता पौडेल | ९८४६०३५००६ |
| ८. | सि.एस.जी. नेपाल | दिलिप गुरुङ | ९८५६०११३०० |
| ९. | गा.पा. स्वास्थ्य शाखा प्रमुख, अन्नपूर्ण गा.पा. | ऋषिराम पौडेल | ९८४६०३०१५८ |
| १०. | गा.पा. स्वास्थ्य शाखा प्रमुख, रुपा गा.पा. | आनन्द राज जोशी | ९८०४१५७५२५ |
| ११. | गा.पा. स्वास्थ्य शाखा प्रमुख, माछापुच्छ्रे गा.पा. | | ९८५६०९८७७५ |
| १२. | गा.पा. स्वास्थ्य शाखा प्रमुख, मादी गा.पा. | | ९८५६०७७५२४ |

### ४.८.१ विपद्को अनुमानित अवस्थाः

क. ३०० घरपरिवारका करिव १५०० जना प्रभावित हुन सक्ने
ख. धनजनको क्षती, घाइते बाल–बालिका, बिछोडिएका बाल–बालिका, एकल महिलाहरू, अनाथ, टुहुरा बालबालिकाहिरू र अपागंता भएका ब्यक्तिहरुको सङ्ख्यामा वृद्धि हुने ।
ग. विपद् प्रभावितहरुमा प्रति हुने हिंसा र अन्य आपराधिक गतिविधिहरू (लुटपाट, चोरी, हत्या, डकैती, अपहरण,बलात्कार) बढ्ने सम्भावना रहने ।
घ. गर्भवती, सुत्केरीहरू तथा अपाङ्गता भएका व्यक्तिहरु वढी प्रभावित हुन सक्ने समय भन्दा पहिले सुत्केरी हुने संभावना ।
ङ. लिङ्गमा आधारित हिंसामा बृद्धि हुन सक्ने विशेषगरी बालिका र किशोरीहरु जोखिममा पर्न सक्ने ।
च. शोषण, भेदभाव बढ्ने,समाजमा कलह र अशान्तिको वातावरण सृजना हुने ।
छ. मानसिक आघात, साहारा विहिन हुनेहरुको संख्यामा बृद्दि हुने ।
ज. गरिबी बढ्ने, बेचविखन तथा ओसार पसार हुन सक्ने ।
झ. यौनजन्य हिंसा हुन सक्ने ।

### ४.८.२ विषयगत संरक्षण क्षेत्र स्थापनाको उद्देश्यः

क. आपतकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, हेला तथा जोखिममा रहेका वा जोखिममा रहने संभाब्य ब्यक्तिहरू विशेषगरी महिला तथा बालबालिकाहरुलाई हिंसा र दुर्व्यवहारबाट संरक्षण गर्ने र त्यस्ता दुर्व्यवहारबाट प्रभावित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा पहुँचका लागि सहयोग गर्ने ।
ख. यौन दुव्र्यवहार, शोषण तथा हिंसाको रोकथाम र तिनको अनुगमन र प्रतिवेदन गर्ने ।
ग. जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको संरक्षण गर्ने ।
घ. बालबालिका, महिला, विशेष क्षमताका व्यक्ति र ज्येष्ठ नागरिकहरुलाई सूरक्षित आश्रय वा वातावरणको ब्यवस्था भए नभएको निगरानी राख्ने र सिफारिस गर्ने ।
ङ. जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चितका लागि आपतकालिन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने ।
च. बाल तथा महिला मैत्री स्थान तथा मनोसामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सूरक्षित बाताबरण सुनिश्चित गर्ने ।

छ. बिछोड भएका सबै बालबालिका र खास गरी पाँच वर्षको उमेर भन्दा मुनिका केटाकेटी पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र संरक्षणका सुबिधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग गर्ने बाताबरण सुनिश्चित गर्ने ।

### ४.८.३ संरक्षण समुहले गर्ने मुख्य-मुख्य क्रियाकलापहरु

क. सरोकारवालाहरुसँग समन्वय बैठक, बहस, पैरवी, संचालन गर्ने ।

ख. हिंसा र दुर्व्यवहारबाट महिला, बालबालिका, अपागंता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणको लागि आवश्यक निगरानी, मनोसामाजिक सेवा लेखाजोखा तथा अनुगमन प्रतिवेदन तयारी, सम्प्रेषण गर्ने, पैरवी र समिक्षा गर्ने ।

**तालिका नं .२५**

**विपद्को अवस्थामा आधारित आपतकालिन प्रतिकार्य योजना**

| घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरिने आपतकालीन कार्य | आपतकालीन अवस्था संबोधन गर्न गरिने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संबोधन गर्न अन्तर पहिचान | मुख्य जिम्मेवार निकाय | पूर्वतयारी अनुमानित लागत |
|---|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | स्थानीय स्तरमा रहेका सम्पर्क निकाय/संयन्त्र/ व्यक्तिहरु द्वारा सम्बन्धित सबै मूख्य निकायहरुमा सूचना लिनदिने | विपद् वा जोखिमको सूचना दिन सकिने ब्यक्तिको नाम,थर र सम्पर्क नम्वर फलेक्स ब्यानर बनाई सबैको नजर पर्ने सार्बजनिक स्थलहरुमा टाँसगरी जो सुकैले सूचना दिन सक्ने ब्यबस्था मिलाउने र जिल्ला स्तरका सरोकार वालाहरुलाई सम्पर्क गर्न सहज हुनेगरी सम्पर्क नं.हरु उपलब्ध गराउने ब्यवस्था मिलाउने । | स्थानीय स्तरका सम्पर्क ब्यक्तिहरुलाई अभिमूखीकरण र हातेपर्चा छपाइ निर्माणको लागि श्रोत अभाव हुन सक्ने | सम्बन्धित स्थानीय तहहरुमा रहेका महिला तथा बालवालिका शाखा, | पूर्व सूचना तथा विपद् पूर्व तयारी सम्बन्धी पुर्नताजगी २००००० हाते पर्चा छपाईमा रु |
| १ घण्टा देखि ७ | सूरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग सूचना संकलक/अनुगमनकर्ता र निगरानी कर्ताको उपस्थिती र कार्य गर्ने | जिल्ला विपद् ब्यवस्थापन समितिबाट पहिचान गरिएका सूरक्षित मार्ग, स्थान ,आश्रय स्थल र योजनाको जानकारी दिने । | कर्मचारीहरुलाई सवारी साधन ब्यवस्थापन | कर्मचारीहरुलाई सवारी साधन ब्यवस्थापन | विपद् प्रभावितहरुलाई निर्माण भएका सूरक्षित स्थानहरुमा राख्ने |
| ७ घण्टा देखि २४ घण्टा भित्र | स्थानीय महिला सहकारी संस्थाहरु, गाउँ बाल संरक्षण समितिहरु, निगरानी समूहहरु र बाल क्लबहरु परिचालन गरी सङ्कटाभिमुख समुहहरु पहिचानगरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा आबश्यक सहयोगको लागि सिफारिस र समन्वय गर्ने | द्रुत सर्बेक्षण फाराम विपद् पहिला नै तयार गरी तथा उपलब्ध गराई राख्ने । संभाब्य प्रभावित स्थानहरुमा स्थानीय स्तरमा पहिचान गरिएका बाल संरक्षण समितिहरु, निगरानी समूह, सरोकारवाला निकायहरुलाई तयारी अबस्थामा राख्ने महिला समूहहरुलाई विपद् सम्बन्धी अभिमुखिकरण संचालन गर्ने । | बजेट तथा जनशक्तिको कमी बालबालिका जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरुको लागि उपयुक्त आश्रयस्थलको प्रभावकारी ब्यवस्थापन हुन नसकेको । | पोखरा महानगरपालिका सामाजिक बिकास महाशाखा, अन्नपुर्ण गाउँपालिका माछापुच्छ्रे गाउँपालिका मादी गाउँपालिका रुपा गाउँपालिका सामाजिक विकास शाखा नेपाल रेडक्रस सोसाइटी, | ६००००। (फारमको अभिमूखीकरण) |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ घण्टा देखि ४८ घण्टा भित्र | मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने । | स्थानीय स्तरमै बिभिन्न उपसमितिहरु निर्माण गरी पूर्ब तयारी अबस्थामा राख्ने | यातायात तथा सञ्चार खर्चको अभाव रहन सक्ने । | पोखरा महानगरपालिका सामाजिक बिकास महाशाखा, अन्नपुर्ण गाउँपालिका माछापुच्छ्रे गाउँपालिका मादी गाउँपालिका रुपा गाउँपालिका सामाजिक विकास शाखा नेपाल रेडक्रस सोसाइटी, | १५०००० आवश्यकताको आधारमा । |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | - हिंसा दुब्र्यबहारबाट संरक्षणको लागि नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने ।<br>- मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने ।<br>- हिंसामा परेका महिलाहरु लाई अल्पकालिन आश्रय र आवश्यकता अनुसार कानूनी सहायता प्रदान गर्ने | बिपद्को समयमा अप्रत्याशित सेवा दिनुपने भएको हुँदा आबश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको नाम लिष्ट विवरण संकलन गरिर राख्ने । | | जिल्ला महिला कानूनी सहायता समिति | करिब २००००० (आवश्यकता अनुसार) |
| ७२ घण्टा देखि ७ दिन भित्र | गर्भवती, सुत्केरी, बिरामी, अशक्त, जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरु, अनाथ, असहायहरुलाई सहायताको लागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने । अपांगता सहायक सामाग्री उपलब्ध गराउने | प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलोपालो गरी खटिने स्वयंसेवकको ब्यबस्था अनुमानित सम्भावित संख्यामा अपांगता सम्बन्धि सहायक सामाग्रीहरु खरिद वा प्राप्तगरी स्टोरगरी राख्ने । | सहायता/राहत सामाग्री खरिदको लागि रकमको अभाव रहन सक्ने । | पोखरा महानगरपालिका सामाजिक बिकास महाशाखा, अन्नपुर्ण गाउँपालिकामाछापुच्छ्रे गाउँपालिकामादी गाउँपालिकारुपा गाउँपालिका सामाजिक विकास शाखा, स्वास्थ्य कायार्लय कास्की, जनस्वास्थ्य निर्देशनालय | करिब २ लाख पचासहजार करिब ५० हजार (श्रोतको खोजी ) |
| ७ दिन देखि २ साता भित्र | प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता हिंसा दुर्व्यवहार संरक्षणको लागि नियमित रुपमा टोली परिचालन गर्ने । | | | ७ दिन देखि २ साता भित्र प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता हिंसा दुर्व्यवहार संरक्षणको लागि नियमित रुपमा | ३००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | टोली परिचालन गर्ने । पोखरा महानगरपालिका सामाजिक बिकास महाशाखा, अन्नपुर्ण गाउँपालिका माछापुच्छ्रे गाउँपालिका मादी गाउँपालि | |
| २ साता देखि १ महिना भित्र | बालमैत्री सूरक्षित स्थल निर्माण र उपयोग कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै विशेष प्रकृतिका मुद्दाहरुलाई जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा सिफारिस गर्ने तथा अस्थायी आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने, विपद्वा प्रभावितहरुको अभिलेख राख्ने, नियमित बैठकहरु संचालन गर्ने अनुगमन तथा प्रतिबेदन गर्ने | सहयोगी सरोकारवालाको पहिचानर सचेतनाको लागि आवश्यक पाठ्यक्रम तथा सहजकर्ता र कार्यक्षेत्र निर्धारण गर्ने | विशेष आयमुलक क्रियाकलापमा स्थायी सदस्य बाहेककालाई कार्यक्रम नराख्नि र प्रभाव क्षेत्र भन्दापनि आफ्नो क्षेत्रलाई प्राथमिकता दिने र समन्वयको कमी । | सरोकारवाला सबै निकायहरु प्लान नेपाल, सेभ द चिल्ड्रेन, यूनिसेफ, केएर नेपाल | ४००००० आवश्यकता अनुसार |

## ४.९. विषयगत क्षेत्र : शिक्षा

**तालिका नं .२६ : विषयगत क्षेत्र (शिक्षा) को अगुवा साथै सहयोगी संस्थाको सूची**

| क्रसं. | क्षेत्रगत साझेदारहरका नाम | सम्पक व्यक्ति | टेलिफोन न इमेल ठेगाना |
|---|---|---|---|
| १. | – स्थानीय तहहरुका शिक्षा शाखा/महाशाखाहरु शिक्षा शाखा/महाशाखा प्रमुख<br>– शिक्षा विकास समन्वय इकाई, कास्की<br>– शैक्षिक तालिम केन्द्र<br>– CTEVT र यससग सम्बन्धित संस्थाहरू | वरिष्ठ प्रशिक्षक<br>प्राचार्य | ९८५६०२८६१४<br>०६१५२१०९७ |
| २. | – शिक्षक महासंघ, नेराशिसं, नेशिसं, अनेशिसं, नेशिप | | |
| ३. | प्याप्सन, एनप्याप्सन, हिसान, युनिप्स | दिनेश कुमार श्रेष्ठ, राम वहादुर मोची,<br>रामजी शर्मा, धुव्र शर्मा | ९८५६०३१६४८<br>९८५६०२१२९९ |
| ४. | गैरसरकारी संस्था महासंघ, जिल्ला कार्य समिति | पदमराज पहारी | ९८४६०८६९९९ |
| ५. | विद्यार्थी संघ ,सँगठनहरू | अध्यक्ष, सभापति | |
| ६. | सामुदायिक अध्ययन केन्द्र | अध्यक्षहरू | |
| ७. | शिक्षा विकास केन्द्र | केन्द्र प्रमुख | ९८५६०३१८५१ |
| ८. | चिल्ड्रेन नेपाल | प्रमुख | ९८५६०२४८७९ |
| ९. | सिदार्थ क्लव | प्रमुख | ९८०४१०५९५३ |
| १०. | साथी नेपाल | प्रमुख | ९८४६१४४९३८ |
| ११. | गोनेसा | प्रमुख | ९८५६०२६०४४ |
| १२. | नौलो घुम्ती नेपाल | प्रमुख | ९८५६०२७८७६ |

### ४.९.१ विपद्को अनुमानित अवस्थाः

भू–कम्प, आगजनी र वाढीका कारण विद्यालयमा फर्निचर, पठन पाठन सामाग्री, अभिलेख सामाग्री, प्रयोगशाला सामाग्रीमा आशिंक वा पुर्ण रुपमा क्षती हुन सक्ने ।

क. भू–कम्प, हावाहुरी, आगजनीका कारण शिक्षक तथा विद्यार्थीहरूको ज्यान जोखिममा पर्न सक्ने,
ख. विद्यालयलाई आपतकालिन अवस्थामा आश्रय स्थलको रुपमा प्रयोग गर्दा विद्यालयको वरिपरि महामारी जस्ता समस्याहरु उत्पन्न हुने ।
ग. विद्यार्थीहरुलाई विद्यालय जाँदा आउदाँ र विद्यालय परिसरमा र वाटोमा रहेका रुखहरु ढलेर च्याप्ने र चोटपटक लाग्ने सम्भावना हुने ।
घ. विद्यार्थीहरुलाई विद्यालय जादाँ आउदाँ बस, ट्रक, गाडी, मोटर साईकल आदि बाहनहरुबाट दुर्घटना हुने ।
ङ. शिक्षकहरु स्वयं विपद्बाट प्रभावित भई विद्यालय आउन नसक्ने अवस्था ।
च. विद्यार्थीहरु शिक्षण सिकाइमा अनुपस्थिति, अनुत्तीर्ण हुने, विद्यालय छाड्ने ।
छ. विद्यार्थीहरुमा मनोवैज्ञानिक समस्या सिर्जना हुने ।
ज. बाढीका कारणले विद्यालय जाने बाटोघाटो अवरुद्ध हुने ।
झ. विद्यालयमा खानेपानीका स्रोत प्रदुषित हुदाँ, झाडापखाला, सरुवा रोग ज्वरो आदिले प्रभावित हुने ।

**४.९.३ विषयगत उद्देश्यः**

क. प्राकृतिक विपद्‌बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि र उनीहरूलाई सूरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण तयार गर्ने ।

ख. आपतकालीन परिस्थितिमा पहिलो प्रतिकार्य उपलब्ध गराउने व्यक्तिका रूपमा सरोकारवालाहरूको क्षमता बृद्धि गर्ने ।

ग. बालबालिकाको अध्ययन अध्यापनलाई आपतकालिन अवस्थामा पनि सूरक्षित तरिकाले सुचारु गर्ने ।

घ. बालबालिका, शिक्षक कर्मचारी तथा अविभावकको आपत्कालिन अवस्थामा विपद् जोखिम न्यूनिकरणका लागि क्षमता अभिवृद्धि गर्ने ।

ङ. प्रभावकारी आपत्‌कालीन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका निमित्त क्षेत्रगत कार्यसमूहका सदस्यहरू (Cluster Members) का बीचमा प्रभावकारी समन्वय, अनुगमन तथा सूचनाको आदानप्रदान सुनिश्चित गर्ने ।

च. बिद्यालयको भौतिक सरंचना र अभिलेख सूरक्षित गर्ने ।

छ. विपद्‌बाट भएको भौतिक क्षतीको पुर्नस्थापना तथा पुननिर्माण गर्ने ।

## तालिका नं.२७ : तोकिएको विपदको अवस्थामा आधारित आपतकालिन प्रतिकार्य योजना

### विषयगत क्षेत्र : शिक्षा

| विपद्को घटना पश्चात् | विपदका अवस्थामा गरिने आपतकालीन कार्य | आपत्कालीन अवस्था सम्बोधन गर्न गरिने पूर्वतयारी | पूर्वतयारी कार्य सम्बोधन गर्न अन्तर पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमान ित लागत |
|---|---|---|---|---|---|
| **पहिलो दिन (०–२४ घण्टा)** | - DDMC बैठकमा सहभागी हुने ।<br>- Education Cluster का बैठक बस्ने ।<br>- सूचना संकलन गर्ने ।<br>- घाइते भएका शिक्षक विद्यार्थी तथा अन्य समुदायका व्यक्तिहरूका लागि विद्यालय अस्थायी बसोबासको व्यवस्था मिलाउने ।<br>- तत्कालै प्राथमिक उपचार तथा<br>- अस्पताल वा अन्य स्वास्थ्य केन्द्रसम्म पठाउन व्यवस्था गर्ने । | - सम्पूर्ण क्लष्टर सदस्यहरूका फोन नं. अपडेट गर्ने सर्वेक्षण फारम तयार गर्ने र सबैलाई अभिमुखीकरण गर्ने ।<br>- स्वयमसेवकहरूलाई (शिक्षक, विद्यार्थी तालिम अवस्थामा राख्ने<br>- स्थानीय रुपमा विद्यालयलाई सूचना केन्द्रका रुपमा स्थापना र तालिम प्रदान गर्ने ।<br>- प्रभावित क्षेत्रमा विद्यालयस्तरमा प्राथमिक उपचार सम्बन्धी तालिम तथा प्राथमिक उपचारका सामग्री उपलब्ध गराउन । | - फारमहरू तयारी अवस्थामा राख्ने ।<br>- सरोकारबाला सँग समन्वय गर्ने ।<br>- प्रकोप व्यवस्थापन समिति गठन र कोष व्यवस्थापन | स्थानीय तहहरु शिक्षा शाखा), महाशाखा(, जिल्ला शिक्षा विकास समन्वय इकाई, नेपाल रेडक्रस सोसाइटी, विद्यालय | |
| **दोस्रो दिन (२४–४८ घण्टा)** | - DDMC समन्वय बैठक ।<br>- प्राप्त सूचना विश्लेषण उपलब्ध श्रोतका आधारमा प्रथम चरणका प्रतिकार्यका थालनी स्वयमसेवक शिक्षक-विद्यार्थी परिचालन गर्ने ।<br>- सूचना प्रवाह तथा जनचेतनामूलक सन्देश प्रचार प्रसार गर्ने ।<br>- स्थानीय श्रोतको परिचालन तथा वितरणको व्यवस्था मिलाउने ।<br>- घटनाको वस्तुगत विवरण तयार गर्ने । | - स्थानीय सञ्चार माध्यमहरुबाट जानकारीमुलक सन्देशहरू प्रसारण गर्ने<br>- तथ्याङ्क अभिलेखलाई अध्यावधिक गर्ने र सूचना स्रोत व्यक्तिका व्यवस्था गर्ने ।<br>- प्रभावित विद्यालयहरूका विवरण तयार गर्ने । | विपद व्यवस्थापनमा संलग्न हुन सक्ने विद्यालयहरूका पहिचान र तयारी गर्ने । मा.वि. र उ.मा.वि. मा प्रति विद्यालय १०० जना सम्म अटन गरी उपयुक्त व्यवस्थापन गर्ने । | स्थानीय तहहरु शिक्षा शाखा), महाशाखा(, जिल्ला शिक्षा विकास समन्वय इकाई, नेपाल रेडक्रस सोसाइटी, विद्यालय | |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिलो हप्ता | - MIRA तथ्याङ्क विश्लेषण तथा सरोकारवालाहरूलाई जानकारी दिने ।<br>- वास्तविक क्षतीका आधारमा विपद् व्यवस्थापनका लागि योजना तयार पार्ने ।<br>- सम्भावित स्रोतको परिचालन गर्ने ।<br>- दोस्रो हप्तामा विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप नियमित रुपमा सञ्चालन गर्न विद्यालय खाली गर्न पहल गर्ने । | - सम्भावित निकायहरुसँग समन्वय गर्ने ।<br>- आवश्यक जनशक्ति परिचालन गर्ने ।<br>- सम्भावित विद्यालयहरूमा आपत्कालीन व्यवस्थापनका लागि योजना निर्माण गर्ने गराउने । | | स्थानीय तहहरु शिक्षा शाखा), महाशाखा(, जिल्ला शिक्षा विकास समन्वय इकाई, नेपाल रेडक्रस सोसाइटी, विद्यालय | |
| पहिलो महिना | - DDMC का बैठकमा पुन छलफल गर्ने ।<br>- अनुगमन टोली गठन तथा परिचालन गर्ने ।<br>- सम्बन्धित सरोकारवालाहरू लाइ अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>- प्रतिवेदनले औंल्याएका समस्याहरुको आधारमा सहयोग प्रदान गर्ने । | - अनुगमन समिति गठन गरी स्वयम्सेवकहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>- क्षती हुन सक्न विद्यालयका परिचालन गर्ने ।<br>- गाँउपालिकागत सूरक्षित स्थानको परिचालन गर्ने<br>- अस्थायी सिकाइ केन्द्र निर्माणका लागि तयारी गर्ने । | - सरोकारवालाहरूका कम चासो हुन सक्ने ।<br>- आर्थिक अपर्याप्तता । | स्थानीय तहहरु शिक्षा शाखा, महाशाखाद जिल्ला शिक्षा विकास समन्वय इकाई, नेपाल रेडक्रस सोसाइटी | |
| दोस्रो महिना | - मनोसामाजिक परामर्श मार्फत पूर्व अवस्थामा ल्याउने ।<br>- अस्थायी सिकाइ केन्द्रको निर्माण गरी<br>- पठनपाठन सञ्चालन गर्ने ।<br>- पुन:निर्माण तथा पुनस्थापना गर्ने । | - योजनाहरूका प्राथमिकीकरण गर्ने र सम्बन्धित निकायसँग समन्वय गर्ने । | आर्थिक अपर्याप्तता | स्थानीय तहहरु शिक्षा शाखा, महाशाखा,जिल्ला शिक्षा विकास समन्वय इकाई, नेपाल रेडक्रस सोसाइटी | स्थलगत अध्ययन अनुसार |

## तालिका नं .२८ :तालिका निकायगत श्रोतको आँकलन (Capacity Mapping)

### विषयगत क्षेत्र : शिक्षा

| *क्र.सं.* | संस्थाका नाम | मानवीय श्रोत | भौतिक सामगी | कैफियत |
|---|---|---|---|---|
| १. | पोखरा महानगरपालिकाको शिक्षा विकास महाशाखा | | | |
| २. | अन्नपूर्ण गाँउपालिका शिक्षा विकास शाखा | | | |
| ३. | माछापुच्छ्रे गाँउपालिका शिक्षा विकास शाखा | | | |
| ४. | मादी गाँउपालिका शिक्षा विकास शाखा | | | |
| ५. | रुपा गाँउपालिका शिक्षा विकास शाखा | | | |
| ६. | जिल्ला शिक्षा विकास समन्वय इकाई | ५ जना प्राविधिक | पाठ्यपुस्तक तथा अन्य सन्दभसामग्री | अन्य सहयोगी संघ/संस्थाहरूसँग समन्वय गरी आवश्यक भौतिक सामग्रीको व्यवस्था गर्न समन्वय गर्ने |
| ७. | ११० वटा उच्च माध्यमिक विद्यालय | शिक्षक, विदयार्थी, अभिभावक, वि.व्य.स., शि.अ.सं. पदाधिकारी | | |
| ८. | १६८ वटा माध्यमिक विद्यालय | शिक्षक, विदयार्थी, वि.व्य.सं. पदाधिकारी, शि.अ. संघका पदाधिकारी, सा.अ.के. व्यवस्थापन समिति | कक्षाकोठा, डेक्सबेन्च, खानेपानीको धारा, शौचालय, सूचना प्रविधिका साधन | |
| ९. | ७९ वटा निम्न माध्यमिक विद्यालय | शिक्षक, विदयार्थी, वि.व्य.सं. पदाधिकारी शि.अ. संघका पदाधिकारी, सा.अ.के. व्यवस्थापन समिति, | कक्षाकोठा, डेक्सबेन्च, खानेपानीको धारा, शौचालय, सूचना प्रविधिका साधन | |
| १०. | ३० वटा क्याम्पस | शिक्षक, विद्यार्थी, क्याम्पस व्यवस्थापन समिति | कक्षाकोठा, डेक्सबेन्च, खानेपानीको धारा, शौचालय, सूचना प्रविधिका साधन | |
| ११. | ३१ वटा सामुदायिक अध्ययन केन्द्र | सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन | भवन फर्निचर | |

## तालिका नं. २९ : कार्यान्वयन योजना सहित प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

### विषयगत क्षेत्र : शिक्षा

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यका सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका (बैठक, कार्याशाला, तालिम आदि) | समयावधि |
|---|---|---|---|---|
| १. | आपत्कालिन अवतरण योजना निर्माण (Evacuation Plan) | आपत्कालिन अवतरण योजना निर्माण Evacuation Plan स्थानीय तहहरुका शिक्षा शाखा/महाशाखा र अन्तर्गतका विद्यालयहरु VCAवार्षिक रुपमा | VCA | वार्षिक रुपमा |
| २. | विद्यालयहरूमा भएका भौतिक अवस्थाहरूका पहिचान गर्ने | शिक्षा समन्वय इकाई कास्की स्थानीय तहहरु | प्राविधिक मूल्याङ्कन | १ पटक |
| ३. | क्षमता विकास तालिम तथा जनचेतन अभिवृद्धि गर्ने | स्थानीय तहहरु, रेडक्रस सोसाइटी, जि.स.स. | अभिमुखीकरण, प्रशिक्षण, श्रोतसाधनको व्यवस्था गर्ने | निरन्तर |
| ४. | जनचेतना अभिवृद्धि कार्यक्रम | नेपाल रेडक्रस सोसाइटी, स्थानीय तहहरु | सञ्चार माध्यमहरू, स्वयम्सेवक परिचालन सन्देशमूलक सामग्रीहरूका वितरण, प्रचार प्रसार | विद्यालयमा प्रत्येक वर्षको २ पटक |
| ५. | Education Cluster का बैठक तथा अन्तरक्रिया | जि.स.स. स्थानीय विपद् व्य समिति<br>स्थानीय विपद् व्यवस्थापन समिति | बैठक | प्रत्येक जेठ महिनामा |
| ६. | नमुना कृत्रिम घटना अभ्यास | स्यानिय तहहरुका स्थानीय विपद् व्यवस्थापन समिति र अन्तर्गतका विद्यालयहरु | अभिमुखिकरण प्रशिक्षण | वैशाख, दशैं विदा पछि ( २ पटक) |
| ७. | अनुगमन तथा मूल्याङकन | अनुगमन तथा मूल्याङकन जि.स.स. स्थानीय विपद् व्य. समिति, शि.स.ईसूचना व्यवस्थापन, बैठक, स्थलगत भ्रमण, अनुगमन तथा निरीक्षणनिरन्तर | सूचना व्यवस्थापन, बैठक, स्थलगत भ्रमण, अनुगमन तथा निरीक्षण | निरन्तर |

## ४.१०. विषयगत क्षेत्र : पशु स्वास्थ्य

### तालिका नं .३०

### विषयगत क्षेत्र (पशु स्वास्थ्य) तथा सहयोगी संस्थाहरुको सूची

| क्र.सं | जिल्लाका क्षेत्रगत साझेदारहरुको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | स्थानीय तहहरु | सम्बन्धित महाशाखा प्रमुख/शाखा प्रमुखहरु | |
| २. | नेपाल भेटेरीनरी एसोसिएसन | डा. केदारराज पाण्डे | ९८४६०२०२८२ |

| | | | |
|---|---|---|---|
| ३. | नेल्टा, कास्की | बसन्ती कोइराला | ९८४६०२६५७२ |
| ४. | नेभ्ला कास्की | दिपक रानाभाट | ९८४६०२०८८५ |
| ५. | AHTCS पोखरा | विष्णु गुरुङ | |
| ६. | हिमालयन एनिमल रेष्क्यु ट्रष्ट (HART) | खगेश्वर शर्मा | ९८५१००३५१४, ९८४६५३१०६१ |

### ४.१०.१ विपद्को अवस्था

क. विपद्को समयमा पशुहरूको आवास स्थलहरू भत्कन सक्ने ।
ख. मरेका पशुहरूको उचित व्यवस्थापन नहुने जसका कारण दुर्गन्ध तथा अनेक रोगहरूको सङ्क्रमणमा बृद्धि हुन सक्ने।
ग. पशुहरूलाई उचित आहार तथा आवासको ब्यवस्था नहुन सक्ने ।
घ. घाइते पशुहरूको स्याहार सम्भार तथा उचित औषधोपचार नहुन सक्ने ।

**विपद्को अवस्थामा आधारित विषयगत उद्देश्य**
**समष्टिगत उद्देश्य :**
मृत पशुहरूको उचित व्यवस्थापन तथा घाइते र प्रभावित पशुहरूको औषधोपचारका साथै उचित संरक्षण गरी सम्भावित सङ्क्रमणको खतरा न्यूनीकरण गर्नु ।

**तालिका नं .३१ : विपद्को अवस्थामा गरिने आपतकलीन कार्य**

**विषयगत क्षेत्र : पशु स्वास्थ्य**

| घटना पश्चात्को अवधी | विपद्का अवस्थामा गरिने आपतकालीन कार्य | आपत्कालीन अवस्था गरिने पूर्व तयारी कार्य | पूर्व तयारी कार्य संसोधन गर्न अन्तर पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| **पहिला दिन** | - आपतकालीन पशुका उपचार<br>- मृत पशुको व्यवस्थापन | EmergencyCenter निर्माण | पूर्व तयारी बैठकहरु सञ्चालन गरी प्रभावित क्षेत्रमा सर्वेक्षण गर्ने । | DLSO/NVA/NGO/INGO<br>सम्बन्धित महानगर र गा.पा. का पशु विकास सेवा शाखाहरु/महाशाखाहरु | माग र आवश्यकता अनुसार |
| **दोस्रा दिन** | - आपतकालीन पशुका उपचार<br>- मृत पशुको व्यवस्थापन | Emergency Center निर्माण | | DLSO/NVA/NGO/INGO<br>सम्बन्धित महानगर र गा.पा. का पशु विकास सेवा शाखाहरु/ महाशाखाहरु | |
| **पहिला हप्ता** | - तथ्याङ्क संकलन<br>- पशु क्षती विवरण संकलन<br>- मानव क्षती तथा भौतिक क्षती विवरण | Emergency Center निर्माण | | DLSO/NVA/NGO/INGO<br>सम्बन्धित महानगर र गा.पा. का पशु विकास सेवा शाखाहरु/ महाशाखाहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| | - घर गोठ क्षती विवरण संकलन | | | | |
| **पहिला महिना** | - कार्यक्रम विकास गर्न योजना बनाउन<br>- संघ संस्थाहरुसँग समन्वय गर्ने<br>- कार्ययोजना निर्माण गर्ने | Emergency Center निर्माण | | DLSO/NVA/NGO/INGO<br>सम्बन्धित महानगर र गा.पा. का पशु विकास सेवा शाखाहरु | |

# परिच्छेद ५

# योजना कार्यान्वयन, पुनरावलोकन तथा अभिलेखिकरण

## ५.१. कार्यान्वयन तथा पुनरावलोकन रणनीति

### ५.१.१ .विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको क्रियाशीलता

यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना जिल्लास्तरको विपद् व्यवस्थापनका लागि उपलब्ध भौतिक, मानवीय र आर्थिक श्रोतहरूलाई आंकलन गरी नेपाल सरकारको विपद् जोखिम व्यवस्थापनको रणनीति र उद्धारका न्यूनतम आधारभूत पक्षहरूलाई दृष्टिगत गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन भएको हो । जिल्लाभित्र विपद्सम्बन्धी कुनै घटना घटेको जानकारी हुनासाथ यस योजनामा उल्लेखित बिषयगत समितिहरू तथा सम्पर्क व्यक्तिहरू र सरोकारवालाहरू स्वतः सक्रिय हुने छन् ।

### ५.१.२ .विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ । जिल्लामा कार्यरत मानवीय सहायतामा संलग्न साझेदार निकायहरूले विभिन्न विषयगत क्षेत्रमा आबद्ध रही यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्न सघाउने छन् । साथै गाउँपालिका तथा नगरपालिका र त्यहाँ कार्यरत संघसंस्थाहरूले पनि विषयगत योजनाहरू कार्यान्वयन गर्न निश्चित व्यक्ति/कर्मचारी (Focal Person) खटाउनुका साथै आवश्यकता अनुसार स्वयं सेवक परिचालन गरी आवश्यक सहयोग गर्ने छन् ।

### ५.१.३ .विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक

जिल्ला विपद् व्यवस्थापन समितिले यसका पदाधिकारीहरूमध्येबाट उपयुक्त व्यक्तिहरू छनौट गरी एक कार्यदल बनाई विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना कार्यान्वयनको नियमित अनुगमन, समीक्षा तथा अद्यावधिक समग्र गर्ने छ । योजना पुनरावलोकनका हकमा निम्नानुसार गरिने छ ।

**तालिका नं .३४ : योजना पुनरावलोकन गरिने अवधि**

| योजना पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य काय (बैठक गर्ने वजेट व्यवस्था आदि) | अर्को यजना पुनरावलोकन वा अद्यावधिक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| **वर्षमा १ पटक** | जिल्ला विपद् व्यवस्थापन समिति | बैठकका आयोजना गर्ने, समन्वय,पत्राचार तथा बजेटका व्यवस्था | प्रत्येक वर्षका वैशाख महिनामा |

## ५.२. प्रतिवेदन तथा अभिलेखन

### ५.२.१ .प्रतिवेदन तथा सञ्चार

प्रतिकार्यका लागि गठित विषयगत अगुवाहरूले विपद्सम्बन्धी प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिलाई बुझाउनु पर्ने छ । यस्तो प्रतिवेदन विपद्को अवधिमा सकेसम्म दैनिक रुपमा तयार गर्नु पर्दछ । साथै विपद्को बारेमा स्थलगत अनुगमन टोलीले तयार गरेको प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा प्रस्तुत गर्ने छ । जिल्ला विपद् व्यवस्थापन समिति तथा बिषयगत अगुवाहरूले यस्ता प्रतिवेदन तथा सूचनाहरू मानवीय सहायताका लागि कार्य गर्ने सरोकारवालाहरू, सरकारी निकायहरू, जनप्रतिनिधिहरु दातृ निकाय तथा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनेछन् । विषयगत क्षेत्रहरुले ३/३ महिनामा जिल्ला विपद् व्यवस्थापन समितिलाई आफ्नो क्षेत्रको पूर्वतयारी अवस्थाको बारेमा अद्यावधिक विवरण उपलब्ध गराउनुपर्नेछ ।

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधान बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिले विपद् व्यवस्थापन सम्बन्धी उद्धार तथा राहत कार्यक्रमको प्रगति विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने नियमित पठाउनु पर्नेछ ।

### ५.२.२ .संस्थागत व्यवस्था

विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को प्रावधान बमोजिम विपद् व्यवस्थापनका लागि जिल्ला स्तर र स्थानीय स्तरमा छुट्टा-छुट्टै संस्थागत संरचना तयार भएको छ । प्रतिकार्य योजनाको संस्थागत रुपमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यको संयोजन जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालय र गाउँपालिका तथा महानगरपालिकामा जिल्ला समन्वय समितिको समेत सहयोग लिई सम्बन्धित गाउँपालिका तथा महानगरपालिकाहरूले गर्ने छ ।

अनुसूची १

## कास्की जिल्लामा विभिन्न संस्थाहरूसँग भएका उद्धार सामग्रीहरूको विवरण

**<u>जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका उद्दारमा प्रयोग गरिने सामाग्रीहरुको विवरण ।</u>**

| सि.नं. | सामानको नाम | एकाई | जम्मा परिमाण |
|---|---|---|---|
| १. | सेफ्टी हेलमेट | थान | ७ |
| २. | नाइलन डोरी | रोल | ४ |
| ३. | फायर फायटिङ्ग बुट | जोर | २ |
| ४. | रवर बुट | जोर | १ |
| ५. | लाइफ ज्याकेट | थान | ३० |
| ६. | रवरफर्म/ म्याट्रेस | थान | ५ |
| ७. | त्रिपाल | थान | १७ |
| ८. | स्ट्रेचर | थान | २ |
| ९. | त्रेष्ट व्याग | थान | १७ |
| १०. | स्लिपिङ्ग व्याग | थान | ७ |
| ११. | ग्याँस फायर | थान | ७ |
| १२. | रेनकोट | थान | ८ |
| १३. | गल | थान | २ |
| १४. | गैची | थान | २० |
| १५. | हेडलाइट | थान | ४ |
| १६. | चेन स मेसिन | थान | १ |
| १७. | सर्च लाइट | थान | २ |
| १८. | टेण्ट ठूलो | थान | ७ |
| १९. | एयर मास्क | थान | १० |
| २०. | फायर फाइटिङ्ग हेलमेट | थान | ५ |
| २१. | अक्सिजन ग्याँस वक्स | थान | ७ |
| २२. | आलमुनियम भराङ | थान | १ |
| २३. | सावेल | थान | |
| २४. | फायर ज्याकेट | थान | ३ |
| २५. | घन | थान | १ |

## भगवतीदल गण फूलबारी ब्यारिकमा भएका विपद् व्यवस्थापनका सामाग्रीहरु

| सि.न. | बिवरण | एकाई | जम्मा परिमाण |
|---|---|---|---|
| १. | नाईलन रोप | वटा | ३ |
| २. | गाग्री | वटा | ४ |
| ३. | वाटर प्रुफ ज्याकेट | वटा | ३४ |
| ४. | फायर फईटिङ्ग हेलमेट विथ फेश सिल्ड | वटा | २ |
| ५. | फायर बुठ | वटा | २ |
| ६. | सावेल | वटा | १० |
| ७. | पिक | वटा | १० |
| ८. | मेगाफोन | वटा | १ |
| ९. | सेफ्टी भेष्ट | वटा | २ |
| १०. | हेलमेट | वटा | २७ |
| ११. | फेस मास्कग्यास मास्क/ | वटा | ४ |
| १२. | फायर फाईटिङ्ग | वटा | - |

## सशस्त्र प्रहरी बल नेपाल, कालिका गण मालेपाटन पोखरामा रहेका उद्दार सामाग्रीहरुको विवरण

| सि.न. | बिवरण | एकाई | जम्मा परिमाण |
|---|---|---|---|
| १. | Water Rescue Helmet (Multi Purpose) | वटा | २४ |
| २. | Nylon Rope | वटा | ५ |
| ३. | Water Proof Jacket | वटा | ९० |
| ४. | Fire fighting Helmet with face shield | वटा | ५ |
| ५. | Fire boot | वटा | ४० |
| ६. | Savel | वटा | ५ |
| ७. | Pick | वटा | २२ |
| ८. | Megaphone | वटा | १ |
| ९. | Safety Vest | वटा | ११५ |
| १०. | Safety Helmet | वटा | १९५ |
| ११. | Gas Mask | वटा | ५ |
| १२. | Fire fighting | वटा | - |
| १३. | Inflatable Rescue boat withourt board engine | वटा | १ |
| १४. | Rescue Raft | वटा | १ |
| १५. | Hand Pump | वटा | २ |
| १६. | Paddle | वटा | २५ |
| १७. | Life Jacket | वटा | ९० |
| १८. | Water Gloves | वटा | ५ |
| १९. | Kayak | वटा | २ |
| २०. | Air Compressor | वटा | १ |
| २१. | Deep Water Diving suit | वटा | ५ |
| २२. | Multi utility knife | वटा | २ |

| | | | |
|---|---|---|---|
| २३. | Gal | वटा | ४ |
| २४. | Rescue throw bag | वटा | २० |
| २५. | Steel Tanks (Cylinder) | वटा | ६ |
| २६. | Stretcher | वटा | १० |
| २७. | Water boot | वटा | ४० |

## नेपाल रेडक्रस सोसाईटी कास्की रहेका उद्धार सामाग्रीहरुको विवरण

नेपाल रेडक्रस सोसाइटी प्राथमिक उपचार सामाग्रीहरुको विवरण:

| क.स. | सामाग्रीको नाम | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|
| १। | त्रिकोण पट्टी | १०० थान | कास्की शाखा कार्यालय | |
| २। | रोलर | ५ थान | " | |
| ३। | गजप्याड | १० रोल | " | |
| ४। | कैंची | १० थान | " | |
| ५। | सर्भिकल कलर | ६ थना | " | |
| ६। | काम्रो | ५ सेट | " | |
| ७। | ब्याक बोर्ड | २ थान | " | |
| ८। | एड्हेसिभ टेप | ५ सेट | " | |
| ९। | पञ्जा | २०० थान | " | |
| १०। | मास्क | २०० थान | " | |
| ११। | बेटाडिन | ५ बोटल | " | |
| तालिम प्राप्त जनशक्तिहरुको विवरण: | | | | |
| १। | प्राथमिक उपचार प्रशिक्षक | ६८ जना | " | |
| २। | RDRT | १ जना | " | |
| ३। | बिपद् व्यवस्थापन प्रशिक्षक | ८ जना | " | |
| ४। | NDRT | ८ जना | " | |
| ५। | DDRT | ३७ जना | " | |
| ६। | CADRE स्वयंसेवक | ४८ जना | " | |
| ७। | CADRE प्रशिक्षक | ६ जना | कास्की शाखा कार्यालय | |
| ८। | शेल्टर निर्माण प्रशिक्षक | ४ जना | " | |
| ९। | एम्बुलेन्स | ३ वटा | " | |
| गैरखाद्य सामग्री विवरण: | | | | |
| १। | त्रिपाल | १०० थान | " | |
| २। | कम्बल | २०० थान | " | |
| ३। | भाडा सेट | १०० थान | " | |
| ४। | डोरी | १००० मिटर | " | |
| ५। | साडी | १०० थान | " | |
| ६। | पप्लिन, जिन, प्रिन्ट र टेरीकटन | १,३०० मिटर | " | |
| ७। | बाल्टी ढकनसहित | १०० थान | " | |
| ८। | प्याकेजिङ् बोरा | १०० थना | " | |
| सेल्टर टूल सामग्री विवरण: | | | | |
| १। | गैंची | १० थान | " | |
| २। | बेल्चा | १० थान | " | |

नेपाल रेडक्रस सोसाइटी, कास्की शाखा सियोर कार्यक्रम अन्तरगत वितरण गरिएका पोखरा महानगरपालीका वडा नं. ६, १३ र १८ को वडा कार्यालयमा रहेको खोज तथा उद्धार सामाग्रीहरुको विवरण:

| S.N | Description | Unit | Ward 13 | Ward 6 | Ward 18 | Total |
|---|---|---|---|---|---|---|
| 1 | Shovel (belcha) | PC | 4 | 4 | 4 | 12 |
| 2 | Crowbar | PC | 2 | 2 | 2 | 6 |
| 3 | Safety Goggles | Pair | 24 | 24 | 24 | 72 |
| 4 | Rescue Rope Static Rope(100m) | M | 100 | 100 | 100 | 300 |
| 5 | Sledge Hammer(ghan) | PC | 2 | 2 | 2 | 6 |
| 6 | Safety helmet with chin strap | PC | 24 | 24 | 24 | 72 |
| 7 | Fire Extinguisher(6kg) | PC | 6 | 6 | 6 | 18 |
| 8 | Working Gloves Pair | Pair | 24 | 24 | 24 | 72 |
| 9 | Whistle with rope | PC | 24 | 24 | 24 | 72 |
| 10 | Megaphone ( Mike ) | PC | 2 | 2 | 2 | 6 |
| 11 | Wire Cutter | PC | 2 | 2 | 2 | 6 |
| 12 | Hack Saw frame with blade | PC | 4 | 4 | 4 | 12 |
| 13 | Rain coat | PC | 8 | 8 | 8 | 24 |
| 14 | Safety boots (gum boot) | Pair | 24 | 24 | 24 | 72 |
| 15 | Hammer 5Kg | PC | 2 | 2 | 2 | 6 |
| 16 | Trunk 8 feet*30"*30" | PC | 2 | 2 | 2 | 6 |
| 17 | First aid kit | Set | 3 | 3 | 3 | 9 |
| 18 | Life Jacket | PC | 8 | 22 | 8 | 38 |
| 19 | Hazard Tape/Scene Tape | Pcs | 2 | 2 | 2 | 6 |
| 20 | Strecher | PC | 13 | 3 | 13 | 29 |
| 21 | Tarpaulin | PC | 6 | 6 | 6 | 18 |
| 22 | Axe | PC | 2 | 2 | 2 | 6 |
| 23 | Headlamp | PC | 8 | 8 | 8 | 24 |
| 24 | Siren | PC | 1 | 1 | 1 | 3 |
| 25 | Bucket | PC | 20 | 20 | 20 | 60 |
